# जनप्रतिनिधिको तेस्रो वर्ष



## महालक्ष्मी नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय

ललितपुर

बागमती प्रदेश, नेपाल

# राष्ट्रिय गान

सयौं थुँगा फूलका हामी एउटै माला नेपाली
सार्वभौम भई फैलिएका मेची-महाकाली।
प्रकृतिका कोटीकोटी सम्पदाको आँचल
वीरहरूका रगतले स्वतन्त्र र अटल
ज्ञानभूमि शान्तिभूमि तराई पहाड हिमाल
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल
बहुल जाति भाषा धर्म संस्कृति छन् विशाल
अग्रगामी राष्ट्र हाम्रो जय जय नेपाल।

**संरक्षक**
श्री रामेश्वर श्रेष्ठ, नगर प्रमुख
श्री निर्मला थापा, नगर उपप्रमुख

**सल्लाहकारहरू**
श्री नन्दकुमार न्यौपाने
*वडा नं. १, वडा अध्यक्ष*
श्री राम बहादुर के.सी. सुवेदी
*वडा नं. २, वडा अध्यक्ष*
श्री कुवेर के.सी.
*वडा नं. ३, वडा अध्यक्ष*
श्री लक्ष्मण रोक्का
*वडा नं. ४, वडा अध्यक्ष*
श्री राजकुमार सिल्वाल
*वडा नं. ५, वडा अध्यक्ष*
श्री बासुदेव महर्जन
*वडा नं. ६, वडा अध्यक्ष*
श्री नकुल थापा
*वडा नं. ७, वडा अध्यक्ष*
श्री विश्वराज श्रेष्ठ
*वडा नं. ८, वडा अध्यक्ष*
श्री बासुदेव शर्मा गौतम
*वडा नं. ९, वडा अध्यक्ष*
श्री बलराम लामा
*वडा नं. १०, वडा अध्यक्ष*

**प्रधान सम्पादक**
श्री पुरूषोत्तम सापकोटा
*प्रमुख प्रशासकीय अधिकृत*

**संयोजन/सम्पादन**
शेखर अधिकारी
*न्यूजरूम मिडिया*

**व्यवस्थापन**
श्री सन्तोष पोखरल
*सूचना प्रविधि अधिकृत*
श्री सन्जु मैनाली
*कम्प्युटर अपरेटर*

**डिजाइन/मुद्रण**
रोलवालिङ्ग अफसेट प्रेस

**प्रकाशक** : महालक्ष्मी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इमाडोल ललितपुर
**फोन नम्बर** : ०१-५२०३५९२, ०१-५२०१६३३, ०१-५२०१७३३
**इमेल** : mahalaxmimun@gmail.com,
info@mahalaxmimun.gov.np
**वेबसाइट** : mahalaxmimun.gov.np
**प्रकाशन** : २०७७, श्रावण

**सर्वाधिकार** : महालक्ष्मी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, ललितपुर

# सम्पादकीय

नेपालको संवैधानिक इतिहासमा पहिलोपटक लोकतान्त्रिक संघीय ढाँचामा संघ, प्रदेश र स्थानीय तह गरी राज्यका तीन तहहरु रहने व्यवस्था गरिएको छ । जनतासँग दैनिक सम्पर्क, सम्बन्ध रहने स्थानीय तहलाई संघीय एकाइको रुपमा संवैधानिक व्यवस्था गरिएको पहिलो पटक हो । स्थानीय तहअन्तर्गत गाउँपालिका, नगरपालिका र जिल्लासभा रहने व्यवस्था छ । गाउँपालिका वा नगरपालिकामा संघीय कानुनबमोजिमका निर्वाचित जनप्रतिनिधिमूलक वडाहरु रहने व्यवस्था रहेको छ ।

उपत्यकाको साँस्कृतिक, पर्यटकीय र ऐतिहासिक महत्व बोकेको महालक्ष्मी नगरपालिकामा पनि जनप्रतिनिधि बहाल भएको तीन वर्ष पूरा भएको छ । साविकका ५ गाविसहरू इमाडोल, टिकाथली, सिद्धिपुर, लुभु र लामाटार समेटेर निर्माण भएको महालक्ष्मी नगरपालिकाको संरचनात्मक व्यवस्थापन गर्नमै जनप्रतिनिधिलाई समय खर्च भएको छ ।

कानूनी अभाव, व्यावहारिक अनुभवको अभावमा सुरुका केही समय अलमलमा भए पनि नगरपालिकाको काम कारबाही पछिल्ला वर्षहरूमा व्यवस्थित बनेका छन् । संविधान र संघीयताको मर्मअनुसार जनताको घरदैलोको सरकारले सेवा प्रवाहलाई सहज र सरल बनाउँदै लगेको छ । कार्यपालिकाले प्रस्तुत गरेका बजेट, योजना र कार्यक्रम नगरसभाले पारित गर्ने, कर, दस्तुर र शुल्क उठाउने प्रस्ताव पारित गर्ने, ऋण लिने अचल सम्पत्ति बेचबिखन गर्ने प्रस्ताव पारित गर्ने, बेरुजु फर्स्यौट गर्न कार्यपालिकालाई निर्देशन दिने, कर्मचारीको दरबन्दी, भत्ता सुविधा तथा तलबको प्रस्तावलाई स्वीकृति दिने, प्रशासनिक कार्यको मूल्याङ्कन गर्दै निर्देशन दिने, पेस गरिएको विधेयक पारित गर्ने काम सुरुका दिनमा धेरै जटिल नै थियो । स्थानीय तहमा हुने विवाद समाधान गर्न संविधानले न्यायिक समितिको व्यवस्था गरेको छ, न्यायिक निरुपणको काम पनि चुनौतीपूर्ण नै थियो ।

विगत तीन वर्षको अनुभव र अभ्यासले अब संघीयता कार्यान्वयन गर्न स्थानीय तहहरू पूर्णरूपमा सफल हुँदै गएका छन् । महालक्ष्मी नगरपालिकामा पनि व्यापक जनसहभागिताका आधारमा सेवा प्रवाह, विकास निर्माण र सामाजिक सुरक्षाका कामहरू भएका छन् ।

नगरपालिकाले दैनिक कार्यसञ्चालन मात्रै होइन कतिपय क्षेत्रमा उदाहरणीय र देशकै लागि नमुनायोग्य काम गरेको छ । शिक्षा, सरसफाइ, स्वास्थ्यका क्षेत्रमा नगरपालिकाले सुरु गरेका कामहरू नमुनायोग्य रहेका छन् । अझ कोरोना भाइरस (कोभिड-१९) महामारीमा सुरुवाती सतर्कता, रोकथाम, उपचार र नियन्त्रणमा भएका कामहरू तथा श्रम बैङ्क मार्फत श्रमिक र विपन्न वर्गलाई दिइएको श्रमिकलाई खाद्यान्न योजना पनि देशभर सिकाइको विषय रह्यो ।

अतः जनप्रतिनिधिको नेतृत्वमा भएका कामहरूलाई अभिलेखमा राख्ने एवम् आम नगरवासीमा सूचना प्रवाह गर्न नगरपालिकाले 'जनप्रतिनिधिको तेस्रो वर्ष' पुस्तक प्रकाशन गरेको छ । यस पुस्तकको प्रकाशनमा संरक्षकत्व प्रदान गर्नु हुने आदरणीय नगर प्रमुख, उपप्रमुख, वडाध्यक्ष एवं जनप्रतिनिधिहरू, विज्ञ कर्मचारीहरुमा धन्यवाद ज्ञापन गर्दछु ।



**पुरुषोत्तम सापकोटा**
प्रमुख प्रशासकीय अधिकृत




# विषय सूची


| | |
|---|---|
| १ | महालक्ष्मी नगरपालिकाको संक्षिप्त परिचय |
| ३ | एसियामै पहिलो मानव मलमूत्र फोहर प्रशोधन केन्द्र बनाउँदै महालक्ष्मी |
| ५ | "महालक्ष्मी नगरपालिकाले केही मानक स्थापित गरेको छ" |
| १२ | कोरोनासँग जुध्दै महालक्ष्मी नगर |
| १६ | "न्यायिक समितिमा पुरूष हिंसाका पनि मुद्दा" |
| १८ | वडाध्यक्षको अनुभव/वडा गतिविधि |
| ३५ | स्वास्थ्यमा अबल |
| ३७ | के छ मुद्दाको अवस्था ? |
| ४० | महालक्ष्मी नगरपालिकाका असल अभ्यासहरु |
| ४४ | अनुसूचीहरु |
| ६० | फोटो ग्यालरी |

## तथ्यचित्र

### २०७६ साल श्रावणदेखि २०७७ साल असार मसान्तसम्मको विवरण

- नगरसभाको संख्या २
- कार्यपालिका बैठक २६
- कार्यपालिका बैठकका निर्णय संख्या १३७
- सकारात्मक चिन्तन अभिवृद्धि कार्यक्रम १
- शाखा प्रमुखहरूको बैठक ५
- वडा सचिवहरूको बैठक ५
- नगरपालिकाका कर्मचारीहरूसँग बैठक ३
- अन्य बैठक १०

### महालक्ष्मी नगरपालिकाबाट हालसम्म निर्मित कानुनको अवस्था

- ऐनहरू १७
- कार्यविधिहरू १८
- मापदण्डहरू २
- नियम विनियमहरू २
- निर्देशिकाहरू ३

### भौतिक पूर्वाधार प्रगति

- ग्राबेल निर्माण ३५ किलोमिटर
- सडक कालोपत्रे १२ किलोमिटर
- ढल तथा ड्रेन निर्माण १४ किलोमिटर
- सडक ढलान तथा ब्लक छपाइ ८ किलोमिटर
- पैदल मार्ग र साइक्लिङ मार्ग निर्माण ४ किलोमिटर

# शुभकामना



**कृष्णलाल महर्जन**
*प्रतिनिधि सभा सदस्य*
*ललितपुर क्षेत्र नम्बर २*

महालक्ष्मी नगरपालिकाले "जनप्रतिनिधिको तेस्रो वर्ष" विशेषाङ्क प्रकाशन गर्न लागेकोमा खुसी लागेको छ । जनप्रतिनिधिको नेतृत्वमा रहेको नगरपालिकाले तेस्रो वर्षमा गरेका कामहरूको सङ्गालो प्रकाशन गरेर आफ्ना गतिविधिलाई जनसमक्ष पुऱ्याउने जमर्को गर्नु आफैँमा राम्रो कार्य हो ।

धार्मिक, साँस्कृतिक, ऐतिहासिक महत्व बोकेको महालक्ष्मी नगरपालिकाले विगत तीन वर्षमा गरेको कार्यसम्पादन उच्चकोटीको रहेको मैले महसुस गरेको छु । सडक, खाने पानी, ढल, शिक्षा, स्वास्थ्य, पर्यटन, सार्वजनिक यातायातका क्षेत्रमा प्रसस्त सुधारका काम भएका छन् । कोरोना भाइरस नियन्त्रण, रोकथाम र उपचारका लागि भएका प्रयास देशका अरू स्थानीय तहका लागि पनि सिकाइको विषय रहेको तथ्य छर्लङ्ग छ ।

जनप्रतिनिधिको प्रयासमा नगरपालिकाका कर्मचारीबाट भएको सहयोग र सहकार्यको म मुक्तकण्ठले प्रशंसा गर्न चाहन्छु । संघीयता कार्यान्वयन गर्ने, जनताको घर दैलोको सरकार भनेकै स्थानीय तह हो । आगामी दिनमा पनि म महालक्ष्मी नगरपालिकाका जनताको सुख, समृद्धि र प्रगतिको कामना गर्दछु ।



# शुभकामना



**माधवप्रसाद पौडेल**

*बागमती प्रदेश सभा सदस्य*
*तथा प्रदेश मामिला समिति सभापति*

महालक्ष्मी नगरपालिकाले "जनप्रतिनिधिको तेस्रो वर्ष" विशेषाङ्क प्रकाशन गर्न लागेको खबरले खुसी तुल्याएको छ । वार्षिकरूपमा नगरले गरेका गतिविधिहरूलाई अभिलेखिकरण गर्न नगरपालिकाले गरेको प्रयास स्वागतयोग्य रहेको छ ।

धार्मिक साँस्कृतिक रूपमा महालक्ष्मी नगरपालिका बागमती प्रदेशमै अलग पहिचान स्थापित भएको नगर हो । ऐतिहासिक रूपमा हेर्दा पूरानो लुभु र सिद्धिपुर जस्ता साना सहरहरू नेवार संस्कृतिको नमुनाको रूपमा रहेका छन् । इमाडोलमा रहेको अशोक स्तुपा, लुभुमा रहेको महालक्ष्मीको मन्दिर यस नगरका सम्पदा हुन् ।

हालको वडा नं. ८, लुभुमा रहेको ऐतिहासिक, धार्मिक र सांस्कृतिक महत्व बोकेको महालक्ष्मी मन्दिरको नामबाट यस नगरको नामाकरण गरिएको छ ।

काठमाडौं उपत्यका प्रवेश गर्ने वैकल्पिक मार्गको रूपमा विकास हुँदै गरेको ग्वार्को-लुभु-लामाटार-मानेदोभान-पनौती हुँदै बीपी लोकमार्गको नेपालथोक जोड्ने सडक यस नगरपालिकाको करिब मध्य भाग भएर गएको कारणले पनि यस नगरपालिकाको विकासको अधिक सम्भावना रहेको छ ।

नगरपालिकाले गएको तीन वर्षमा गरेका प्रयासहरू सकारात्मक छन् । आगामी दिनमा पनि जनप्रतिनिधिबाट शिक्षा, विकास, जनचेतनासँगै हर क्षेत्रमा उत्तिकै प्राथमिकताका साथ कार्य हुने अपेक्षा गरेको छु ।



# धन्यवाद ज्ञापन



**रामेश्वर श्रेष्ठ**
*नगर प्रमुख*

गत वर्षजस्तै महालक्ष्मी नगरपालिकाले तपाईंहरूमाझ जनप्रतिनिधिको तेस्रो वर्ष पुस्तक ल्याएको छ ।

महालक्ष्मी नगरपालिकामा हामीहरूलाई जनताले जनमतबाट विश्वास गरी सुम्पिएको कार्य जिम्मेवारी सम्हालेको तेस्रो वर्षमा भएका काम कारबाहीलाई पुस्तकमा उतारिएको छ । आशा छ, पुस्तक पठनीय र संग्रहरणीय हुनेछ । तीन वर्षको अधिकांश अवधि संघीय शासन पद्धतिको संरचनागत र संस्थागत आधार तयार गर्नमा उपयोग भए पनि उल्लेख्य विकास र सामाजिक कार्यहरू भएका छन् । कानुननिर्माण गरेर व्यवस्थित बनाउने काम भएको छ ।

पाँचवटा पालिका मिलेर नगरपालिका बनेकाले पूर्वाधार निर्माण गर्नु हाम्रो पहिलो प्राथमिकता थियो । पाँच वर्षसम्म विनियोजित बजेटको ८० प्रतिशत पूर्वाधार विकासमा खर्च गर्ने निर्णय गरिसकेका छौं । सडक, खानेपानी, ढल निर्माणका साथै शिक्षा, स्वास्थ्य, पर्यटनलाई पनि हामीले प्राथमिकतामा राखेका छौँ ।

तेस्रो वर्षको अन्तिमतिर कोरोना भाइरस महामारीका कारण उत्पन्न परिस्थितिसँग जुध्नुपर्ने अवस्था सिर्जना भयो । जनताको सहभागितामा कोरोनाविरूद्ध लड्न सफल भएका छौं । अझ जनप्रतिनिधिहरू स्वयं असुरक्षित र संक्रमित भएको अवस्थामा पनि जनताको जीवनको सुरक्षा र दैनिकीलाई सहज बनाउन काम गरिएको छ ।

अन्त्यमा पुस्तक प्रकाशनमा सहभागी हुने टिम र नगरपालिकाका कर्मचारीलाई धन्यवादसहित आभार व्यक्त गर्दछु ।

# आभार



**निर्मला थापा**

*नगर उप प्रमुख*

महालक्ष्मी नगरपालिकाले तेस्रो वर्षमा गरेका कार्यहरूको संगालो "जनप्रतिनिधिको तेस्रो वर्ष" पुस्तकमार्फत नगरबासी दाजुभाइ तथा दिदीबहिनीहरूमा शुभकामना व्यक्त गर्दछु ।

निर्वाचित जनप्रतिनिधि आएपछि पहिलो नगर सभाबाट 'स्वच्छ, सफा, समृद्ध, सुन्दर–महालक्ष्मी नगर' को दीर्घकालीन लक्ष्य तय गरेर अगाडि बढेका थियौं । पाँच वर्षे नगर विकास कार्ययोजना तयार गरी कार्यान्वयनमा लगिएको पनि तीन वर्ष पूरा भएको छ ।

नगरपालिकाले विगत तीन वर्षको अवधिमा सीमित स्रोत साधनका बाबजुद पनि भौतिक पूर्वाधार, विकासतर्फ उल्लेख्य प्रगति हाँसिल गरेको छ । शिक्षा, स्वास्थ्य, सरसफाईका क्षेत्रमा नमुना कामहरू भएका छन् ।

लुभु, सिद्धिपुरजस्ता ऐतिहासिक साँस्कृतिक सहर छन् । ती सहरहरूको बारेमा प्रचार प्रसारलाई व्यवस्थित गर्न प्रयासहरू भएका छन् ।

कोभिड–१९ को महामारीका कारण नगरवासीका दैनिक जनजीवन एवम् जनजीविकामा गम्भीर असर पुगेको अवस्थामा पनि नगरपालिकाको नेतृत्वले विकासका कामलाई रोकेन । तेस्रो वर्षमा पूरा हुन नसकेका कामहरू आगामी वर्ष पूरा हुनेछन् भन्ने विश्वास दिलाउन चाहन्छु ।



# महालक्ष्मी नगरपालिका, ललितपुरका निर्वाचित पदाधिकारीहरू



**रामेश्वर श्रेष्ठ**
नगर प्रमुख



**निर्मला थापा**
नगर उप-प्रमुख



**नन्दकुमार न्यौपाने**
वडा अध्यक्ष - १



**सरस्वती लामा**
वडा सदस्य - १
कार्यपालिका सदस्य



**विष्णु तिमिल्सना**
वडा सदस्य



**ज्ञानु खड्का**
महिला वडा सदस्य - १



**प्रमिला परियार**
दलित महिला सदस्य - १



**रामबहादुर के.सी.**
वडा अध्क्ष - २



**नवराज सुवेदी**
वडा सदस्य - २



**कृष्णकुमार के.सी.**
वडा सदस्य - २



**गंगा दाहाल**
महिला सदस्य - २
कार्यपालिका सदस्य



**ज्ञानु सुनुवार**
दलित महिला सदस्य - २



**कुवेर के.सी.**
वडा अध्यक्ष - ३



**हरिबहादुर कार्की**
वडा सदस्य - ३



**सानुकाजी महर्जन**
वडा सदस्य - ३



**सुनिता केसी**
महिला वडा सदस्य - ३



**लक्ष्मी मग्राती**
दलित महिला सदस्य - ३



**लक्ष्मण रोक्का**
वडा अध्यक्ष - ४



**नरदीप घिमिरे**
वडा सदस्य - ४



**अमृत खत्री**
वडा सदस्य - ४



**भक्तिमाया कार्की (थापा)**
महिला वडा सदस्य - ४
कार्यपालिका सदस्य



**संगीता भुसाल**
दलित महिला सदस्य - ४

# महालक्ष्मी नगरपालिका, ललितपुरका निर्वाचित पदाधिकारीहरू



**बलराम लामा**
वडा अध्यक्ष - १०



**आलोककुमार तामाङ**
वडा सदस्य - १०



**छेवाङ तामाङ**
वडा सदस्य - १०



**निशा गुरुङ**
महिला वडा सदस्य - १०



**सरिता सुनार**
दलित महिला सदस्य - १०

## नगरसभाबाट निर्वाचित नगर कार्यपालिकाका सदस्यहरू



**रमेश मिजार**



**कुमार बयलकोटी**



**मिरा पौडेल**



# महालक्ष्मी नगरपालिकाका कर्मचारीहरूको विवरण

| सि.नं. | नामथर | पद | सम्पर्क नं. |
|---|---|---|---|
| १ | श्री पुरूषोत्तम सापकोटा | प्रमुख प्रशासकीय अधिकृत, राज पत्राङ्कित द्वितीय श्रेणी. (उपसचिव) | ९८५१२५००१५ |
| २ | श्री चिरञ्जीवी पौडेल | उपसचिव (प्रा) अधिकृत स्तर नवौं | ९८४१३९८८२५ |
| ३ | श्री राजु बज्राचार्य | इन्जिनियर (आठौं), सिभिल/इरिगेसन | ९८४१८५९७०७ |
| ४ | श्री लव कुमार गुप्ता | इन्जिनियर (आठौं), सिभिल/इरिगेसन | ९८४९५९६६३३ |
| ५ | श्री सुनिता योङहाङ्ग | अधिकृत स्तर आठौं | ९८४१५९३६२८ |
| ६ | श्री बह्मदेव शाह | कृषि विकास अधिकृत (अधिकृत स्तर आठौं) | ९८४८३६८१०६ |
| ७ | श्री सुमित्रा महर्जन | लेखा अधिकृत (अधिकृत स्तर सातौं) | ९८४००१६२२६ |
| ८ | श्री उर्मिला ढकाल | अधिकृत स्तर सातौं | ९८४९७१३६४१ |
| ९ | श्री गोविन्द प्रसाद श्रेष्ठ | परिवार नियोजन अधिकृत (अधिकृत स्तर सातौं) | ९८५७८२१४६६ |
| १० | श्री दिपक भट्टराई | पशु चिकित्सक (अधिकृत स्तर सातौं), कृषि | ९८४१८७४१६६ |
| ११ | श्री पुष्पराज अधिकारी | अधिकृत स्तर छैटौं | ९८५११४८४०६ |
| १२ | श्री विकास महर्जन | अधिकृत स्तर छैटौं | ९८४१६५१८०८ |
| १३ | श्री भरत बोहरा | जनस्वास्थ्य निरीक्षक, (छैटौं तह), स्वास्थ्य | ९८४८५५६१२२ |
| १४ | श्री खम्बा थापा | सि.अ.न.मि (छैटौं तह), स्वास्थ्य | ९८४८२०९३३९ |
| १५ | श्री तारा कुमारी के.सी. | अधिकृत स्तर छैटौं | ९८४९०२८३०७ |
| १६ | श्री मन्जु मानवी पौडेल | अधिकृत स्तर छैटौं | ९८४१७८५०८३ |
| १७ | श्री ईश्वरी पाण्डे | आ.ले.प. अधिकृत छैटौं | ९८४४२८८७६२ |
| १८ | श्री शिवलाल अधिकारी | अधिकृत स्तर छैटौं, (कृषि/भेट), ला.पो.डे.डे | ९८४६०३८७६३ |
| १९ | श्री टंक बहादुर अधिकारी | अधिकृत स्तर छैटौं (कृषि) | ९८४२४२४७४७ |
| २० | श्री गोमादेवी खतिवडा | अधिकृत स्तर छैटौं (कृषि) | ९८४९१९१२६६ |
| २१ | श्री प्रशान्त सिंह थापा | इन्जिनियर (अधिकृत छैटौं), सिभिल | ९८४१६९७८७५ |
| २२ | श्री मनिष सुवेदी | इन्जिनियर (अधिकृत छैटौं), सिभिल | ९८४००९३८६९ |
| २३ | श्री सन्तोष पोखरेल | सूचना प्रविधि अधिकृत (अधिकृत छैटौं) | ९८४१४१४१५७ |
| २४ | श्री अनिष महर्जन | रोजगार संयोजक (अधिकृत छैटौं) | ९८१३७९३५४१ |
| २५ | श्री मधुसुधन आचार्य | ना.प्रा.स. (सहायक स्तर पाँचौ) | ९८४३१९४५४६ |
| २६ | श्री विमला पोखरेल कार्की | सहायक स्तर पाँचौं | ९८४२२६६१५४ |
| २७ | श्री अभिषेक घिमिरे | सहायक स्तर पाँचौं | ९८०४९४६१८० |

| | | | |
|---|---|---|---|
| २८ | श्री संगम चाम्लिङ् | स.म.वि.नि. (सहायक स्तर पाँचौं) | ९८४१९४३४० |
| २९ | श्री गिता श्रेष्ठ | स.म.वि.नि. (सहायक स्तर पाँचौं) | ९८४१७३१२३८ |
| ३० | श्री अस्मिता गुरुँगाई | सव-इन्जिनियर, सहायक स्तर पाँचौ | ९८४३६१३५९० |
| ३१ | श्री सरोज श्रेष्ठ | अ.सव- इन्जिनियर (सहायक स्तर चौथों) | ९८१८००३९४९ |
| ३२ | श्री श्रृजना घिमिरे | सामाजिक परिचालक (सहायक स्तर पांचौं ) | ९८५१०१६४६९ |
| ३३ | श्री वोनस श्रेष्ठ | सव-इन्जिनियर, (सहायक स्तर पाँचौं), सिभिल | ९८४१०६६२५५ |
| ३४ | श्री सोनाली बुढाथोकी | कानुनी सहजकर्ता (सहायक स्तर पाचौं) | ९८६१५५९०६८ |
| ३५ | श्री श्रीधर रिसाल | एम.आई.एस अपरेटर (रा.प. अन. प्रथम) | ९८४९६८८६४७ |
| ३६ | श्री सुरेन्द्र श्रेष्ठ | एम.आई.एस अपरेटर (रा.प. अन. प्रथम) | ९८४९१९१६१४ |
| ३७ | श्री दिलिप राउत | प्राविधिक सहायक (सहायक स्तर पाँचौं) | ९८४९१९४७७७ |
| ३८ | श्री कल्पना कुमारी शाही | अ.सव- इन्जिनियर (सहायक स्तर चौथों) | ९८४१८३३०३८ |
| ३९ | श्री दिपेन्द्र नेमकुल | सहायक स्तर चौथों | ९८५१०००३३१ |
| ४० | श्री उषा बञ्जारा | अमिन, सहायक स्तर चौथों | ९८६११८००३० |
| ४१ | श्री सहदेव के.सी. | फिल्ड सहायक (रा.प. अन. द्धितीय) | ९८६०८४८५२६ |
| ४२ | श्री प्रवेश खत्री | कम्प्युटर अपरेटर (सहायक स्तर चौथों) | ९८४९४१८३८२ |
| ४३ | श्री सन्जु मैनाली | कम्प्युटर अपरेटर (सहायक स्तर चौथों) | ९८६१३४६७६४ |
| ४४ | श्री लालमाया मोक्तान | उद्यम विकास सहजकर्ता | ९८६३८५८७९६ |
| ४५ | श्री निरू महत | उद्यम विकास सहजकर्ता | ९८४१९११४३९ |
| ४६ | श्री विनोद कार्की | हेभी सवारी चालक | ९८४९१९७८८९ |
| ४७ | श्री केशव कुमार कंडेल | हेभी सवारी चालक | ९८६११८००३० |
| ४८ | श्री डिम बहादुर खड्का | हेभी सवारी चालक | ९८४९६८८६५५ |
| ४९ | श्री पूर्ण मगर | हलुका सवारी चालक | ९८४९४९८७०२ |
| ५० | श्री सुर्वण खड्का | हलुका सवारी चालक | ९८६५५४६१७७५ |
| ५१ | श्री नन्दमान महर्जन | हलुका सवारी चालक | ९८१८३७००९६ |
| ५२ | श्री प्रलाद नेपाली मिजार | हलुका सवारी चालक (एम्बुलेन्स) | ९८४९४९५०१४ |
| ५३ | श्री गोमा सापकोटा | कार्यालय सहयोगी | ९८४२२७६७७८ |
| ५४ | श्री सिवी पोखरेल | कार्यालय सहयोगी | ९८१३४१२५४३ |
| ५५ | श्री गोकुल सिजापती | कार्यालय सहयोगी | ९८५१२३४१८३ |
| ५६ | श्री भावना महर्जन | कार्यालय सहयोगी | ९८४०२२७८८६ |
| ५७ | श्री बुद्धी गिरी | कार्यालय सहयोगी | ९८४१७०२५३६ |
| ५८ | श्री विनिता के.सी. | कार्यालय सहयोगी | ९८४१६४७२७६ |

# महालक्ष्मी नगरपालिका, वडा कार्यालयका कर्मचारीहरूको विवरण

| | | | |
|---|---|---|---|
| **वडा नं. १** | | | |
| ५९ | श्री सुदर्शन खत्री | वडा सचिव, (सहायक स्तर पांचौ तह) | ९८४९४०५३६३ |
| ६० | श्री राजु प्रसाद शर्मा | सहायक स्तर चौथों | ९८४१४००९८५ |
| ६१ | श्री प्रशुराम फुंयल | कार्यालय सहयोगी | ९८४९१०३१४५ |
| **वडा नं. २** | | | |
| ६२ | श्री रामचन्द्र पौडेल | वडा सचिव, (सहायक स्तर पाँचौ) | ९८४७६६८५७० |
| ६३ | श्री विष्णु प्रसाद पौडेल | सहायक स्तर चौथों | ९८४९००४०९६ |
| ६४ | श्री आशिष पन्त | सव-इन्जिनियर, सहायक स्तर पाँचौ | ९८४८०४४५७४ |
| ६५ | श्री दिनेश के.सी. | सहायक स्तर चौथों | ९८४८४७६६३० |
| ६६ | श्री गीता थापा | कार्यालय सहयोगी | ९८१८९२८८७८ |
| **वडा नं. ३** | | | |
| ६७ | श्री राजन कुमार आर्चाय | वडा सचिव, (अधिकृत स्तर छैटौं) | ९८४१५९२५०१ |
| ६८ | श्री नारायण ढुंगाना | अ.सव- इन्जिनियर (सहायक स्तर चौथों) | ९८६१२८२८८३ |
| ६९ | श्री गंगा कट्टेल | कम्प्युटर अपरेटर (सहायक स्तर चौथों) | ९८४९२४६०३० |
| ७० | श्री राम कुमारी के.सी. | कार्यालय सहयोगी | ९८१८६०६७९७ |
| **वडा नं. ४** | | | |
| ७१ | श्री मनिषा पहाडी | सहायक स्तर पाँचौ | ९८६२२०८९०६ |
| ७२ | श्री सुमन चर्माकार | सव-इन्जिनियर, (सहायक स्तर पाचौं) | ९८४३७१३३९२ |
| ७३ | श्री सुलोचना नेपाल | सामाजिक परिचालक | ९८४१६४८८४२ |
| ७४ | श्री सरिता विष्ट | कार्यालय सहयोगी | ९८१८४९७०८७ |
| **वडा नं. ५** | | | |
| ७५ | श्री शिव बुढाथोकी | वडा सचिव (सहायक स्तर चौथों) | ९८४१२७७९७६ |
| ७६ | श्री मिलन खडका | अ.सव-इन्जिनियर (सहायक स्तर चौथों) | ९८५१२०६३७५ |
| ७७ | श्री इन्द्रसेना खड्का | सामाजिक परिचालक | ९८४१६१५०२६ |
| ७८ | श्री मदन खड्का | कार्यालय सहयोगी | ९८४१८४२३२४ |
| **वडा नं. ६** | | | |
| ७९ | श्री हितलाल श्रेष्ठ | वडा सचिव (सहलेखापाल), सहायक स्तर चौथों | ९८५१०९२६१२ |
| ८० | श्री योगेशराज न्यौपाने जैसी | सव इन्जिनियर, सहायक स्तर पाँचौ | ९८४८८२५८२४ |
| ८१ | श्री राजु श्रेष्ठ | सहायक स्तर चौथों | ९८५१०७०२३४ |
| ८२ | श्री रामेश्वर पौडेल | टेलिफोन अपरेटर (सहायक स्तर चौथों) | ९८५१०९२८६६ |
| ८३ | श्री रिना महर्जन | सामाजिक परिचालक | ९८४९१२२१४१ |
| ८४ | श्री गंगा बहादुर मर्हजन | कार्यालय सहयोगी | ९८४१८१३५२२ |

| | | | |
|---|---|---|---|
| **वडा नं. ७** | | | |
| ८५ | श्री मुकुन्द भण्डारी | सहायक स्तर पाँचौं | ९८१३७६३१०९ |
| ८६ | श्री निजम कुमार चौधरी | सव-इन्जिनियर (सहायक स्तर पाँचौं ) | ९८०३४१०००९ |
| ८७ | श्री शशिकला सम्वाहाम्फे | म.वि.नि. (सहायक स्तर पाँचौं) | ९८४२११२५७० |
| ८८ | श्री निरोज थापा | कम्प्युटर अपरेटर, (सहायक स्तर चौथों) | ९८४१६५०१३४ |
| ८९ | श्री प्रयाश के.सी. | कार्यालय सहयोगी | ९८६३६९२१३६ |
| **वडा नं. ८** | | | |
| ९० | श्री हिमाल बस्नेत | वडा सचिव (सहायक स्तर पाँचौं) | ९८५१२३९४४१ |
| ९१ | श्री सुवास श्रेष्ठ | सव इन्जिनियर (सहायक स्तर पाँचौं) | ९८४८८४३३०९ |
| ९२ | श्री डिलमाया के.सी. | म.वि.नि. (सहायक स्तर पाँचौं) | ९८६०००४१७६ |
| ९३ | श्री किशोर श्रेष्ठ | सामाजिक परिचालक | ९८४१३५००३८ |
| ९४ | श्री सुमन श्रेष्ठ | कार्यालय सहयोगी | ९८४९२२०७४० |
| **वडा नं. ९** | | | |
| ९५ | श्री नारायण कुमार श्रेष्ठ | वडा सचिव (सहायक स्तर चौथों) | ९७५१०२१८५६ |
| ९६ | श्री कैलाश खड्का | सव-इन्जिनियर (सहायक स्तर पांचौं) | ९८४१६२७५७२ |
| ९७ | श्री निर्मला गौतम | सामाजिक परिचालक | ९८६३३८७७९९ |
| ९८ | श्री श्रीधर पौडेल | कार्यालय सहयोगी | ९८४९३६३४३३ |
| **वडा नं. १०** | | | |
| ९९ | श्री शरद चन्द्र पौडेल | वडा सचिव (सहायक स्तर पाँचौ) | ९८४१३८३०७४ |
| १०० | श्री विकास खड्का | प्रा.स. (सहायक स्तर पाँचौं) | ९८४१७०४४६६ |
| १०१ | सुरेश प्रसाद डंगोल | सव-इन्जिनियर (सहायक स्तर पाँचौं) | ९८८०४१६५३९ |
| १०२ | श्री रेनु कुमारी घले | कार्यालय सहयोगी | ९८४०७३४८६१ |

अपाङ्गता भएका व्यक्तिहरुप्रतिको
नकारात्मक सोच आजैदेखि अन्त्य गरौं ।

महालक्ष्मी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ललितपुर, बागमती प्रदेश, नेपाल



# महालक्ष्मी नगरपालिका

## संक्षिप्त परिचय

### पृष्ठभूमिः

सङ्घीय नेपालको बागमती प्रदेश अन्तर्गत काठमाडौं उपत्यकाका तीन जिल्लाहरूमध्ये ललितपुर जिल्लाको उत्तर पूर्वतर्फ महालक्ष्मी नगरपालिका अवस्थित छ । साविकका ५ गाविसहरू- इमाडोल, टिकाथली, सिद्धिपुर, लुभु र लामाटार समेटेर मिति २०७१ मङ्सिर १६ बाट यो नगरपालिका बनेको हो । ऐतिहासिक रूपमा हेर्दा पूरानो लुभु र सिद्धिपुर जस्ता साना सहरहरु नेवारी संस्कृतिको नमुनाको रूपमा रहेका छन् । त्यसैगरी इमाडोलमा रहेको अशोक स्तुपा र लुभुमा रहेको महालक्ष्मीको मन्दिर यस नगरका सम्पदा हुन् ।

### नामाकरणः

यस महालक्ष्मी नगरपालिकाको हालको वडा नं. ८, लुभुमा रहेको ऐतिहासिक, धार्मिक र सांस्कृतिक महत्व बोकेको महालक्ष्मी मन्दिरको नामबाट यस नगरपालिकाको नामकरण गरिएको छ । जनश्रुतिअनुसार प्राचीन कालमा श्रीपार्वतीले चतुषष्ठि लिङ्ग यात्राका क्रममा गौश्रृङ्ग तीर्थमा स्नान गरी गोभ्राटेश्वर देगः महादेवको दर्शन गरेको, श्रृङ्ग ऋषिले सिस्नेरी गुफामा बसेर तपस्या गर्दा श्रीमहालक्ष्मी र श्रीभैरवको उत्पत्ति गुण्डुमा भई पछि साधना गरेर त्याई देवीस्थानमा स्थापना गरेको र फेरि लुभुको लाछीमा स्थापना गरिएको बताइन्छ । अर्को जनश्रुतिअनुसार घाँसीहरु घाँस काट्न हालको देवीस्थान चौरमा पुग्दा धेरै देवदेवीहरु पङ्क्तिबद्ध रूपमा उभिएर नृत्य गरिरहेको देखेपछि सो दृश्य हेर्न गाउँलेहरूलाई बोलाए तर गाउँले त्यहाँ पुग्दा देवताहरु ढुङ्गाको मूर्तिमा परिणत भएका थिए । त्यसपछि गाउँलेले ती ढुङ्गाका मूर्तिहरूलाई श्रीमहालक्ष्मी र आकाशभैरव गणका रूपमा पूजा गरी आफ्नो इष्टदेवीको रूपमा अर्चना गरेको पाइन्छ । महालक्ष्मी मन्दिर उपत्यकाका नौ वटा शक्तिपीठ मध्येको एक रहेको छ । महालक्ष्मी मन्दिरभित्र नेपाल सम्वत् ८४७ मा राखिएको ताम्रपत्रले यो मल्लकालीन धार्मिक महत्वको स्थल रहेको प्रष्ट पार्छ । महालक्ष्मीलाई ऐश्वर्य र समृद्धिकी देवीका रूपमा मानिन्छ ।

## अवस्थिति (सिमाना):

करिब २६.५ वर्ग किलोमिटर मा पूर्व-पश्चिम लाम्चो आकारमा फैलिएको यो नगरपालिका पूर्वमा काभ्रेपलाञ्चोक जिल्लाको पनौती नगरपालिका, दक्षिण र पश्चिममा ललितपुर महानगरपालिका र गोदावरी नगरपालिका, उत्तरमा भक्तपुर जिल्लाको मध्यपुर ठिमी नगरपालिका र सूर्यविनायक नगरपालिकासँग जोडिएको छ । काठमाण्डौं उपत्यका प्रवेश गर्ने वैकल्पिक मार्गको रूपमा विकास हुँदै गरेको ग्वार्को-लुभु-लामाटार-मानेदोभान-पनौती हुँदै वि.पि. लोकमार्गको नेपालथोक जोड्ने सडक यस नगरपालिकाको करिब मध्यभाग भएर गएको कारणले पनि यस नगरपालिकाको विकासको अधिक सम्भावना रहेको छ ।

## नगरपालिकाको संक्षिप्त परिचय

| | |
|---|---|
| प्रदेश | बागमती |
| जिल्ला | ललितपुर |
| प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं. | २ |
| प्रदेश सभा निर्वाचन क्षेत्र नं. | २ ‘क’ |
| वडा संख्या | १० |
| उचाई | १५७४ मि. |
| कुल जनसंख्या | ६२१७२ (जनगणना २०६८) |
| जनसंख्या वृद्धिदर | प्रति वर्ष ५.७ प्रतिशत |
| जनघनत्व | २३४६ प्रति वर्ग कि. मि. |

रुख रोपौं
वातावरण स्वच्छ राखौं ।

**महालक्ष्मी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
ललितपुर, बागमती प्रदेश, नेपाल

# एसियामै पहिलो मानव मलमुत्र फोहोर प्रशोधन केन्द्र बनाउँदै महालक्ष्मी




महालक्ष्मी नगरपालिकाले वडा नम्बर ९ लामाटारमा दक्षिण एसियामै पहिलो आइएसओ २४५२१ मापदण्डको मानव मलमुत्र फोहोर प्रशोधन र व्यवस्थापन केन्द्र निर्माण गर्ने भएको छ । नगरपालिका र काठमाडौँ उपत्यका खानेपानी व्यवस्थापन बोर्डको संयुक्त पहल र लगानीमा उक्त केन्द्र निर्माण हुन लागेको हो । नगरपालिकाले केन्द्र निर्माणका लागि आवश्यक विनियमसमेत निर्माण गरिसकेको छ ।

फोहोर प्रशोधन र व्यवस्थापन केन्द्र निर्माणका लागि रू. चार करोड १७ लाख रकम लाग्ने अनुमान गरिएको छ । साढे तीन करोड बोर्डको लगानी हुनेछ भने रू ५५ लाख नगरपालिकाले व्यहोर्नुपर्ने छ ।

केन्द्रमा दैनिक तीन ट्रक दिशाजन्य लेदो व्यवस्थापन गर्न मिल्ने गरी निर्माण गर्न लागिएको छ । नगरपालिकामा प्रत्येक वर्ष १० प्रतिशत जनसंख्या बढ्दै गएको आधार मानी सन् २०२१ देखि सन् २०२५ सम्मलाई हुने गरी यस परियोजना अघि बढाउने तयारी भएको छ ।

नेपालमा सस्तो र नयाँ प्रविधि भित्रियो भने यसलाई सञ्चालन गर्न गाह्रो हुने भविष्यको विचार गरी पाँच वर्षसम्म काम दिने खालको प्रशोधन र व्यवस्थापन केन्द्र निर्माण गर्न लागिएको छ । यसअघि आइएसओ मान्यता प्राप्त नपाएको झापामा निर्मित लगभग दैनिक सात ट्रक मलमुत्र भण्डारण गर्न मिल्ने केन्द्र निर्माण भइसकेको छ ।

दिशाजन्य लेदोमा ९० प्रतिशत पानी र १० प्रतिशत

पदार्थ हुने गरेको बताइएको छ । नगरपालिकाका-१ देखि नं ५ सम्म भएका घरबाट निस्कने दिशाजन्य पदार्थको पानी पठाउन ढलको व्यवस्था गरिएको छ । वडा नं ६ देखि १० सम्म पाँच वडामा ढलको व्यवस्थापन नरहँदा यो प्रशोधन केन्द्रले सहयोग गर्ने अपेक्षा गरिएको छ ।

प्रशोधन केन्द्र सामाजिक व्यापारिक नमुनामा बनाउँदा प्रभावकारी हुने नगरपालिका प्रमुख रामेश्वर श्रेष्ठले बताउनुभयो । उहाँले भन्नुभयो, 'हाम्रो नगरपालिकाभित्र असल अभ्यासको शुरूआत भएको हुँदा यो बनाउने निश्चित भएको छ । यसका लागि नगरपालिकाले जमिनमुनि रहेको पानीको एकपटक अनुसन्धान गर्न निकै आवश्यक देखिन्छ ।' गोदावरी खोलाको कोरिडोर बनिसकेपछि यो कामलाई अघि बढाइने उहाँले बताउनुभयो ।

घरेलु फोहरको सुरक्षित व्यवस्थापन गरी जनस्वास्थ्य तथा वातावरणमा पर्न सक्ने जोखिमको न्युनीकरण गर्न यो परियोजनाले निकै उपयोगी हुने नगरपालिकाले विश्वास लिएको छ । परियोजनाले नगरपालिकाभित्र उचित मापदण्ड अनुरूप दिशाजन्य लेदोको सुरक्षित सुलन, भण्डारण, ढुवानी, प्रशोधन र सुरक्षित विसर्जन गर्न सहयोग गर्नेछ । यस परियोजनाभित्र भाडामा रहेका र निजी आवास, व्यावसायिक र औद्योगिक प्रतिष्ठान, सरकारी र संस्थागत संरचना तथा सार्वजनिक शौचालय आदि पर्छन् ।

केन्द्रको निर्माणपछि नगरपालिकाले मानव मलमुत्र फोहर र फोहर पानीलाई खुला रूपमा ढल वा जमिनमा मिसाउन दिने छैन । यसका लागि सिल्ड सेफ्टी ट्याङ्कीको व्यवस्था हुनेछ । हरेक भान्छाबाट निस्कने जैविक वा अजैविक फोहरलाई आवश्यक प्रविधि जडान गरी निहीत चिल्लो र ग्रिजयुक्त पदार्थ मार्फत न्युनीकरण गरेर मात्रै ढल निकास गरिने छ । नयाँ बन्ने संरचनाले नगरपालिकाको नियमभन्दा बाहिर गएर भवन र संरचना बनाउन पाउने छैन ।

सो परियोजनाको पूर्णतापछि यसबाट बायोग्यास र तरकारी उत्पादन व्यवसायमा निकै सहयोग पुग्ने बताइएको छ । यसअघि नगरपालिका-८ लुभुमा निर्मित सानो ढाँचाको हप्तामा दुई ट्रक दिसाजन्य पदार्थ प्रशोधन हुने केन्द्रमार्फत त्यहाँ बायो ग्यास र तरकारी उत्पादन गर्न निकै सहयोग पुगेको नगर प्रमुख श्रेष्ठले जानकारी दिनुभयो ।

सवारी साधन चलाउँदा र बाटो काट्दा ट्राफिक नियम पालना गरौं, आफू पनि जोगिऔं र अरुलाई पनि जोगाऔं ।

**महालक्ष्मी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
ललितपुर, बागमती प्रदेश, नेपाल

# महालक्ष्मी नगरपालिकाले केही मानक स्थापित गरेको छ



**रामेश्वर श्रेष्ठ**
नगर प्रमुख, महालक्ष्मी नगरपालिका

## पृष्ठभूमि

नेपालकै एक सुन्दर महालक्ष्मी नगरपालिकामा हामीहरूलाई जनताले जनमतबाट विश्वास गरी सुम्पिएको कार्य जिम्मेवारी सम्हालेको तीन वर्ष पूरा भएको छ । सङ्घीयता हाम्रा लागि नौलो अभ्यास थियो । मुलुक सङ्घीयतामा गएसँगै सबैभन्दा पहिला राज्यको तीन तहमध्ये स्थानीय तहको निर्वाचन भएको थियो । झण्डै १५ वर्ष जनप्रतिनिधि विहिन स्थानीय तहमा निर्वाचन मार्फत जनताको प्रतिनिधिको उपस्थित आफैंमा महत्वपूर्ण थियो । संविधानले स्थानीय तहलाई जनताको आधारभूत सेवा प्राप्त गर्ने मुख्य संरचनाको रूपमा स्थापित गरेको छ । अर्कोतर्फ स्थानीय तहमा लामो समय अस्वाभाविक रूपमा जनप्रतिनिधिको रिक्तताका कारण जनताको स्थानीय तहप्रति धेरै इच्छा आकाङ्क्षा, आशा र भरोसा रहेका थिए । एकात्मक शासन व्यवस्थाका कमजोरी पूरा गर्नेगरी सङ्घीय इकाइको आधारभूत तहको रूपमा जनतालाई नजिकको सरकारको रूपमा अनुभूति गराउनु हाम्रो चुनौती थियो । यो हाम्रा लागि इतिहासको एउटा महत्वपूर्ण अवसर समेत थियो । नयाँ शासन व्यवस्थामा संविधानले तोकेका जिम्मेवारी पूरा गर्नु र जनताको स्थानीय तह प्रतिको तीव्र आकाङ्क्षा हाम्रा प्रमुख चुनौती थिए । हामी आफैं पनि नयाँ राजनीतिक व्यवस्थामा सिकारू नै थियौं ।

निर्वाचन घोषणापत्रलाई नै आधार मानेर हामीले योजना तर्जुमा गरेका छौं । सविकका पाँचवटा गा.वि.स. मिलेर

नगरपालिका बनेकाले पूर्वाधार निर्माण गर्नु हाम्रो पहिलो प्राथमिकता बन्यो । पहिलो वर्षको नीति तथा कार्यक्रममा जनताको आकाङ्क्षा, विकासको आवश्यक्ता र संवैधानिक जिम्मेवारीलाई मध्यनजर गरी तत्कालीन, मध्यमकालीन र दीर्घकालीन नीति तथा कार्यक्रम तयार गरियो । जनताका आधारभूत समस्याप्रति हामी राम्रोसँग परिचित थियौं तसर्थ त्यस्ता समस्या सम्बोधन गर्ने कार्यमा हाम्रो प्राथमिकता रह्यो । नियमित यातायातको व्यवस्था, आधारभूत स्वास्थ्य सेवा, शैक्षिक गुणस्तर सुधार, ज्येष्ठ नागरिक सम्मान, कृषि तथा पशु विकास, लक्षित वर्ग सशक्तीकरण जस्ता विषय समेत प्राथमिकतामा परे । सडक, ढल, खानेपानी पूर्वाधार विकास मुख्य प्राथमिकता थिए । सीमित स्रोतसाधन, अत्याधिक जनघनत्वमा सेवा प्रदान गर्नुपर्ने अवस्थासँगै पूर्वाधार विकासको आवश्यक्ताको चाङ थियो हाम्रो सामु । असङ्ख्य चुनौती, नयाँ संरचना, कर्मचारीको अभावको बावजुत पहिलो वर्ष र दोस्रो वर्षमा देशमै स्थानीय तहको तर्फबाट पहिलो मानक स्थापित हुने गरी विभिन्न कार्यको सुरुवात गर्न सफल भएका थियौं । यस्ता प्रमुख मानकहरूमा छात्राहरूको लागि स्यानिटरी प्याड वितरण, आधारभूत तह (कक्षा ८) को परीक्षा SEE Model मा सञ्चालन, स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक, Practical Examination and Project Based Teaching Learning Guideline शिक्षा तर्फका नमुना कार्य थिए । त्यसै गरी मानव मलमूत्रीय फोहोर व्यवस्थापन गर्ने अवधारणासहित कानुन तर्जुमा गरी कार्यन्वयन सुरु गरियो । Feacal Sludge TreatmentPlant(ISO-24521) निर्माणको गृहकार्य, उपत्यकामा सिल्ड सेप्टिक टयाङ्की अनिवार्य गर्ने महालक्ष्मी नगरपालिका पहिलो स्थानीय तह बन्यो । नगरसभाले नै पाँच वर्षसम्म विनियोजित बजेटको ८० प्रतिशत पूर्वाधार विकासमा खर्च गर्ने निर्णय गरेका थियौँ । सडक, खानेपानी, ढल निर्माणका साथै शिक्षा, स्वास्थ्य, पर्यटनलाई पनि हामीले प्राथमिकतामा राखेका छौँ ।

त्यसै गरी संसद् सञ्चालनको ढाँचामा नगर सभा सञ्चालनको पहिलो अभ्यास हामीले गर्‍यौँ । हामीले निर्वाचन पछिको दुई वर्षभित्र गरेको कार्य र प्रयत्नहरू, हाम्रा अप्ठ्याराहरू जनप्रतिनिधिको दुई वर्ष पुस्तक मार्फत सार्वजनिक गरिसकेका छौं । हामी जनप्रतिनिधिहरूको तेस्रो वर्ष वास्तवमा काम गर्ने वर्ष थियो । साधनस्रोत, कानुन, जनशक्ति, समन्वय सहकार्यको हिसाबले समेत तेस्रो वर्ष हाम्रो लागि अनुकुल थियो । तेस्रो वर्षका नीति कार्यक्रम, बजेट अझै दुरगामी महत्वका थिए । अनुभवका हिसाबले पनि हामी खारिदै थियौं । संघ, प्रदेश तथा साझेदार संस्था एवं निकायबाट समेत हामीले साथ, सहयोग र साझेदारी जुटाएका थियौं । यस्तो अवस्थामा विश्वलाई नै थला पार्ने गरी मानव सभ्यता विरुद्ध कोभिड-१९ को नाममा एउटा अकल्पनीय सङ्कट आइलाग्यो । यो महामारीबाट हामी पनि प्रभावित भयौं । मुलुकमा करिब ६ महिना कडा लकडाउन हुन पुग्यो । जुन विकास निर्माणको यात्रामा ठूलो अवरोधका रूपमा रह्यो । हाम्रो तेस्रो वर्षका कार्यकालको अधिकांश समय कोभिड-१९ को कारण अपेक्षित रूपमा कार्य गर्न पाइएन । कोभिड-१९ को रोकथाम तथा नियन्त्रणमा साधन स्रोत र समय खर्चनु पर्‍यो । यस बीचपनि हामीले हाम्रो यात्रा रोकेनौँ ।

तेस्रो वर्षमा कोभिड-१९ को महामारीको बाबजुत हामीले विभिन्न कार्यहरू अघि बढायौं । जसमध्ये हामीले गरेका केही कार्यहरू असल अभ्यासका रूपमा समेत स्थापित भएका छन् । यो वर्ष हामीले श्रम बैङ्क सञ्चालनको पहिलो अभ्यास गर्‍यौं । यस अन्तर्गत श्रम बैङ्क सञ्चालन कार्यविधि निर्माण, श्रमिक अभिलेख

जस्ता कार्य गरियो । श्रम बैङ्कलाई प्रधानमन्त्री रोजगार कार्यक्रम, गरिबी निवारणका लागि लघु उद्यम कार्यक्रम र नगर प्रमुख युवा उद्यमशीलता विकास कार्यक्रमसँग आबद्ध गरियो । हाल ५७५ जना श्रम बैङ्कमा आबद्ध रहेका छन् । कोभिड-१९ बाट प्रभावित अदक्ष, असङ्गठित क्षेत्रका मजदुर हरूलाई श्रमिकका लागि खाद्यान्न कार्यक्रम अन्तर्गत प्रति व्यक्ति प्रति दिन १५ किलो चामल उपलब्ध गराउने गरी स्थानीय टोलमा नै काम उपलब्ध गराइयो । यसबाट ९३० व्यक्ति लाभान्वित भएका छन् ।

नगर प्रमुख युवा उद्यमशीलता विकास कार्यक्रम अर्न्तगत ५० लाखको उद्यमशीलता विकास कोष स्थापना गरिएको छ । उद्यमशीलता विकास कोषबाट बीउ पुँजी, प्रविधि हस्तान्तरण, बजारीकरण र सीप विकास तालिममा सहयोग गर्ने कार्यक्रम छ ।

सिंहदरबारको अधिकार घर-घरमा पुऱ्याउन संविधानले नै अधिकार प्रत्यायोजित गरेको छ । तीनै तहको सरकार सहकार्य, सहअस्तित्व र समन्वयको सिद्धान्तमा सञ्चालन हुने संविधानले परिकल्पना गरेको छ । त्यस आधारमा स्थानीय, प्रदेश र संघीय सरकारलाई

## शिक्षामा सृजनात्मक अभ्यास




शिक्षा क्षेत्रमा महालक्ष्मी नगरपालिकाले सृजनात्मक अभ्यास र प्रयोगहरू गरिसकेको छ । संघीय सरकारले राष्ट्रिय कार्यक्रम नबनाउँदै छात्राहरूलाई निःशुल्क स्यानिटरी प्याड वितरण गरिएको छ । यसैगरी परियोजनामा आधारित व्यावहारिक शिक्षण सिकाइ पद्धतिको सुरूवात, शिक्षालाई संस्कृति र प्रकृतिसँग जोड्ने स्थानीय पाठ्यक्रम लागू, प्राविधिक शिक्षाको विस्तार, नगरभित्रका संस्थागत विद्यालयमा अनिवार्य रूपमा १० प्रतिशत छात्रवृत्ति, नगर क्षेत्र भित्रका गरिब, दलित र जेहेन्दार विद्यार्थीहरूलाई प्राविधिक शिक्षा अध्ययनका लागि छात्रवृत्तिजस्ता कामहरू गरिएको छ । आधारभूत तह (कक्षा ८) को परीक्षामा केन्द्रीकृत परीक्षा प्रणाली अवलम्बन गरिएको छ । शिक्षकहरूको तलब मासिक रूपमा भुक्तानी हुने व्यवस्था गरिएको छ । यस नगरपालिकाको प्रयासमा CTEVT को आङ्गिक बहुप्राविधिक शिक्षालय स्थापनाको लागि स्वीकृतिको अन्तिम चरणमा रहेको छ ।

अधिकार तोकिएको छ । संविधानले तोकेअनुसार आफ्नो कानुन बनाएर जनतालाई सिंहदरबारको अधिकार जनताको घरमा पुऱ्याउने प्रयत्न भइरहेको छ । अहिलेको अवस्थामा संघ र प्रदेश सरकारबाट सबै कानुन निर्माण भईसकेको छैन । स्थानीय सरकारले कानुन निर्माण गर्दा संघ र प्रदेश सरकारसँग नबाझिने गरी निर्माण गर्नुपर्ने संवैधानिक प्रावधान छ । त्यसले स्थानीय सरकारले पनि स्थानीय कानुन (एकल अधिकार) निर्माण सम्पन्न गरिनसकेको अवस्था छ । त्यसैले जनताले केही गुनासो गरेका हुन् । सिंहदरबारको अधिकार पक्कै पनि घरघरमा पुगेको

छ । उदाहरणका लागि अहिले प्रत्येक वडाबाटै नागरिकता, घर जग्गा सिफारिस लगायतका काम हुन्छ ।

शासन प्रक्रियामा भुइँ तहका नागरिकहरूको पहुँच, प्रतिनिधित्व, सहभागिता र अपनत्व सिर्जना गरी शासन र विकास पद्धतिलाई दिगो, मितव्ययी र नागरिकमैत्री बनाई आधारभूत तहबाटै शासन सञ्चालन गर्ने संघीयताको मूल मर्म रहेको छ । स्थानीय प्राथमिकता र आवश्यकता सम्बोधन हुने गरी नीति, कानुन र योजना निर्माण, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन समेत स्थानीय स्तरबाटै हुने भएकाले विगत तीन वर्षको अवधिमा सोहीबमोजिम नागरिकले अनुभूत गर्ने गरी आधारभूत कामहरूको प्रारम्भ भएको छ ।

नगरपालिकाले तीन वर्षको अवधिमा विभिन्न क्षेत्रमा देशकै अग्रणी मानक स्थापित गरेको छ । ललितपुरस्थित महालक्ष्मी नगरपालिका-९ लामाटारमा दक्षिण एसियामै पहिलो आइएसओ २४५२१ मान्यता प्राप्त मानव मलमुत्र फोहोर प्रशोधन र व्यवस्थापन केन्द्र बनाउने काम सुरू भएको छ । त्यसका लागि आवश्यक कानुन निर्माण गरिसकेका छौं । शिक्षाका क्षेत्रमा भएको सृजनात्मक प्रयोग र स्वास्थ्य क्षेत्रका क्रियाकलाप मुलुककै लागि नमुना हुने अनुमान गरेका छौं । नगरपालिकाको अनुरोधमा अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिबाट गोदावरी करिडोर र कर्मनाशा करिडोरको निर्माणसहित धार्मिक नदी सभ्यता संरक्षण परियोजनाको डि.पि.आर. तयार गर्ने कार्य भएको छ ।

## परिकल्पनाको नगर

निर्वाचित जनप्रतिनिधि आएपछि पहिलो नगर सभाबाट 'स्वच्छ, सफा, समृद्ध, सुन्दर– महालक्ष्मी नगर' को दीर्घकालीन लक्ष्य तय गरेको थियो । कार्ययोजनाले तय गरेका लक्ष्य प्राप्तिका लागि आर्थिक, सामाजिक, सांस्कृतिक, भौतिक विकासका पूर्वाधारहरू तयार गरेका छौं । स्रोत साधन, भौतिक पूर्वाधार, दक्ष जनशक्ति, लगायतका सीमितताका बाबजुत पनि हामी लक्ष्योन्मुख रहेका छौं ।

## भौतिक विकासको प्रगति

नगरपालिकाले विगत तीन वर्षको अवधिमा सीमित स्रोत साधनका बाबजुत पनि भौतिक पूर्वाधार विकासतर्फ उल्लेख्य प्रगति हासिल गरेको छ । भौतिक पूर्वाधारतर्फ नगरपालिका, संघ, प्रदेश र निर्वाचन क्षेत्र विकास कार्यक्रम समेतबाट हालसम्म करिब ३५ कि.मि. सडक ग्राभेल तथा टेवा पर्खाल लगाई स्तरोन्नति गरिएको छ । यसैगरी १२ कि.मि. सडक कालोपत्रे, १४ कि.मि. सडकमा ढल तथा ड्रेन निर्माण, ८ कि.मि. सडक ढलान तथा ब्लक छाप्ने काम सम्पन्न भएको छ । त्यसै गरी वडा नं ९ र १० मा करिब ४ कि.मी. पैदल मार्ग र साइक्लिङ मार्ग निर्माण भएको छ ।

प्रदेश तथा सङ्घीय सरकारसँगको सहलगानीमा राधाकृष्णमार्ग – सुन्दरमार्ग, कृष्ण मन्दिर–गोदावरी खोला सडक, लुभु गोदावरी खोला–माथिल्लो चौतारा सडक निर्माण कार्य सञ्चालनमा रहेको छ । सिद्धिपुर स्कुलचोकदेखि विष्णुडोल शंखादेवी सडकको स्तरोन्नति एवम् कालोपत्रे गर्ने कार्य सुरू भएको छ । आगामी वर्षहरूमा पनि प्रदेश तथा संघीय सरकारसँगको सहलगानीमा ठूला तथा नगरको समृद्धिसँग जोडिएका योजनाहरूलाई निरन्तरता दिइनेछ । नगरको समृद्धिसँग प्रत्यक्ष रूपमा जोडिएको कृष्ण मन्दिर–गोदावरी खोला सडक खण्ड विस्तारको काम सुरू गरिएको छ ।

## खानेपानी आयोजना धमाधम

महालक्ष्मी नगरपालिकामा मूल समस्याको रूपमा रहेको

खानेपानीको समस्या हल गर्न तीव्र काम हुँदै आएको छ । नगरको खानेपानी समस्याको समाधानको निम्ति वडा नं. १ को खानेपानी टयाङ्की, सीतापाखा खानेपानी टयाङ्की तथा डिप वोरिङ, बोजे खानेपानी आयोजना, भोजेपोखरी खानेपानी टयाङ्की निर्माण, आरूवोट – ज्यागटा खानेपानी योजना, सशम्भु ठूलाघर खानेपानी आयोजना, वडा नं. १० लिफ्टिङ प्रविधि सहितको खानेपानी आयोजना निर्माण कार्य अन्तिम चरणमा रहेका छन् । खानेपानीको स्रोत व्यवस्थापन गर्नका लागि नगरपालिकाभित्र रहेका विभिन्न १६ स्थानमा भूमिगत पानीको स्रोत सम्भाव्यता अध्ययन गर्ने कार्य काठमाडौं उपत्यका खानेपानी बोर्डसँगको समन्वयमा सम्पन्न भएको छ । त्यसैगरी मकवानपुर जिल्लाको कोगटे र सिस्नेरी खोलाको पानी ल्याउन आयोजनाको सम्भाव्यता अध्ययन गर्न प्राविधिक कार्यदल गठन गरी कार्य अघि बढाइएको छ ।

त्यसैगरी वडा न. १ देखि ४ सम्म मेलम्ची खानेपानी आयोजनाको पाइप लाइन विस्तार कार्यको सर्भे तथा डिपिआर निर्माण कार्य सम्पन्न भइसकेको छ । वडा नं ५ मा समेत पाइप लाइन विस्तारको सर्भे तथा डि.पि.आर. तयारी कार्य सुरू भएको छ ।

## पर्यटन पूर्वाधारमा अगाडि

महालक्ष्मी नगरपालिकाको वडा नम्बर ९ र १० पर्यावरणीय पर्यटनमा सम्भावनायुक्त रहेको छ । हाम्रो नगरमा लुभु, सिद्धिपुरजस्ता ऐतिहासिक, साँस्कृतिक सहर छन् । प्रचारप्रसारलाई व्यवस्थित गर्न सके आन्तरिक र बाह्य पर्यटक भित्र्याउन कुनै समस्या छैन ।

नगरको आर्थिक विकास तथा पर्यटकीय पूर्वाधारहरू विकास गर्ने उद्देश्यले मनमोहन पार्क तथा भ्यु टावर निर्माण, लाँकुरीभञ्ज्याङ खेल मैदान निर्माण, भैरवस्थान पार्क निर्माणको डि.पि.आर तयार गरी विभिन्न निकायहरूमा योजना कार्यान्वयनका लागि बजेट माग गरिएको छ । त्यसैगरी गणेशमान पार्क निर्माणको लागि समेत बजेट माग गरी पठाइएको छ ।

## सहज हुँदै सार्वजनिक यातायात

तीन वर्षको अवधिमा नगरपालिका क्षेत्रभित्र सार्वजनिक यातायात सुविधामा उल्लेख्य प्रगति भएको छ । नगरपालिकाको सबै क्षेत्रमा सार्वजनिक यातायातको पहुँच पुऱ्याइएको छ । साझा यातायातसँगको लगानी साझेदारीमा रत्नपार्कदेखि ढुङ्गिनसम्म नियमित एवम् सुलभ सार्वजनिक यातायात सेवा उपलब्ध गराइएको छ ।

## स्वास्थ्य अधिकारमा सचेतता

स्वास्थ्य सेवामा पनि नगरपालिकाले विगत तीन वर्षको अवधिमा उल्लेखनीय प्रगति हासिल गरेको छ । लुभु प्रथमिक स्वास्थ्य केन्द्रलाई १५ शैय्याको अस्पतालमा स्तरोन्नतिका लागि पहल गरिएको छ । उक्त केन्द्रबाट विशेषज्ञ सेवासहित गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउन



रेडेन्ट वार्मर, इ. सि. जी. लगायत अन्य स्वास्थ्य उपकरणहरू थप गरिएको छ । बर्थिङ सेन्टर प्रभावकारी रूपमा सञ्चालन गरिएको छ । नि:शुल्क औषधि वितरण तथा मेडिकल सेवालाई थप गुणस्तरीय बनाइएको छ । नगर क्षेत्रभित्रका ९४ प्रतिशत बालबालिकामा खोप सेवा पुऱ्याइएको छ । त्यसैगरी किष्ट मेडिकल कलेजसँग सम्झौता गरी नगरवासीहरूलाई स्वास्थ सेवामा १५ प्रतिशत छुटको व्यवस्था मिलाइएको छ भने किष्टसँगको साझेदारीमै कोभिड १९ को सङ्क्रमण नियन्त्रण तथा रोकथामका लागि ६० बेडको आइसोलेसन वार्ड निर्माण, २२ बेडको आइसियुको व्यवस्था गरिएको छ ।

नगरभित्र स्वास्थ्य सामग्री अभाव हुन दिइएको छैन साथै कोभिड- १९ सङ्क्रमणको शङ्कास्पद एवम् अन्य बिरामीहरूलाई ४ वटा एम्बुलेन्सबाट नि:शुल्क एम्बुलेन्स सेवा प्रदान गर्ने व्यवस्था मिलाइएको छ । यस अवधिमा नगरपालिकाबाट सञ्चालित एम्बुलेन्सबाट करिब ५७० जनाले नि:शुल्क एम्बुलेन्स सेवा प्राप्त गरेका छन् ।

विगत तीन वर्षको अवधिमा १२ वटा ऐन, ३ वटा नियमावली, १९ वटा कार्यविधि, ३ वटा निर्देशिका र २ वटा नियम गरी जम्मा ३९ वटा कानुन निर्माण गरी कार्यान्वयनमा ल्याइएका छन् ।

## कोरोना कहरसँग जुध्दा

कोभिड–१९ को महामारीका कारण नगरवासीका दैनिक जनजीवन एवम् जनजीविकामा गम्भीर असर पुग्यो । विकासका कामहरूले उचाइ लिइरहँदा फागुन पहिलो सातादेखि नै कोरोनाविरूद्ध लड्न स्रोत, साधन र समय दिनुपर्ने अवस्था रहयो । गत आर्थिक वर्षका विकास निर्माणका कार्यमा ठूलो अवरोध पुगेको छ । विकास निर्माणका लागि विनियोजित रकम कोरोना रोकथाम तथा नियन्त्रणका लागि खर्च गर्नु परेको छ । योजना कार्यन्वयनको मुख्य समयमा भएको लकडाउनका कारण हरसम्भव प्रयासका बाबजुद पनि विकास निर्माणका कार्यहरू अपेक्षित रूपमा अगाडि बढाउन सकिएन ।

मेरो विगतको पृष्ठभूमि स्वास्थ्यसँग पनि जोडिएकाले रोग र महामारीविरूद्ध लड्न व्यवस्थित पूर्वतयारी आवश्यक हुन्छ भन्ने बुझाइ छ । सुरूमै हामीले "Unite to Fight Against Corona Virus COVID-19" को नारा सहित कोभिड–१९ को महामारी रोकथाम तथा नियन्त्रणका सबै पक्षहरूमा नगरपालिकाले समयमै उच्च सतर्कताका साथ नीति, कानुन र निर्णयहरू गरी पर्याप्त तयारीका साथ विभिन्न सहयोगी संस्थाहरू तथा दाताहरूको समन्वय र साझेदारीमा सतर्कतापूर्वक सघन अभियान सञ्चालन गऱ्यौं । समयमै Contact Tracing Team को गठन गरी नगरभित्र विदेश तथा उपत्यका बाहिरबाट आएका तथा जोखिममा रहेर सेवा प्रदान गरिरहेका व्यवसायीहरू, कर्मचारीहरू, प्रहरीहरू, स्वास्थ्यकर्मीहरू र जनप्रतिनिधिहरू गरी ५ चरणमा करिब १३ सय जनाको कोरोना परीक्षण गरिएको छ । सङ्क्रमण रोकथाम तथा नियन्त्रणका लागि आवश्यक औषधी, उपकरण, सुरक्षाका सामग्री तथा राहतसमेत समयमै प्रभावकारी ढङ्गले वितरण गरिएको छ ।



कोभिड सङ्क्रमणको जोखिममा रहेका व्यक्तिहरूलाई सुरक्षित रूपमा राखी सङ्क्रमण विस्तार हुन नदिन वडा नं ५, ६, ७ र १० मा ७५ बेडको सुरक्षित आवास गृह/क्वारेन्टिन स्थापना गरिएको छ । आवश्यकताको आधारमा अन्य वडाहरूमा समेत सुरक्षित आवास गृह/क्वारेन्टिन स्थापना गर्ने कार्यक्रम रहेको छ ।

### श्रम बैङ्क: देशले नै नमुना मानेको हाम्रो अभियान

२०७६ साल चैत ११ गतेदेखि सरकारले लकडाउन घोषणा गरेलगत्तै दैनिक ज्यालादारी मजदुरलाई आकस्मिक असर पऱ्यो । श्रमिकका परिवारजन भोकै रहनुपर्ने अवस्था आयो । महालक्ष्मी नगरपालिकाले पनि आफ्नो स्रोतसँगै दाताहरूको सहयोगमा राहत वितरण गऱ्यो । तर महामारी लम्बिँदै जाँदा राहत वितरणलाई निरन्तरता दिन सम्भव भएन । अझ हुनेखाने व्यक्ति र परिवारबाट पनि राहतका लागि दबाब बढ्न थाल्यो । नगरपालिकाले वास्तविक श्रमिकलाई मात्रै राहत अभियानमा सहभागी गराउन श्रम बैङ्कको अवधारणा ल्यायो । जुन देशकै लागि नमुनायोग्य र उदाहरणीय कार्य भयो । अरू स्थानीय तहले पनि त्यही अवधारणामा काम गरेका छन् । श्रम बैङ्कमार्फत राहतलाई कामसँग जोडेर प्रभावकारी ढङ्गले कार्यान्वयन गरियो । यस महामारीको अवधिमा नगर क्षेत्रमा कसैलाई भोकै बस्न नपर्ने व्यवस्था मिलाइएको छ । श्रम बैङ्कमार्फत रोजगारमा आधारित राहत दिन थालिएपछि अनावश्यक राहतको दबाबबाट मुक्त हुने अवस्था आयो ।

### सेवा प्रवाह प्रभावकारिताको अभिवृद्धिमा प्राथमिकता

विकास निर्माण सहित कार्यालयको व्यवस्थापन सुधारमा समेत हामीले ध्यान दिएका छौँ । उपभोक्ताको सहजताका लागि सहभागितामूलक योजना सञ्चालन किताब, योजना सम्झौता र भुक्तानीमा स्वचालित प्रक्रिया, हेल्प डेस्कको व्यवस्था, सेवाग्राही प्रतीक्षा कक्ष, free wifi, खानेपानी, डिजिटल नगारिक वडापत्र (श्रव्यदृश्यसहित) को व्यवस्था गरिएको छ । सेवाग्राहीको गुनासो तत्काल सुनुवाई गरिने व्यवस्था गरिएको छ ।

### अन्त्यमा,

कोभिड सङ्क्रमण रोकथाम तथा नियन्त्रणको कार्यमा सहयोग पुऱ्याउनु हुने सम्बन्धित सबैमा हार्दिक धन्यवाद व्यक्त गर्दछु । यस महामारीको प्रभावलाई पूर्ण रूपमा परास्त गर्नका लागि सबैको निरन्तर साथ सहयोग र साझेदारीको अपेक्षा गर्दछु । प्रतिकूल अवस्थाका बाबजुद पनि विधि र पद्धति निर्माण, कर्मचारीहरूको दक्षता, क्षमता र सोचमा रूपान्तरण तथा जनप्रतिनिधिहरूको क्षमता अभिवृद्धिका लागि अनुभव र अध्ययन गर्दै, सिक्दै अगाडि बढिरहेका छौं ।

सुरक्षित मातृत्व, सुरक्षित आधार

महालक्ष्मी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ललितपुर, बागमती प्रदेश, नेपाल

# कोरोनासँग जुध्दै महालक्ष्मी नगर



कोभिड–१९ को महामारीका कारण नगरवासीका दैनिक जनजीवन एवम् जनजीविकामा गम्भीर असर पुग्यो । विकासका कामहरूले उचाइ लिइरहँदा फागुन पहिलो सातादेखि नै कोरोनाविरूद्ध लड्न स्रोत, साधन र समय दिनुपर्ने अवस्था रह्यो । गत आर्थिक वर्षका विकास निर्माणका कार्यमा ठूलो अवरोध पुगेको छ ।

विकास निर्माणका लागि विनियोजित रकम कोरोना रोकथाम तथा नियन्त्रणका लागि खर्च गर्नु परेको छ । योजना कार्यन्वयनको मुख्य समयमा भएको लकडाउनका कारण हरसम्भव प्रयासका बाबजुद पनि विकास निर्माणका कार्यहरू अगाडि बढाउन सकिएन ।

मेरो विगतको पृष्ठभूमि स्वास्थ्यसँग पनि जोडिएकाले रोग र महामारीविरूद्ध लड्न व्यवस्थित पूर्वतयारी आवश्यक हुन्छ भन्ने बुझाइ छ । सुरूमै हामीले "Unite to Fight Against Corona Virus COVID-19" को नारा सहित कोभिड–१९ को महामारी रोकथाम तथा नियन्त्रणका सबै पक्षहरूमा नगरपालिकाले समयमै उच्च सतर्कताका साथ नीति, कानुन र निर्णयहरू गरी पर्याप्त तयारीका साथ विभिन्न सहयोगी संस्थाहरू तथा दाताहरूको समन्वय र साझेदारीमा सतर्कतापूर्वक सघन अभियान सञ्चालन गर्‍यौं । समयमै Contract Tracing Team को गठन गरी नगरभित्र विदेश तथा उपत्यका बाहिरबाट आएका तथा जोखिममा रहेर सेवा प्रदान गरिरहेका व्यवसायीहरू, कर्मचारीहरू, प्रहरीहरू, स्वास्थ्यकर्मीहरू र जनप्रतिनिधिहरूको ५ चरणमा करिब १३ सय जनाको कोरोना परीक्षण गरिएको छ । सङ्क्रमण रोकथाम तथा नियन्त्रणका लागि आवश्यक औषधी, उपकरण, सुरक्षाका सामग्री तथा राहतसमेत समयमै प्रभावकारी ढङ्गले वितरण गरिएको छ ।

कोभिड सङ्क्रमणको जोखिममा रहेका व्यक्तिहरूलाई सुरक्षित रूपमा राखी सङ्क्रमण विस्तार हुन नदिन वडा नं ५, ६ र ७ मा सुरक्षित आवास गृह र क्वारेन्टिन स्थापना गरिएको छ । आवश्यकताको आधारमा अन्य वडाहरूमा समेत सुरक्षित आवास गृह र क्वारेन्टिन स्थापना गर्ने कार्यक्रम रहेको छ ।

# आधारभूत परीक्षामा उच्च सजगता



सामुदायिक विकास केन्द्र र भ्याली पब्लिक मा. वि. द्वारा संयुक्त रूपमा महालक्ष्मी नगरपालिकाको फागुन २९ गते देखि २०७६ सञ्चालन गरिएको आधारभूत तह (कक्षा ८) को नगरस्तरीय परीक्षाका १८४० जना विद्यार्थीहरूका लागि नि:शुल्क मास्क (पुन : प्रयोग गर्न मिल्ने) नगरपालिकालाई हस्तान्तरण गरेको थियो । मास्कहरू परीक्षार्थीहरूलाई सम्बन्धित परीक्षा केन्द्रको 'हेल्थ डेस्क' बाट उपलब्ध गराइएको थियो । त्यसरी वितरण गरिएको मास्कको प्रयोगबाट विद्यार्थीहरूलाई विश्वस्त भई परीक्षामा सामेल हुन थप मनोबल मिलेको अनुभूति परीक्षार्थीहरूमा महसुस गरिएको थियो ।

नगरभित्रका सामुदायिक र संस्थागत गरी कुल ४६ वटा विद्यालयहरूका १८४० विद्यार्थीहरू सम्मिलित रहेको सो परीक्षाका लागि कुल ७ वटा परीक्षा केन्द्रहरू तय गरिएको थियो । परीक्षार्थीहरूमा रहेको कोरोना भाइरसको त्रास हटाउनका लागि तथा स्वास्थ्य समस्या पहिचान गरी समाधान गर्नका लागि हरेक परीक्षा केन्द्रहरूमा मेडिकल डाक्टरको नेतृत्वमा ३ जना स्वास्थ्यकर्मीहरू रहेको हेल्थ डेस्कको व्यवस्था गरिएको थियो । जहाँ आवश्यक अत्याधुनिक उपकरणहरू जस्तै लेजर थर्मोमिटर, अक्सिमिटर, आदि र औषधिहरू व्यवस्था गरिएको थियो । धेरै सञ्चार माध्यमले नगरपालिकाको प्रयासलाई नमुना भन्दै प्रचार प्रसार गरेका थिए ।

## क्वारेन्टिन निर्माण

महालक्ष्मी नगरपालिकाले ५० शय्याको क्वारेन्टिन निर्माण गरेको छ । सरकारले धमाधम विदेशबाट आफ्ना नागरिक ल्याउने क्रम बढेसँगै महालक्ष्मीले क्वारेन्टिन तयार गरेको हो ।

वडा नं ५ टीकाथलीमा २०, वडा नं ६ सिद्धिपुरमा २० र वडा नं ७ चाँगाथलीमा १० शैयाको क्वारेन्टिन नगरपालिका प्रमुख रामेश्वर श्रेष्ठले बताउनुभयो ।

## आवासगृह निर्माण

विदेशबाट फर्कने नेपाली नागरिकलाई क्वारेन्टिनमा राख्न महालक्ष्मी नगरपालिकाले सुरक्षित आवास गृह निर्माण गर्‍यो । नगर कार्यपालिकाको बैठकले अध्ययन एवम् रोजगारीका लागि विदेशमा रहेका महालक्ष्मीबासी नागरिकलाई स्वदेश फर्केपछि राख्न आवास गृह निर्माण गर्ने निर्णय गरेको थियो । बैठकले आफ्नो वडामा १० देखि २० बेडको सुरक्षित आवास गृह तत्काल निर्माण गर्न वडाध्यक्षलाई जिम्मेवारी दिइएको नगर प्रमुख रामेश्वर श्रेष्ठले जानकारी दिनुभयो ।

## पटक पटक स्वाब परीक्षण

महालक्ष्मी नगरपालिकामा पटक पटक कोरोना भाइरस परीक्षण गराइएको थियो । नगरपालिकाले विदेशबाट फर्किएर क्वारेन्टिनमा बसेका र राजधानी बाहिरबाट फर्किएकाहरूको 'थ्रोट स्वाब' नमुना सङ्कलन गरेको थियो । महालक्ष्मी नगरपालिका, ललितपुरको नेतृत्व, इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको संयोजकत्व र स्वास्थ्य कार्यालय ललितपुरको समन्वयमा नगरपालिका क्षेत्रमा कोभिड - १९ को जोखिमबाट रेड जोनमा परेका जिल्लाहरूबाट आएका, विदेशबाट आई सेल्फक्वारेन्टिनमा बसिरहेका र यस नगरक्षेत्रभित्रको फोहोर व्यवस्थापनमा खटिएका श्रमिकहरूको नमुना सङ्कलन गरिएको थियो ।

## उपत्यकामै पहिलोपटक बेरोजगारलाई श्रमसँग जोडियो

महालक्ष्मी नगरपालिका, ललितपुरले बेरोजगार श्रमिकलाई श्रमसँग जोडिरहेको छ ।

सार्वजनिक विकास निर्माणमा दैनिक तथा ज्यालादारी मजदुरहरूलाई श्रमसँग जोड्ने योजनाअनुरूप सञ्चालन भएको महालक्ष्मी नगरपालिकाको श्रम बैङ्कमार्फत बेरोजगारलाई काममा लगाइएको थियो । श्रमिकहरूले घिमिरेथोकबाट देउराली जाने सडकको ड्रेन खोल्ने काम गरेका छन् ।

यसैगरी, वडा नम्बर ८ अन्तर्गतको लुभु-डाडाथोक बाटोको स्तरोन्नतिका लागि ठेकदारसँग समन्वय गरी लकडाउनका कारण मर्कामा परेका बेरोजगार दैनिक ज्यालादारी श्रमिकहरूलाई रोजगारी दिन लगाइएको छ ।

## स्वास्थ्यकर्मीलाई अभिमुखीकरण



महालक्ष्मी नगरपालिका ललितपुरले डा. रमिन महर्जनको प्रशिक्षणमा कोरोना भाइरससम्बन्धी अभिमुखीकरण कार्यक्रमहरू फागुन २९ गते देखि चैत्र ३ गते सम्म नगर भित्रका विभिन्न स्थानहरूमा सञ्चालन गरेको थियो । सो कार्यक्रमहरूमा महिला स्वास्थ्य स्वयमसेविका तथा स्वास्थ्य व्यवस्थापन समितिका सदस्यहरूले सहभागिता रहेको थियो ।

बेरोजगारलाई अनिवार्य श्रमसँग जोड्न थालेपछि राहतका लागि अनावश्यक दबाब कम हुँदै गएको छ तर, अशक्त, अपाङ्ग र वृद्धवृद्धाका लागि भने घरमै लगेर नगरपालिकाले आवश्यक खाद्यान्न उपलब्ध गराइरहेको छ ।

# महालक्ष्मी नगरपालिकाका जनप्रतिनिधिको सुविधा कोरोना कोषमा

महालक्ष्मी नगरपालिकाका जनप्रतिनिधिको सुविधावापतको एक महिनाको रकम कोभिड १९ सङ्क्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष (स्थानीय तह प्रकोप व्यवस्थापन कोष)मा जम्मा गरिने भएको छ ।

नगर कार्यपालिकाको ७१ औं बैठकले विश्वभर फैलिएको कोरोना भाइरस (कोभिड १९) सङ्क्रमण रोकथाम, नियन्त्रण तथा राहतका लागि स्थापना गरेको कोषमा नगरपालिकाका सबै जनप्रतिनिधिको सेवा सुविधा वापतको एक महिनाको रकम जम्मा गर्ने निर्णय गरेको हो । कोरोना नियन्त्रण तथा राहतका लागि जनप्रतिनिधिको सुविधा वापतको रकमले थप आर्थिक योगदान दिने नगर प्रमुख रामेश्वर श्रेष्ठले विश्वास व्यक्त गर्नुभयो ।

नगरपालिकाका स्वास्थ्य बाहेकका सबै कर्मचारीले भने संघीय सरकारको निर्णय बमोजिम राहत कोषमा रकम जम्मा गरिसक्नुभएको छ ।

# नगरको विकासका लागि मेयरद्वारा संघीय सरकारसँग मागपत्र प्रस्तुत





महालक्ष्मी नगरपालिकाका मेयर रामेश्वर श्रेष्ठले आगामी आर्थिक वर्षको बजेटमा नगर क्षेत्रका विकास योजनालाई समावेश गर्न संघीय सरकारसँग माग गर्नुभएको छ ।

मेयर श्रेष्ठले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री योगेश भट्टराई, भौतिक पूर्वाधार तथा यातायात सचिव देवेन्द्र कार्की र अर्थ मन्त्रालयमा विकास योजनाको डीपीआरसहितको मागपत्र प्रस्तुत गर्नुभएको छ ।

उहाँले ढुंगिनदेखि मानेदोभानसम्मको सडक विस्तार तथा कालोपत्रेका लागि बजेट माग गर्नुभएको छ । उक्त सडक-बनेपा बर्दिवास सडकमा जोडिन्छ । मेयर श्रेष्ठले सडक निर्माण पूरा भए पूर्व जाने यात्रीका लागि २० किलोमिटर दुरी कम पर्ने बताउनुभयो । उहाँले भन्नुभयो, 'यसले भक्तपुर-कोटेश्वर सडकको वैकल्पिक मार्गको काम गर्छ ।'

साथै, मेयर श्रेष्ठले इमाडोलदेखि टीकाथली हुँदै गोदावरी खोलासम्मका लागि सडक विस्तार तथा कालोपत्रेका लागि बजेट माग गर्नुभएको छ । मेयर श्रेष्ठले लाँकुरी भञ्ज्याङ पर्यटन पूर्वाधार विकास तथा मनमोहन टावरका लागि आवश्यक बजेटको व्यवस्था गर्न पनि माग गर्नुभएको छ । नगरपालिकाले प्रदेश सरकारसँग मिलेर टावर बनाउन आवश्यक योजनाहरू निर्माण गरिसकेको छ ।

# न्यायिक समितिमा पुरुष हिंसाका पनि मुद्दा



**निर्मला थापा**
उपप्रमुख, महालक्ष्मी नगरपालिका

स्थानीय सरकार सञ्चालन ऐन, ०७४ को दफा ४९ (२) मा न्यायिक समितिले आफु समक्ष पेस भएको विवाद्को निवेदनको कारबाही र किनारा गर्दा सम्भव भएसम्म मेलमिलाप गर्न प्रोत्साहन गरी दुबै पक्षको सहमतिमा मिलापत्र गराउनुपर्ने उल्लेख छ । नेपालको संविधान धारा २१७ ले प्रत्येक गाउँपालिका र नगरपालिकाको उपाध्यक्ष र उपमेयरको संयोजकत्वमा न्यायिक समिति गठन गरेको छ ।

पहिलो र दोस्रो वर्ष महिला हिंसाका मुद्दाहरू बढी आए पनि तेस्रो वर्षमा साँध सिमाना र घर निर्माणका किचलोका मुद्दाहरू आउन थाले । तीन जना न्यायिक समिति रहेको छ । विशेष इजलास हुँदा तीनै जना बस्ने गरेका छौं । न्यायिक समितिमा सहजीकरणका लागि तीन जनाबाहेक कानुनी सल्लाहकार, कानुनी सहजकर्ता, सामाजिक शाखा प्रमुखसमेत गरेर ६ जनाले अध्ययन, अनुसन्धानको काम गर्ने गरेका छौं । न्यायिक समितिमा एकजना कानुन पृष्ठभूमिको सदस्य रहनुभएकाले मुद्दा निरूपणमा सहज पनि भएको छ । कानुनतः हामीसँग घरेलु हिंसा, जग्गा सम्बन्धि, साध सिमाना, बाटो मिचेका मुद्दाहरू धेरै आउने गरेका छन् । त्यसो त महिला हिंसा मात्र होइन, अहिले पुरूष हिंसाका मुद्दाहरू पनि आउने गरेका छन् । हाम्रो अधिकार क्षेत्र भित्रका मुद्दाहरू यही मिलाएर पठाएका छौं । अधिकार भित्र नपर्ने केही मुद्दाहरू मात्र प्रशासन तथा अदालत पठाएका छौं ।

म महिला भएको नाताले अन्यायमा परेका महिलाहरूलाई विशेष प्राथमिकताका साथ न्यायिक समितिमार्फत न्याय दिलाएको छु । न्यायिक समितिमा रहेर मैले के अनुभव गरेको छु भने धेरै

महिलाहरू लामो समयसम्म अन्याय सहेरै बस्ने गरेका छन् । अन्याय हिंसा सहनै नसकेपछि मात्र उनीहरू यहाँ आउने गरेका छन् ।

अदालतबाट जितेका महिलाका मुद्दाहरूमा पुन:परिवारबाट यातना दिने, लखेट्ने र अंश नदिने जस्ता कार्यहरूमा हामीले पीडक र पीडित पक्षलाई भेटी उनीहरूसँगै मिलेर बस्ने वातावरण बनाएका छौं ।

मेरो नेतृत्वमा रहेको न्यायिक समितिले १५ वर्षदेखिको मुद्दा मिलाएको छ । न्यायिक समितिमार्फत अन्यायमा परेकालाई न्याय दिन पाउँदा खुसी पनि लागेको छ । मैले कुनै पक्षपात नगरी अन्यायमा परेकालाई न्याय दिएको अनुभव गरेको छु । मिल्न नसक्ने खालका मुद्दालाई सिधै जिल्ला अदालत पठाउने गरिएको छ । न्याय माग्न आउनेलाई कागजी प्रक्रिया लम्ब्याएर दु:ख दिन चाहन्न ।

न्यायिक समितिमात्र होइन जनसवालका विभिन्न विषयहरूमा मैले नगरबासीसँग छलफल गरेको छु । उपभोक्ता समितिमार्फत हुने विकास निर्माणका लागि विभिन्न योजनाबारे छलफल गर्ने, कतिपय विकास निर्माणको अनुगमन र सुपरिवक्षेणको कार्यमा पनि म आफैँ जाने गरेको छु ।

महालक्ष्मी नगरपालिकाले सीमित स्रोत साधनबाट उच्चतम प्रयोग गरी समयमै वजेट कार्यान्वयन गरिरहेका छौं । हामीले टेन्डर ठेक्काबाट गर्दाको काम भन्दा उपभोक्ता समिति मार्फत भएका कामहरू समयमा सकिएका छन् र बढी प्रभावकारी पनि भएका छन् । हामीले जेष्ठ मसान्त भित्रैमा सबै कामहरू पूरा गर्न निर्देशन दिने गरेका छौं । हामीले कुनै उपभोक्ता समितिलाई १० लाख रकम विनियोजन गरेकोमा उनीहरूले २८ लाख सम्मको काम गरेको उदाहरण पनि छ ।

**९३ वर्षको जेष्ठ नागरिक महिलालाई आफ्नै छोराले घरबाट निकालेको मुद्दा पनि मिलाइएको छ ।**

विकास निर्माणको काममा जनसहभागीता राम्रो छ । जिल्ला भित्रकै अन्य महानगर, नगरमा उपभोक्ता समितिले १० प्रतिशत हाल्न गाह्रो परिरहेको अवस्थामा हाम्रो उपभोक्ता समितिले २० प्रतिशत रकम अनिवार्य हाल्छन् । कतिपय अवस्थामा २० प्रतिशत भन्दा पनि बढी हालेका छन् । उनीहरू आफैँ सक्रिय छन् । आफैँ समयमै काम गर्छन्, आफैँ सुपेरिवेक्षण र अनुगमन गर्छन् । जनप्रतिनिधि आएपछि ठूला विकास आयोजनासँगै खानेपानी, शिक्षा, स्वास्थ्य, विभिन्न मठ मन्दिर लगायत उद्यमशिलताको कामले तीब्रता लिएको छ ।

हाम्रो नगरपालिकामा खानेपानीको समस्या प्रमुख रूपमा रहेको छ । संघीय सरकारले पनि खानेपानी, मठ मन्दिरको निर्माण तथा जिर्णोद्धार र ठूला सडकमा रकम विनियोजन गरी काम भइरहेको छ ।

म बजेट तर्जुमा समितिको संयोजक पनि भएको नाताले नगरका महिलालाई उद्यमशीलतासँग जोड्न प्रयास गरेको छु । प्रत्येक वडाका महिलाहरूलाई रोजगारी सम्बन्धि तालिम दिएका छौं । जस्तै ब्युटिसियन सम्बन्धि तालिम, सिलाई बुनाई सम्बन्धि, माला बनाउन, सुकुलबाट जुत्ता, सोफाहरू बनाउने, विभिन्न डेकोरेसनका सामान बनाउने जस्ता तालिम पनि दिएका छौं । तालिम मात्र होइन तालिम पश्चात अनिवार्य व्यवसाय गर्नुपर्छ भनेर हामीले उनीहरूलाई नगर प्रमुख युवा उद्यमशीलता कार्यक्रममार्फत बिउपूजीँ उपलब्ध गराउँदै आएका छौं । तालिम लिएका मध्ये ५० प्रतिशत जतिले काम सुरू गरेका पनि छन् । नगरभित्रका कृषि उत्पादन हुने ग्रामीण क्षेत्रका वडाहरूमा कृषकहरूलाई बिउ विजन तथा कृषि औजार नि:शुल्क रूपमा बाँडेका छौं भने कतिपयलाई ५० प्रतिशत अनुदान रकम पनि दिएका छौं ।



नन्दकुमार न्यौपाने
**वडा अध्यक्ष**
**वडा नम्बर १, महालक्ष्मी नगरपालिका**

# सडक निर्माणमा प्राथमिकता

वडा नम्बर १ को कार्यालयले आर्थिक वर्ष २०७६/७७ मा सडक निर्माणलाई प्राथमिकतामा राखेको छ ।

सम्फना वस्ती चर्च अगाडिको मुल सडको ढलान गरिएको छ भने एकता टोलको सडक कालोपत्रे, विनायक मार्ग हरिको पसल हुँदै दक्षिण तर्फको कच्ची सडकमा ब्लक विछ्याउने कार्य गरिएको छ । मिलन टोल सडक ब्लक छाप्ने कार्य गरिएको छ ।

एकता टोल सडक ढलान, स.स.बस्ती सडक सुधार ढलान, उत्तम टोल ब्लक बिछ्याउने, विनायक टोल सडक ढलान, ए टोल सडक ढलान, सम्फना बस्ती तारा स्टोर अगाडि वाल निर्माण तथा स्विमिङ्ग पुल पूर्व हरि भण्डारीको घर हुँदै जाने ढलान कार्य गरिएको छ ।

सडक मर्मत, ढलानबाहेक सामुदायिक भवन तला थप गर्ने काम गरिएको छ भने श्रीकृष्ण प्रणामी मुल मन्दिर मर्मत संभारको काम भएको छ ।

गत आर्थिक वर्षमा ब्याडमिन्टन प्रतियोगिता र कृष्ण प्रणामी मन्दिरमा धार्मिक तथा पर्यटक संग्रहालय निर्माणको काम पनि गरेका छौं । कोरोना संकटका कारण चैत देखि धेरै काम गर्न सकिएन । तर पनि जनताको दैनिकीसँग जोडिएका महत्वपूर्ण निर्माणका कामहरू देखि वडा कार्यालयबाट हुने सेवा प्रवाहलाई छिटो, छरितो र व्यस्थित बनाउने काम गरेका छौं ।

## वडा नम्बर १ का प्रमुख कार्यहरु

वडा नम्बर १ ले सडक निर्माण, ढलानसहित धार्मिक साँस्कृतिक र खेलकुदक्षेत्रमा महत्वपूर्ण कार्य गरेको छ । वडा कार्यालयले सम्फना वस्ती चर्च अगाडिको मुल सडक (ढलान कार्य), एकता टोलको सडक कालोपत्रे, विनायक मार्ग हरिको पसल हुँदै दक्षिण तर्फको कच्ची सडकमा ब्लक विछ्याउने कार्य), मिलन टोल सडक ब्लक छाप्ने कार्य गरेको छ ।
यसैगरी ब्याडमिन्टन प्रतियोगिता, सामुदायिक भवन तला थप, एकता टोल सडक ढलान, स.स.बस्ती सडक सुधार ढलान, विनायक टोल सडक ढलान, श्रीकृष्ण प्रणामी मूल मन्दिर मर्मत संभारको काम पनि गरेको छ ।

यसैगरी कृष्ण प्रणामी मन्दिरमा धार्मिक तथा पर्यटक संग्रहालय निर्माण, ए टोल सडक ढलान, उत्तम टोल ब्लक बिछ्याउने, सम्फना बस्ती तारा स्टोर अगाडि वाल निर्माण तथा स्विमिङ पुल पूर्व हरि भण्डारीको घर हुँदै जाने ढलान कार्य सम्पन्न गरेको वडा कार्यालयले जनाएको छ ।



रामबहादुर केसी
**वडा अध्यक्ष**
**वडा नम्बर २, महालक्ष्मी नगरपालिका**

# अब हिलोमा हिँड्नु पर्दैन

वडा नम्बर २ मा मुख्य सडकहरू कालोपत्रे भइसकेको छ । तर, गल्लीहरू हिलाम्मे हुँदा वर्षायामको समयमा समस्या पैदा हुँदै आएको थियो । यस वर्ष हामीले मिहिनेत गरेर गल्ली गल्लीमा ब्लक चापेका छौं । मलाई लाग्छ अब वडा नम्बर २ का बासिन्दाले हिलोमा हिँड्नुपर्दैन । मैले गल्ली ढलान र ब्लक छाप्ने कार्यलाई महत्वपूर्ण रूपमा लिएको छु ।

खानेपानीको काम पनि टुंगोमा पुऱ्याउने योजना थियो । तर कोरोना महामारीका कारण ढलान हुन सकेन । स्थिति सहज भएपछि खानेपानीको टयाङ्की ढलान गर्ने खानेपानी समस्या समाधान गर्न म क्रियाशील भएर लाग्नेछु ।

मलाई लाग्छ वडाको कार्यप्रगतिले वडाबासी जनता खुसी हुनुहुन्छ । आवाज उठाउनुपर्ने अवस्था छैन । अघिल्लो सालमा बच्चाहरू हिलोमा हिँड्ने समस्या थियो, त्यो समाधान भएको छ ।

## वडा नम्बर २ का प्रमुख कार्यहरु

आर्थिक वर्ष २०७६/७७ मा वडा नम्बर २ ले विभिन्न १५ वटा आयोजना सम्पन्न गरेको छ । वडा कार्यालयका अनुसार आत्मारामको घर अगाडिको ढलान, गम्भीर समुद्र उच्च मावि हाताभित्र ब्लक छाप्ने कार्य पनि भएको छ । यसैगरी जेनियम विद्यालय अगाडि ब्लक छाप्ने, झलक श्रेष्ठको घरदेखि आलोमा बाटो विस्तार तथा कालोपत्रे, टेकराज पौडेलको अगाडि बाटोमा ब्लक छाप्ने कार्य पनि भएको छ ।

यसैगरी पिपलबोट, विजय बानियाँको घर अगाडि ब्लक छाप्नेदेखि मोहनबहादुरको घरको उकालोदेखि पूर्ण न्यौपानेसम्मको घरसम्म ढलान पनि भएको छ । वडा कार्यालयको आयोजनामा खेलकुद प्रतियोगिता तथा सामाजिक विकास कोषका कार्यक्रमहरू सम्पन्न भएका छन् ।

बालबालिकालाई पढ्न पठाऔं,
उनीहरूको सुखद भविष्यलाई सुनिश्चित गरौं ।

**महालक्ष्मी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
ललितपुर, ३ नं. प्रदेश, नेपाल

# बोझेपोखरीको विवाद टुंग्यायौं



कुवेर केसी
**वडा अध्यक्ष**
**वडा नम्बर ३, महालक्ष्मी नगरपालिका**

आर्थिक वर्ष २०७६/७७ मा २०-२५ वर्षदेखिको बोझेपोखरीको सिमाना विवाद टुंग्याएका छौं । बोझेपोखरीलाई स्थानीय पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले विभिन्न गतिविधिहरू सञ्चालन गर्दै आइरहेका छौं ।

लकडाउनका कारण वडाको खानेपानी योजना सम्पन्न गर्ने योजना अधुरो रह्यो । आगामी आर्थिक वर्षमा त्यसलाई टुंगोमा पुऱ्याउने आधार तयार भएको छ । मैले वडाको खानेपानी समस्या समाधानका लागि प्राथमिकतामा राखेर काम गर्दै आएको छ । लकडाउनका कारण वडा कार्यालयको काम पनि अघि बढ्न सकेन ।

मैले प्राथमिकतामा राखेका तीन वटा कार्यमध्ये खानेपानी र वडा कार्यालय अधुरै रहे पनि, सार्वजनिक जग्गा टुंग्याउने कामले गति लिएको छ । सिमाङ्कन गर्ने कार्य गर्न सकिएको छ । ढल निर्माण भइसकेको छ । बाटोघाटोको कुनै सस्या छैन ।

सेवाग्राहीलाई १० देखि १५ मिनेटमा सेवा काम हुने गरी वडा कार्यालयले सेवा प्रवाह गरिरहेको छ । अहिलेसम्म जनताको गुनासो आएको छैन ।

कोरोना सङ्क्रमणपछि सरकारले घोषणा गरेको लकडाउन अवधिमा वडा विपत् व्यवस्थापन समितिको बैठक बसेर चामल, तेल, नुन, साबुनलगायतका दैनिक उपभोग्य सामग्री र खाद्यान्न राहत वितरण गरेका छौं ।

## वडा नम्बर ३ का प्रमुख कार्यहरु

आर्थिक वर्ष २०७६/७७ मा वडा नम्बर ३ ले बोझेपोखरीमा विगत २० वर्षदेखि अधुरो रहेको सीमाको विवादलाई मिलाउँदै कम्पाउण्ड वाल निर्माण गरेको छ । वडा कार्यालयले रवि थापाको घरदेखि राजेन्द्र नगरकोटीको घरसम्मको गोरेटो बाटोलाई मोटरबाटोमा स्तरोन्नती गरेको छ ।

यसैगरी झिकुचा राजकुलोमा मोटरबाटो खोल्नेदेखि वडा नम्बर ३ र ४ को अन्सारी चोकदेखि झिकुचा राजकुलो तिर ढल निकासको काम पनि गरिएको छ । यसैगरी सृजना मार्गमा केही भाग खुल्न बाँकी रहेको बाटो निर्माण गरिएको छ । बोझेपोखरी खानेपानी आयोजनाको ट्याङ्की निर्माण, पालेघर निर्माण, २.५ कि.मी. पाइपलाइन विस्तार गरिएको छ ।

वडा कार्यालयले बालकोट मनोहरा किनारको सार्वजनिक नदी उकास भएको जग्गा नाप गरी रेखाङ्कन गर्ने तथा सार्वजनिक जग्गा संरक्षणमा पनि काम गरेको छ । बोझेपोखरीमा ढल निर्माण र ग्राबेल तथा नाग मन्दिरको संरचना निर्माणको काम पनि भएको छ ।

# वडाकै चक्रपथ बनाउन सुरु गरेको छु



लक्ष्मण रोका
**वडा अध्यक्ष**
**वडा नम्बर ४, महालक्ष्मी नगरपालिका**

भौतिक पूर्वाधार, सामाजिक विकाससहितको नमुनावडा बनाउने गरी काम भएको छ । गएको आर्थिक वर्षमा ८ र १० मिटरको बाटो बनाउने अभियान सुरू भयो ।

वडाको चक्रपथ बनाउने काम सुरू गरेको छु । अहिलेसम्म ३ किलोमिटर बनाइसकिएको छ । खानेपानीका लागि एक घर एक धारको नीति लिएका छौं । डिप बोरिङबाट सबै घरमा खानेपानी पुऱ्याउने लक्ष्य राखिएको छ ।

एउटा घरमा दुई वटा विरूवा रोप्नेलाई वातावरणमैत्री घरको प्रमाण पत्र दिन सुरू गरेका छौं । फोहोरमैला व्यवस्थापनका लागि निजी संस्थासँग काम गरेका छौं ।

गएको आर्थिक वर्षमा कोरोनाले गर्दा विकास निर्माण सोचेजति हुन सकेन । वडामा तीनवटै सरकारबाट १३ करोडको बजेट व्यवस्थापन गरेर काम सुरू गरेका थियौं ।

नगरमा रहेका दुई विद्यालय महेन्द्र आदर्श र सूर्योदय प्राथमिक विद्यालयलाई गुणस्तरीय शिक्षा प्रदान गर्ने थलोको रूपमा विकास गरेका छौं । सूर्योदयमा मन्टेश्वरी शैलीमा पठन पाठन गर्दैछौं । वडालाई ८० प्रतिशत ढलमुक्त गर्ने योजना बनाएका छौं । टेलिकमसँग फाइबर बिछ्याउने र घरघरमै उच्च गुणस्तरको इन्टरनेट पुऱ्याउने काम सुरू भएको छ ।

## वडा नम्बर ४ का प्रमुख कार्यहरु

आर्थिक वर्ष २०७६/७७ मा वडा नम्बर ४ ले वडाबाट विनियोजित रकमबाट सडक स्तरोन्नती, ढल व्यवस्थापन, ढलान, विद्यालयमा फर्निचर व्यवस्थापन, धार्मिक साँस्कृतिक क्षेत्रको भौतिक निर्माण, शिक्षा, स्वास्थ्य, खानेपानी, सञ्चार लगायतका क्षेत्रमा काम गरेको छ । उपभोक्ता समितिलाई पनि व्यापक परिचालन गर्ने, विकास निर्माणका काममा वडाबासीबाटै स्रोत व्यवस्थापन गर्ने काम वडा कार्यालयले गरेको छ ।

वडा कार्यालयले सितापाखा खानेपानी ट्याङ्की निर्माण, विभिन्न स्थानमा ढल निर्माण, किरियापुत्री भवन निर्माणलगायतका काम भएका छन् । यसैगरी ६०/४० का चार वडा योजना सम्पन्न भएका छन् । त्यसमा डल व्यवस्थापन, बाटोघाटो ग्राबेल, बोझेपोखरी खानेपानी आयोजनालगायतका क्षेत्रमा काम भएका छन् ।

वडा कार्यालयले संघीय सांसद् विकास कोष, प्रदेश सांसद् विकास कोषबाट प्राप्त रकमबाट सडक निर्माण गर्ने, विद्यालयमा ट्रस हल निर्माण गर्ने तथा उपत्यका विकास प्राकिरणसहित विभिन्न संघ संस्थाको आर्थिक सहयोगमा ठुला, मझौला तथा साना आयोजनाहरू सम्पन्न गरेको छ ।

वडा कार्यालयले सडकमा छाडारूपमा छाडिएका कुकर, पशु चौपायालाई वडाबाट उपलब्ध खाना खुवाउने कार्य पनि गरिरहेको छ ।



राजकुमार सिलवाल
**वडा अध्यक्ष**
**वडा नम्बर ५, महालक्ष्मी नगरपालिका**

# वडा स्वास्थ्य क्लिनिकको तयारी भएको छ

गएको वर्षमा ढल निकासका योजनाहरू ७० प्रतिशत सकेका छौं । १४ किलोमिटर ढलको डिपीआर बनाएका थियौं, त्यसमध्ये ११ किलोमिटर खनेका छौं ।

सडकतर्फ भीमसेन मार्ग, पञ्चदेव मार्ग, समावेशी मार्ग जस्ता सडकको ७५ प्रतिशत योजना सकिएको छ । कोरोनाका कारण पूरा गर्न नसकिएको अवस्था छ ।

आउँदो योजनाहरूमा गणेश मार्ग, सुन्दर मार्ग, राधाकृष्ण मार्गका काम हुँदैछन् । गत आर्थिक वर्षमा नै टेन्डरको काम भइसकेको छ ।

राधाकृष्ण र टिकेश्वरी खानेपानी योजनाहरू चलिरहेका छन् । राधाकृष्णको ५० प्रतिशत काम सकिएको छ । अर्को आर्थिक वर्षमा सम्पन्न हुन्छ । टिकेश्वरी खानेपानी योजना पनि अन्तिम चरणमा रहेको छ । दुई आयोजनाबाट ३ हजार घरधुरीमा खानेपानी पुग्छ ।

वडामा उच्च मावि सञ्चानको काम भइरहेको छ भने स्वास्थ्य क्षेत्रमा पहुँच स्थापित गर्न वडा स्वास्थ्य क्लिनिकको तयारी भइरहेको छ । विकास निर्माणबाहेक जनतालाई ढिलासुस्ती नगरी चुस्त सेवा प्रवाह गर्न वडा कार्यालय क्रियाशील रहेको छ ।

## वडा नम्बर ५ का प्रमुख कार्यहरु

आर्थिक वर्ष २०७६/७७ मा वडा नम्बर ५ ले ६०/४० मा वडास्तरीय योजनाहरू सम्पन्न गरेको छ । विभिन्न मार्गको स्तरोन्नती, बाटो विस्तार, ग्राबेल, ढल निर्माण तथा मिर्मिरे टोलमा सीसीटीभी जडानको कार्य सम्पन्न भएको छ ।

नगरस्तरीय योजनाअनुसार गोदावारी खोलामा पुल निर्माण तथा भीमसेन मार्गमा रिटेनिङ वाल निर्माणको काम भएको छ ।

सामाजिक विकासतर्फ केटीसी मर्मत, अचार बनाउने तालिम, घरेलु हिंसा तथा कानुनी परामर्श, क्रिश्चिय चंगाई मण्डली स्तरोन्नतीको काम एको छ ।



वडा कार्यालयले प्रदेश स्तरीय कार्यक्रम अन्तर्गत भीमसेन मार्ग तथा पञ्चदेव मार्ग कालोपत्रे तथा रिटेनिङ वाल निर्माण तथा गणेश मार्ग रिटेनिङ वाल निर्माणको काम गरेको छ । यसैगरी संघीय सरकारबाट प्राप्त रकमबाट गणेश मार्ग रिटेनिङ वाल, भीमसेन मार्ग हुँदै पधेरोसम्म ढल तथा गोलभटा सडक ढलको आयोजना सम्पन्न गरिएको छ । वडा कार्यालयले सामुदायिक भवन, शौचालय निर्माण, सरसफाई टयाङ्की ढलानको काम पनि पूरा गरेको छ ।



वासुदेव महर्जन
**वडा अध्यक्ष**
**वडा नम्बर ६, महालक्ष्मी नगरपालिका**

# साँस्कृतिक वडा बनाउन तीब्र कार्य भइरहेको छ

महालक्ष्मी नगरपालिका वडा नम्बर ६ साँस्कृतिक क्षेत्र हो । मैले निर्वाचित भएपछि नै साँस्कृतिक धरोहर निर्माण, संरक्षण र संबर्द्धनको काम गर्दै आएको छ ।

साँस्कृतिक सम्पदा, कलात्मक पार्टी निर्माणको कामलाई गएको वर्ष पनि तीब्रता दिएँ । वडा कार्यालय पनि कलात्मक बनाउने योजना छ । कोतघर निर्माणको काम सुरू भएको छ । मुख्य सडकबाट सिद्धिपुर प्रवेश गर्ने स्थानमा कलात्मक गेट निर्माणको काम भएको छ ।

शिक्षालाई गुणस्तरीय बनाउन सिद्धिमंगल माविको भवन निर्माणको काम सकिएको छ । आधारभूत विद्यालयमा पनि भौतिक, शैक्षिक पूर्वाधार बनाउने काम भइरहेको छ । सामुदायिक स्वास्थ्य केन्द्रको भवन तयार भइरहे पनि कोभिडले पूरा गर्न सकिएन । स्कुलचौकदेखि धाराचौर सडक निर्माणलाई तीब्रता दिइएको छ ।

जनतालाई पक्षपात नगरी, कानुन बमोजिम हुने सबै सेवाहरू शत प्रतिशत दिइएको छ । सेवा प्रवाहमा जनताको गुनासो छैन ।

कोभिड १७ नियन्त्रण, रोकथाम र उपचारका लागि नि:शुल्क १ सय ७० जना स्वयंसेवक परिचालन गरेर काम गरिएको छ ।

## वडा नम्बर ६ का प्रमुख कार्यहरु

वडा नम्बर ६ मा गत आर्थिक वर्षमा विकास निर्माणदेखि शिक्षा, संस्कृतिलगायतका क्षेत्रमा महत्वपूर्ण कार्यहरू भएका छन् । गएको आर्थिक वर्षमा सिद्धिपुर खानेपानी आयोग पूरा गरिएको छ । थसी सामूदायिक स्वास्थ्य केन्द्र निर्माणको काम पनि सम्पन्न भएको छ ।

यसैगरी कोट घर डे:छे पुनर्निर्माण, गणेश भैरव मन्दिर परिसर सुधार, बुद्ध मार्ग पार्टी प्यालेस सडक सुधार, दोरफुस टोल बाटो मर्मत, सिद्धिमंगल बुद्ध बिहार योजना, सामुदायिक भवन तथा पार्क मर्मत सुधारको काम भएको छ ।

यसबाहेक विभिन्न टोल जाने बाटोमा ब्लक छाप्ने काम भएका छन् । वडा कार्यालयबाट सम्पन्न भएका कार्यको विस्तृत विवरण अनुसूचीमा हेर्न सकिनेछ ।



# सडकमा सीसीटीभी जडान गरिएको छ



नकुल थापा
**वडा अध्यक्ष**
**वडा नम्बर ७, महालक्ष्मी नगरपालिका**

वडा नम्बर ७ को प्रमुख समस्या भनेको बाटोघाटो कै हो । त्यसैले म निर्वाचित भएपछि बाटो सिमाङ्कनको काम सुरू गरेको थिएँ । अहिले सबै बाटो सिमाङ्कनको काम सकिएको छ । अब कालोपत्रे गर्ने काम सुरू हुन्छ ।

चाङ्गाथलीबाट लुभु जाने पुलको ९५ प्रतिशत काम सकिएको छ वडा नम्बर ५ सँग जोड्ने अर्को पुलको काम २५ प्रतिशत सकिएको छ । बालकोट जोड्ने पुल भने निर्माण सुरू गर्न बाँकी छ ।

वडा कार्यालय गएको आर्थिक वर्ष नै पूरा गर्ने लक्ष्य नै रहे पनि कोरोना महामारीका कारण सकिएन । आगामी दसैंसम्म पूरा हुन्छ ।

मुल सडकमा सीसी क्यामेरा जडान गरिएको छ । वडा कार्यालयले सीसी क्यामेरा जडान गरेर सुरक्षालाई प्रमुख प्राथमिकता दिएको छ । बाटोका पुल सार्ने काम भइरहेको छ । त्यसपछि सडक बत्ती जडान गरिन्छ ।

घरघरमा खानेपानी पुर्‍याउने कामलाई वडा कार्यालयले प्राथमिकताका साथ काम गरिरहेको छ । ढलको काम तत्काल सुरू हुने अवस्था नभए पनि पूर्वाधारको तयारी गरिरहेका छौं ।

## वडा नम्बर ७ का प्रमुख कार्यहरु

आर्थिक वर्ष २०७६/७७ मा वडा नम्बर ७ ले पनि विकाससँगै अन्य सामाजिक, साँस्कृतिक, शैक्षिक तथा वृद्धि विकासमा काम गरेको छ । वडा कार्यालयको भवन निर्माण कार्य अन्तिम चरणमा पुगेको छ । उदयविनायक राममणीको घरबाट गोदावरी खोला जाने गोरेटो बाटो १३ फिटे कायम गरी वाल लगाउने कार्य भइरहेको छ ।



विभिन्न सडक ग्राबेल, कालोपत्रे गर्ने, सिमाङ्कन गरी वाल निर्माण गर्ने कार्यलाई पनि तीब्रता दिइएको छ । विष्णु मन्दिरमा रङ्ग लगाउने, टायल विच्छ्याउने, झिंगटी राख्ने, बत्ती जडान गर्ने कार्य सम्पन्न भएको छ । एम्बुलेन्स सञ्चालनका लागि १ लाख रूपैयाँ विनियोजन गरिएको छ भने स्वास्थ्य चौकीका लागि स्वास्थ्य सामाग्री खरिद गरिएको छ । बुद्ध विहार भवन ढलान गरी प्लास्टर, झ्याल राख्ने, टायल विच्छ्याउने कार्य गरिएको छ ।

वडा कार्यालयले किसानहरूलाई धानको बिउ, कागतीको बिरूवा र जई घाँसको बिउ वितरण तथा तीन दिने पशु पालन र कौसी खेती तालिम आयोजना गरेको छ ।

# कोरोनासँग जुध्दै विकास निर्माणमा केन्द्रित भएँ



विश्वराज श्रेष्ठ
**वडा अध्यक्ष**
**वडा नम्बर ८, महालक्ष्मी नगरपालिका**

वडा नम्बर ८ बढी जनसंख्या भएको वडा हो । समानुपातिक बाँडफाट हुने भएकाले हाम्रो वडालाई स्रोतको अभाव भइरहन्छ । सीमित स्रोतबाट धेरै काम गर्नुपर्ने अवस्था छ ।

गएको आर्थिक वर्षमा विनियोजित बजेटलाई बढीभन्दा बढी सदुपयोग गर्न कोरोना महामारीबाट जोगिदै काम गरेका छौं । म आफैं स्वास्थ्यकर्मी भएका कारणले पनि नेपाल सरकारले जारी गरेको स्वास्थ्य मापदण्डअनुसार बाटोघाटो निर्माणको काम गरिएको छ ।

न्यूनतम पूर्वाधारयुक्त वडा निर्माण गर्न सार्वजनिक सडक, मठ मन्दिर, पार्क निर्माण, पोखरी निर्माणको काम गएको आर्थिक वर्षमा भएका छन् । जनताले होस्टेमा हैसे गरेर साथ दिनुभएको छ ।

शिक्षा र स्वास्थ्यमा वडाले गरेको कार्यमा नगर प्रमुखज्युको साथ र सहयोग प्राप्त भएको छ । तीनवटै माध्यमिक विद्यालयमा प्राविधिक शिक्षा अध्ययन भइरहेको छ । १५ बेडको अस्पताल स्वीकृत भइसकेको छ ।

वडामा सार्वजनिक जग्गा धेरै छ । सार्वजनिक जग्गा संरक्षण र वाल निर्माणका लागि काम भइरहेको छ । लुमन्तीसँग मिलेर पार्क निर्माण भइसकेको छ । उपत्यका प्राधिकरणसँग मिलेर पोखरी, धारा जिर्णोद्वार गर्ने काम पनि पूरा भएको छ ।

## वडा नम्बर ८ का प्रमुख कार्यहरु

महालक्ष्मी नगरपालिका वडा नम्बर ८ वडा कार्यालयले आर्थिक वर्ष २०७६/७७ मा वडाभित्रका भौतिक पूर्वाधार, शिक्षा, स्वास्थ्य, खानेपानी, साँस्कृतिक सम्पदाको क्षेत्रमा महत्वपूर्ण काम गरेको छ । पूर्वाधार विकासका क्षेत्रमा वडाले ५० हजार रूपैयाँ देखि १० लाख रूपैयाँसम्मका विकास योजना पूरा गरेको छ । विभिन्न सडकहरूको स्तरोन्नती, ग्राबेल गर्ने, सडक ढलानको कामहरू सम्पन्न भएका छन् । वडा कार्यालयले तल्लो दोभान, माथिल्लो दोभान, विष्णुडोल खानेपानी, सिमथली धारा मर्मतलगायतका खानेपानीका क्षेत्रमा काम गरेको छ ।

लुभु विहारको अपूरो ढोका निर्माण, विष्णुडोल सत्संग भवन निर्माण, गीता मन्दिर मर्मत, दाँफा ख:ल मर्मत, नास: ढिमे बाजाखल: अपूरो निर्माणजस्ता साँस्कृतिक र धार्मिक क्षेत्रको काम पनि पूरा भएको छ । सामाजिक विकास अन्तर्गत सीप विकास, जात्रा पर्व तथा कला संरक्षण तालिम आयोजना गरिएको वडा कार्यालयले जनाएको छ ।

वडा कार्यालयले प्रदेश सरकार, संघीय सरकार, काठमाडौं उपत्यका विकास प्राधिकरण, लुमन्ती, सहरी विकास तथा भवन विभाग, सडक विस्तार आयोजनालगायतबाट प्राप्त रकमबाट सडक, खानेपानी, शिक्षा, स्वास्थ्यमा लगानी गरेको छ ।



वासुदेव शर्मा गौतम
**वडा अध्यक्ष**
**वडा नम्बर ९, महालक्ष्मी नगरपालिका**

# पर्यटनमा धेरै काम भएका छन्

कोरोना महामारीका बीचमा पनि गत आर्थिक वर्षमा धेरै पूरा काम भएका छन् । नगरपालिकाबाट बजेट विनियोजन भएका ८० प्रतिशत काम भएका छन् ।

विकट वडा भएका कारण बाटोघाटोको काम नै बढी गर्नुपर्ने अवस्था छ । कच्ची बाटो मोटर एम्बुलेन्स गुड्न सक्ने बनाएका छौं । अझ यसपटक त बाढीपहिरोको समस्या ब्यहोर्नुपर्ने अवस्थ रह्यो ।

दुई वटा खानेपानी आयोजनाको काम भइरहेकोमा एउटा सुरू भएको छ अर्को दसैंसम्ममा पूरा हुने अनुमान गरिएको छ ।

पर्यटन क्षेत्रमा काम सुरू गरेको छ । गोमती सामुदायिक वन क्षेत्रमा तीन किलोमिटरको गोरेटो पैदल मार्ग, हाइकिङ र बाइकिङ मार्ग निर्माण गरेका छौं । पाँच किलोमिटरको संकटमुक्तेश्वरबाट गणेशमान पार्क हुँदै लाँकुरीभञ्ज्याङ जाने पर्यटकीय बाटो निर्माण भएको छ । कोरोनाका कारण करिब ३० लाखको काम गर्न सकिएन ।

वडाबाट प्रदान गर्ने सेवालाई प्रभावकारी, सरल बनाउने काम भएको छ । सुशासनलाई प्राथमिकता दिएर काम गरिरहेको छु ।

## वडा नम्बर ९ का प्रमुख कार्यहरु

आर्थिक वर्ष २०७६/७७ मा वडा नम्बर ९ ले संघीय सांसद, प्रदेश सांसद विकास कोषबाट प्राप्त आयोजनाबाहेक वडाबाट विनियोजित बजेट तथा नगरस्तरीय योजनाबाट विभिन्न आयोजना पूरा गरेको छ । वडाका सडक ग्राबेलिङ, विभिन्न सडक निर्माण, स्तरोन्नती, मन्दिर पुनर्निर्माण, सार्वजनिक इनार निर्माण एवं वनधारा मुहान संरक्षण तथा सिस्नेधारा ट्रष्ट भवन निर्माण पूरा गरेको छ । वडास्तरीय योजनामा पक्की कुलो, सिँचाइ कुलो निर्माणसहित विश्वमित्र मावि, सिस्नेरी माविमा खेल मैदान निर्माणको काम सम्पन्न गरिएको छ । वडाबाट विनियोजित बजेट शीर्षकबाट महालक्ष्मी क्याम्पस भवन मर्मतजस्ता शैक्षिक योजना पूरा भएका छन् ।

प्रदेश सांसद कोषबाट विनियोजित बजेटबा सहिद चन्द्र बयलकोटी मार्ग ढलान तथा ज्यागटा आरूबोट खानेपानी योजना पेरिमिटर वाल र ढोका निर्माण गर्ने कार्य सम्पन्न भएको छ । संघीय सांसद कोषबाट घिमिरेथोक उकालो ढलान तथा कोटडाँडा विपश्यना ध्यान केन्द्र कम्पाउण्ड वाल निर्माण सम्पन्न भएको छ ।

त्यसबाहेक काठमाडौं उपत्यका विकास प्राधिकरण, जिल्ला आयुक्तको कार्यालय ललितपुर, भुतथा जलाधार व्यवस्थापन कार्यालय ललितपुर, बागमती प्रदेश सरकारद्वारा भु तथा जलाधार व्यवस्थापनमा विनियोजित रकमबाट श्रृगेरी खोलामा तटवन्ध निर्माण गर्ने कार्य सम्पन्न गरिएको छ । वडा कार्यालयले गैरसकारी संस्थासँग मिलेर पनि विभिन्न आयोजनाहरू पूरा गरेको छ ।

# पूर्वाधार र पर्यटनमा जोड दिएको छु



बलराम लामा
वडा अध्यक्ष
वडा नम्बर १०, महालक्ष्मी नगरपालिका

लाँकुरी भञ्ज्याङजस्तो पर्यटकीय क्षेत्र भएको वडा नम्बर १० नगरपालिकाकै सबैभन्दा विकट वडा हो । गएको आर्थिक वर्षमा वडा कार्यालयले बाटोघाटो, खानेपानी, शिक्षा, स्वास्थ्यपछि पर्यटनका क्षेत्रमा काम गरेको छ । यसैगरी आर्थिक वर्ष २०७६/७७ मा वडा नम्बर १० ले सडक निर्माण, धार्मिक तथा पर्यटकीय क्षेत्रको पूर्वाधार निर्माणमा पनि उत्तिकै काम गरेको छ ।

वडा कार्यालयले कालीदेवीदेखि सिकारी टोल नारायणडाँडा सडक निर्माण, पाँचपोखरी डाँडा नारायणडाँडा सडक निर्माण, सिर्थली बाटो विस्तार, फुल्चोकी खोला बाटो विस्तारदेखि विष्टटोल सिंगरटोल हुँदै न्युरो जाने बाटो ढलान तथा कल्भर्ट निर्माणको काम पूरा गरेको छ । यसबाट जनताको दैनिकीमा थप सहज हुने अपेक्षा राखेका छौं ।

वडा कार्यालयले कालीदेवी मन्दिर निर्माण, ढडेन खोला पक्की पुल निर्माण सँगै प्रतियोगितात्मक फुटबलदेखि अन्य सामाजिक, साँस्कृतिक क्षेत्रमा काम गरेको छ । विकट वडा भएकाले गर्नुपर्ने कामहरू धेरै छन् तर बजेट अभाव भएको अवस्था छ ।

## वडा नम्बर १० का प्रमुख कार्यहरु

आर्थिक वर्ष २०७६/७७ मा वडा नम्बर १० ले सडक निर्माण, धार्मिक तथा पर्यटकीय क्षेत्रको पूर्वाधार निर्माण, खानेपानी, सार्वजनिक शौचालय निर्माणजस्ता विकासका कामहरू सम्पन्न गरेको छ ।

वडा कार्यालयले कालीदेवीदेखि सिकारी टोल नारायणडाँडा सडक निर्माण, पाँचपोखरी डाँडा नारायणडाँडा सडक निर्माण, सिर्थली बाटो विस्तार, फुल्चोकी खोला बाटो विस्तारदेखि विष्टटोल सिंगरटोल हुँदै न्युरो जाने बाटो ढलान तथा कल्भर्ट निर्माणको काम सम्पन्न भएको छ ।

वडा कार्यालयले कालीदेवी मन्दिर निर्माण, ढडेन खोला पक्की पुल निर्माण, फुटबल प्रतियोगिता आयोजना, फेदीखोलामा पुल निर्माण, माने चैत्य खोला पक्की साँघु निर्माण, सिंगर टोल खानेपानी टयाङ्की मर्मत तथा पर्यटकीय सूचना केन्द्र तथा सामुदायिक भवनको कम्पाउण्ड निर्माणको काम गरेको छ ।

घरेलु हिंसा–अपराधको जघन्य प्रकार
सबै मिली गरौं यसको प्रतिकार

महालक्ष्मी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ललितपुर, बागमती प्रदेश, नेपाल

योजना तर्जुमा तथा व्यवस्थापन शाखा

## अन्सारी चोकदेखि गोदावरी खोला सडक सम्झौता

महालक्ष्मी नगरपालिका वडा नम्बर ५ को अन्सारी चोकदेखि गोदावरी खोला सडक खण्डको सम्झौता भएको छ । सडक बोर्ड नेपालबाट सहमति भएको ३१९९८०३.६ रूपैयाँको बजेट सहित सम्झौता भएको छ । लकडाउनका कारण मूल्यांकन ढिला हुँदा असार १० गतेमात्रै सम्झौता भएको हो । नगरपालिकामा नयाँ ६ वटा 'घ' वर्षको फर्मलाई इजाजतपत्र दिइएको छ भने जम्मा ७१ वटा फर्मको नविकरण भएको भएको छ ।

राजश्व शाखा

## महालक्ष्मीको राजश्व संकलनको अवस्था

लकडाउनको प्रभाव राजश्व संकलनमा पनि लकडाउनले आर्थिक क्षेत्रमा असर गरेपछि महालक्ष्मी नगरपालिकाको राजस्व संकलन पनि प्रभावित भएको छ । विश्वमै महामारीको रूपमा देखा परेको कोरोना भाइरस (कोभिड- १९) को प्रभावका कारण २०७६ चैत ११ गतेदेखि मुलुकभर लकडाउनको कारणले २०७७ जेठ मसान्तसम्म नगरपालिकाको राजश्व अशुलीमा प्रत्यक्ष प्रभाव परेको राजश्व शाखाले जनाएको छ । शाखा प्रमुख भन्नुहुन्छ 'राजश्वको लक्ष्य अनुसार प्रगति हुन सकेन ।'

नगरपालिकाले राजश्व असुलीलाई प्रभावकारी बनाउन स्थलगतरूपमा खटिई बहाल कर तथा व्यावसाय दर्ता, नवीकरण लगायत कर असुलीका लागि सहजकर्ता नियुक्ति सम्बन्धि निर्देशिका मस्यौदा समितिमा पेस भइ छलफलको क्रममा रहेको छ ।

नगरपालिकाले करप्रति जनचेतना अभिवृद्धिका लागि विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको छ । नगरपालिका क्षेत्र भित्रका करदाताहरूलाई कर प्रति जनचेतना अभिवृद्धिका लागि समयमै कर तिरौ

पञ्जीकरण शाखा

## १६ हजार ७० जनालाई सामाजिक सुरक्षा भत्ता

आर्थिक वर्ष २०७६/७७ को सामाजिक सुरक्षा भत्ता वितरणको विवरण

| क्र.स | भत्ताको किसिम | संख्या | केन्द्रीय रकम | नगरपालिकाबाट बाट थप | जम्मा रु |
|---|---|---|---|---|---|
| १ | विधवा भत्ता | ४६१६ | ३६९१४००० | २३०८००० | ३९२२२००० |
| २ | एकल महिला भत्ता | ५५ | ४३२००० | २७५०० | ४५९५०० |
| ३ | ज्येष्ठ नागरिक भत्ता अन्य | ४६४५ | ३७१४२००० | २३२२५०० | ३९४६४५०० |
| ४ | ज्येष्ठ नागरिक भत्ता दलित | २२५ | १८००००० | ११२५०० | १९१२५०० |
| ५ | पूर्ण अपाङ्ग भत्ता | २०३ | २४३६००० | १०१५०० | २५३७५०० |
| ६ | बालबालिका सुरक्षा भत्ता दलित | २०६ | ३१८४०० | १०३००० | ४२१४०० |
| ७ | अति अशक्त अपाङ्ग भत्ता | ३१३ | २००३२०० | १५६५०० | २१५९७०० |
| ८ | ज्येष्ठ नागरिक उपचार खर्च | ५८०७ | २३२१०००० | ० | २३२१०००० |
| | | | | | |
| | | | | | |
| | जम्मा | १६०७० | १०४२५५६०० | ५१३१५०० | १०९३८७१०० |

महालक्ष्मी नगरपालिकाबाट गत आर्थिक वर्षमा १६ हजार ७० जनाले सामाजिक सुरक्षा भत्ता पाउनुभएको छ । भत्ता पाउनेमा सबैभन्दा बढी ज्येष्ठ नागरिक हुनुहुन्छ । ४ हजार ६ सय ४५ जना ज्येष्ठ नागरिकले भत्ता पाउनुभएको छ । यसैगरी ४ हजार ६ सय १६ जनाले विधवा भत्ता पाउनुभएको छ । ज्येष्ठ नागरिक उपचार खर्च पाउनेको संख्या भने ५ हजार ८ सय ७ जना रहेको छ । केन्द्रीय रकम र नगरपालिकाबाट थप भएकोसमेत गरी सामाजिक सुरक्षावापत १० करोड ९३ लाख ८७ हजार १ सय रूपैयाँ वितरण गरिएको छ । विस्तृत विवरण तालिकामा उल्लेख छ ।

जरिवानाबाट बचौं, स्वच्छ सफा समृद्ध सुन्दर महालक्ष्मी नगर हामी सबैको रहर, कर तिरौं सभ्य नागरिकको परिचय दिऔं र सुविधा खोज्ने हाम्रो अधिकार हो भने कर तिर्नु हाम्रो दायित्व हो, कर तिरौं सभ्य नागरिकको परिचय दिऔं जस्ता जनचेतनामुलक फ्लक्स बोर्ड बनाएर नगर कार्यपालिकाको कार्यालय लगायत दश वटै वडा कार्यालय परिसरमा टाँसिएको छ । साथै नगर क्षेत्रभित्र माइकिङ्ग गरी नगरपालिकाको वेबसाइटमा समेत राखिएको ।

सूचना प्रविधि शाखा

## प्रविधिमैत्री बन्दै नगरपालिका

महालक्ष्मी नगरपालिका प्रविधिमैत्री बनिरहेको छ । नगरपालिकाको कार्यालयसँगै विभिन्न वडालाई प्रविधिमैत्री बनाइएको छ । आर्थिक वर्ष २०७६/७७ मा सूचना प्रविधिका क्षेत्रमा नगरपालिकाले विविध गतिविधिहरू सञ्चालन गरेको छ ।

वडा कार्यालयसँग सम्बन्धित नागरिक बडापत्र वेबसाइटमा विद्युतीय सुशासन सेवा शीर्षक अन्तर्गतको नागरिक बडापत्र सहशीर्षक अन्तर्गत




अद्यावधिक गरिएको छ । यसै गरी आधिकारिक वेबसाइटको विद्युतीय सुशासन सेवा अन्तर्गतको घटना दर्ता शीर्षकको पेजमा बसाईसराई दर्ता फारम, सम्बन्ध विच्छेद दर्ता फारम, विवाह दर्ता फारम, मृत्यु दर्ता फारम, जन्म दर्ता फारमहरू अनलाइन मार्फत उपलब्ध गराइएको छ ।

सूचना प्रवाहलाई अझै सवलिकरण गर्ने हेतुले आधिकारिक फेसबुक पेज मार्फत नगरपालिकासँग सम्बन्धित सूचना समाचार प्रकाशनलाई निरन्तरता दिइएको छ ।

सामाजिक सञ्जाल फेसबुकलाई व्यवस्थित सञ्चालन, अद्यावधिक गर्ने तथा जनगुनासोलाई ग्रहण गर्दै कार्यान्वयनको काम भइरहेको छ । अहिले हाम्रो आधिकारिक फेसबुक पेजमा ३ हजार भन्दा बढी जोडिनुभएको छ ।

कोरोना भाइरस सङ्क्रमणविरूद्ध जनचेतना जगाउन सामाजिक सञ्जाललाई भरपुर उपयोग गरिएको छ । 'घरमै बसौं, सुरक्षित रहौं' नारा सहितको फेसबुक फ्रेम महालक्ष्मी नगरपालिकाको सूचना प्रविधि शाखाबाट डिजाइन गरि यस नगरपालिकाको आधिकारिक फेसबुक पेजबाट सार्वजनिक गरिएको थियो । उक्त फ्रेमको नगरवासीहरूबाट प्रयोग भई जनस्तरमा लकडाउन पालन गर्नको लागि थप प्रेरणा मिलेको अपेक्षा गरेका छौं ।

पहिलेदेखि इमेल प्रयोग नभएका वडा कार्यलयहरूलाई आधिकारिक इमेल बनाई प्रयोगमा ल्याउन सहयोग गरिएको छ भने वेबसाइटमा फेसबुक पेज देखिने गरी इम्बेड गरिएको छ ।

वेबसाइटको मुख्य मेनु अन्तर्गतको 'परिचय' शीर्षक अन्तर्गतका संक्षिप्त परिचय, कर्मचारीहरू, जनप्रतिनिधि विवरण र साविकसहितको हालको वडा विवरण पेज निर्माण गरिएको छ । नगरपालिकाको वेबसाइटमा 'शिक्षा स्रोत तथा सामाग्री' नामक नयाँ पेज निर्माण गरि मुख्य मेनुबाटै खोल्न सकिने गरि प्रयोगमा ल्याइएको छ ।

कोभिड - १९ को रोकथाम तथा नियन्त्रणमा यस नगरपालिकाबाट भए गरेका मुख्य क्रियाकलाप र प्राप्त सहयोगहरूको विवरण एकै ठाउँमा हेर्न मिल्ने गरी 'कोभिड - १९' शीर्षकको पेज वेबसाइटमा निर्माण गरिएको छ । यसैगरी महालक्ष्मी नगरपालिकासँग सम्बन्धित मिडियाद्वारा प्रकाशित भिडियोहरू एकै ठाँउमा हेर्न मिल्ने गरी 'मिडिया' पेज वेबसाइटमा निर्माण र अद्यावधिक गरिएको छ ।

| |
|---|
| वेबसाइटः *www.mahalaxmimun.gov.np* |
| फेसबुक पेजः *www.facebook.com/mahalaxmimun* |

भवन तथा वस्ती विकास शाखा

## नक्सा दर्ता १ हजार ३५ थपियो

महालक्ष्मी नगरपालिकामा आर्थिक वर्ष २०७६/७७ मा १ हजार ३५ घरको नक्सा दर्ता भएको छ । तीमध्ये १ हजार १८ लाई अस्थायी स्वीकृत गरिएको छ भने ९ सय ३१ लाई स्थायी स्वीकृति प्रदान गरिएको छ ।

*विस्तृत तालिका पृष्ठ ५६ मा प्रस्तुत गरिएको छ ।*

शिक्षा, युवा तथा खेलकुद शाखा

# शिक्षामा सृजनात्मक अभ्यास




महालक्ष्मी नगरपालिकाले शिक्षाको क्षेत्रमा सृजनात्मक अभ्यास सुरू गरेको छ । जनप्रतिनिधि निर्वाचित भएसँगै शिक्षालाई प्राथमिकतासाथ अगाडि बढाइएको छ । स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन देखि विद्यालयमा प्रयोगात्मक परीक्षा तथा परियोजनामा आधारित शिक्षण सिकाई निर्देशिका निर्माणलगायत थुप्रै नमुनायोग्य काम भएको छ ।

स्थानीय पाठ्यक्रम निर्माण

महालक्ष्मी नगरपालिकाले स्थानीय पाठ्यक्रमलाई कार्यान्वयनमा ल्याएको छ । नयाँ शैक्षिक सत्र विस २०७७ बाट महालक्ष्मी नगरपालिका भित्रका साँस्कृतिक, भौगोलिक, प्राकृतिक, धार्मिक, ऐतिहासिक, व्यावसायिक सम्पदा, ज्ञान तथा सीपहरू, व्यावहारिक र जीवनउपयोगी विषयवस्तुहरू समावेश गर्न गरी कक्षा एक देखि आठ कक्षा सम्मको स्थानीय पाठ्यक्रम निर्माण गरिएको हो ।

नगर प्रमुख तथा नगर शिक्षा समिति अध्यक्ष रामेश्वर श्रेष्ठको अध्यक्षतामा १७ सदस्यीय विज्ञ समूह गठन गरिएको थियो । समितिको निर्देशनमा प्रमुख शिक्षा अधिकृत रामवन्धु सुवेदीको संयोजकत्वमा ७ सदस्यीय पाठ्यक्रम लेख्न कार्यदलले ७ वटा विषयवस्तुको क्षेत्र निर्धारण

गरी सो विषयक्षेत्रमा आधारित भई प्रश्नावली निर्माण पश्चात प्रत्येक वडाका राय सुझावका आधारमा शैक्षिक सत्र २०७७ बाट कार्यान्वयन गर्ने गरी 'हामी र हाम्रो महालक्ष्मी नगरपालिका' नामक स्थानीय पाठ्यक्रम निर्माण कार्य सम्पन्न भएको छ ।

एक सय पूर्णाङ्करूको सो पाठ्यक्रम वर्षमा चार क्रेडिट आवर पढाउने तयारी नगरपालिकाको छ । नगरपालिकाम ४२ संस्थागत र १५ सामुदायिक गरी ५७ वटै विद्यालय रहेका छन् ।



## विद्यालयमा प्रयोगात्मक परीक्षा तथा परियोजनामा आधारित शिक्षण सिकाई

## निर्देशिका निर्माण

विद्यालय तहको शिक्षण सिकाई पद्धतिलाई व्यवहारिक, रचनात्मक, विश्लेषणात्मक र प्रयोगात्मक ढंगले सञ्चालन गरी एक्काइसौं शताब्दीको विश्व बजारमा प्रतिस्पर्धा गर्न सक्ने नागरिक तयार गर्न महालक्ष्मी नगरपालिकाले सबै सामुदायिक र संस्थागत विद्यालयहरूले अनिवार्य रूपमा परियोजनामा आधारित शिक्षण सिकाई सञ्चालन गरेको छ ।

कक्षा १ देखि १० सम्मका सबै विषयहरूमा सम्भावित परियोजना कार्यहरू, सञ्चालन प्रक्रिया, मूल्याङ्कन विधि समेत समावेश गरेको निर्देशिका तयार गर्न मिति २०७६ साउन २२ र २३ गते तहगत, विषयगत र कक्षागत समूह निर्माण गरी लेखन कार्यशालाको सञ्चालन गरिएको थियो ।

कार्यशालाबाट प्राप्त मस्यौदाहरूलाई सम्पादन गर्न प्रमुख शिक्षा अधिकृत रामबन्धु सुवेदीको संयोजकत्वमा ८ सदस्यीय सम्पादन समिति निर्माण गरी विषयगत रूपमा सम्पादन गरेर अन्तिम रूप दिइएको थियो । २०७६ मंसिर १८ गते कृष्णलाल महर्जनको प्रमुख आतिथ्यतामा विमोचन कार्यक्रम सम्पन्न भएको थियो । शैक्षिक सत्र २०७७ बाट यस निर्देशिका कार्यान्वयनको चरणमा रहेको छ ।

## मेयरसँग विद्यार्थी कार्यक्रम सञ्चालन

स्थानीय सरकारका निर्वाचित प्रमुखहरू र नगरपालिकाका भविष्य बोकेको विद्यार्थीहरूबीच आपसी विश्वास, अन्तरक्रिया गर्ने उद्देश्यले श्री सिद्धिमङ्गल माध्यमिक विद्यालयको हलमा 'मेयरसँग विद्यार्थी कार्यक्रम' आयोजना गरिएको छ ।
२०७६ साउन १० गते नगर प्रमुख रामेश्वर श्रेष्ठको विशेष उपस्थितिमा, नगरपालिकाभित्रका वडा अध्यक्षहरू, नगर शिक्षा समितिका पदाधिकारीहरू, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू, प्रधानाध्यापकहरू, शिक्षक प्रतिनिधिहरू र विद्यार्थीहरूको भव्य उपस्थितिमा विद्यार्थीहरूको प्रश्न, जिज्ञासाहरूलाई नगरप्रमुखे सम्बोधन गर्नुभएको थियो । कार्यक्रममा जम्मा १ सय १ जनाको उपस्थिति रहेको थियो ।

## महालक्ष्मी नगरपालिकाको शिक्षा ऐन कार्यान्वयनमा

नेपालको संविधान बमोजिम स्थानीय तहलाई प्राप्त शिक्षा सम्बन्धी अधिकार कार्यान्वयन गर्ने र महालक्ष्मी नगर क्षेत्र भित्र स्थापना हुने तथा स्थापना भइ सञ्चालनमा रहेका आधारभूत तथा माध्यमिक

विद्यालयहरूको व्यवस्थापन सुधार गर्दै शिक्षाको विकास गर्न नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दिएको अधिकार प्रयोग गरी महालक्ष्मी नगरपालिकाको शिक्षा ऐन २०७६, नगरसभाबाट पारित भइ कार्यान्वयनमा रहेको छ ।

यसैगरी सामुदायिक तथा संस्थागत विद्यालयहरूले प्रदान गर्ने छात्रवृत्ति वितरण प्रक्रियामा एकरूपता कायम गरी जेहेन्दार, विपन्न, अपाङ्ग, महिला, दलित, जनजाति, जनआन्दोलन तथा मधेस आन्दोलनका घाइते, वेपत्ता तथा शहिद परिवारका सन्ततिहरूले छात्रवृत्ति प्राप्त गर्ने व्यवस्थालाई सुनिश्चित गर्न महालक्ष्मी नगरपालिका विद्यालय छात्रवृत्ति व्यवस्थापन विधि, २०७६ बनाई कार्यान्वयनमा ल्याइएको छ ।

यसबाट प्राविधिक शिक्षा छात्रवृत्ति कोषको व्यवस्थापन र सवै प्रकारका छात्रवृत्ति वितरणको व्यवस्थालाई पारदर्शी तथा आवश्यकता लक्षित बनाउन आवश्यक सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

यस्तै, शिक्षक तथा कर्मचारी छनौट प्रक्रियालाई व्यवस्थित, मर्यादित एवम् स्तरीय बनाउन र योग्य एवम् सक्षम जनशक्तिको छनौट गरी बालबालिकाहरूको पढ्न पाउने अधिकारको सुनिश्चित गरी शिक्षाको गुणस्तर अभिवृद्धि गर्न र सामुदायिक विद्यालयमा करारमा शिक्षक नियुक्तिका लागि सिफारिस गर्न महालक्ष्मी नगरपालिकाको शिक्षा ऐन, २०७६ को दफा ३७ (१) (स) ले दिएको अधिकार प्रयोग गरी सोही ऐनमा उल्लेखित करारमा शिक्षक तथा कर्मचारी नियुक्तिसम्बन्धी व्यवस्थालाई थप स्पष्ट पार्न शिक्षक तथा विद्यालय कर्मचारी नियुक्ति कार्यविधि, २०७६ निर्माण गरी कार्यान्वयनमा रहेको छ ।

## महालक्ष्मीमा शैक्षिक कार्यक्रम निरन्तर

४० औं राष्ट्रिय शिक्षा दिवस तथा अन्तर्राष्ट्रिय साक्षरता दिवसको अवसरमा आयोजित नगरस्तरीय अन्तर विद्यालय स्पेलिङ प्रतियोगिता २०७६ साल भदौ २३ र २४ गते सञ्चालन गरियो । दुई दिनसम्म सञ्चालित सो कार्यक्रममा सहभागी भएका ३० विद्यालयहरूमध्ये प्रथम नेपाल डन बस्को माविका मेघना साउथ, द्वितीय भ्याली पब्लिक स्कुलका ज्योती राना मगर र तृतीय युनाइटेड स्कुलका सुपुजा भट्टराई रहेका थिए ।

यसैगरी, विद्यार्थीहरूको शारीरिक, मानसिक, सामाजिक एवम् सर्वाङ्गीण विकास गर्ने हेतुले मिति २०७६ मंसिर ८ गते श्री सिद्धिमङ्गल माध्यमिक विद्यालयमा MINI BHABISHYA STEAM CHALLENGE सञ्चालन गरिएको थियो । जम्मा २६ टिम सहभागी भएका उक्त कार्यक्रममा अनन्त माविले Team Work, ललितपुर ग्लोवल एकेडेमीले Aesthetics, गौरी शंकर अंग्रेजी बोर्डिङ स्कुलले Innovative, स्वर्णिम सागर एकेडेमीले Problem Solving र वेष्ट विङ माविले Community Impact अवार्ड हासिल गरेका थिए ।

यसैगरी, लोप हुन लागेको मौलिक संस्कृतिहरूको संरक्षण तथा बालबालिकामा अन्तर्निहित सिर्जनशीलतालाई प्रत्यक्ष साक्षात्कार गराउने उद्देश्यले महालक्ष्मी नगरपालिका स्तरीय लोक नृत्य माध्यमिक तह प्रतियोगिता मिति २०७६ मंसिर १४ मानीय कृष्णलाल महर्जनज्यूको प्रमुख आतिथ्यतामा श्री वेष्ट विङ माध्यमिक विद्यालयमा सञ्चालन गरिएको थियो । उक्त प्रतियोगितामा वेष्ट विङ मावि प्रथम, गौरी शंकर अंग्रेजी बोर्डिङ स्कुल द्वितीय र जिनीयम नेसनल एकेडेमीले तृतीय स्थान हासिल गरेका थिए ।

### अन्तर विद्यालय हाजिरी जवाफ प्रतियोगिता सञ्चालन:

जीवनउपयोगी सीप तथा पाठ्यक्रम भन्दा वाहिरी ज्ञानको वारेमा बिद्यार्थीहरूलाई जानकारी गराउने उद्देश्यले मिति २०७६ माघ २३ र २४ गते महालक्ष्मी नगरस्तरीय हाजिरीजवाफ प्रतियोगिता सम्पन्न भएको थियो । उक्त प्रतियोगितामा भ्याली पब्लिक स्कुल प्रथम, अनन्त स्कुल द्वितीय र जिनीयम नेसनल एकेडेमी तृतीय भएका थिए ।

### बालविकासका सहयोगी शिक्षकहरूलाई विज्ञ तालिम प्रदायकसँगको साझेदारीमा आधारित मन्टेश्वरी तालिम:

अर्ली चाइल्ड हुड एजुकेसन सेन्टर (ECEC) र सिद्धिमंगल माध्यमिक विद्यालयसँग समझदारी गरी बालमैत्री कक्षाकोठाको विकास र आवश्यक सामग्रीहरू उपलब्ध गराइ बाल विकासका सहयोगी शिक्षकहरूलाई तालिम सञ्चालन गरिएको थियो ।

### हस्तलेखन तालिम सञ्चालन:

यस नगरपालिका भित्रका इच्छुक सबै शिक्षक र हरेक विद्यालयबाट ६० देखि ७० जना विद्यार्थीहरूलाई ६ दिनको बेग्लाबेग्लै तालिम सञ्चालन गरिएको थियो ।

### राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता सञ्चालन:

महालक्ष्मी नगरस्तरीय राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता शुभतारा स्कुलमा सञ्चालन गरिएको थियो । उक्त प्रतियोगितामा जम्मा सहभागी भएका २६ विद्यालयहरूमध्ये सर्वाधिक गोल्ड मेडल जित्न सफल भई दोस्रो राष्ट्रपति रनिङ सिल्ड २०७६ को उपाधि नेपाल डन बस्को स्कुलले जित्न सफल भयो । त्यसै प्रतियोगितामा दोस्रो स्थान पवन प्रकृति मावि र तेस्रो स्थान गम्भीर समुद्र माविले हासिल गर्न सफल भएका थिए ।

### महालक्ष्मी नगरस्तरीय आवधिक परीक्षा सञ्चालन:

यस नगरपालिका भित्रका सबै सामुदायिक विद्यालयहरूमा परीक्षा सञ्चालन, व्यवस्थापन तथा नतिजा प्रकाशनमा स्तरीयता र एकरूपता कायम गरी शैक्षिक गुणस्तर कायम गर्न कक्षा १ देखी १० सम्म ३ वटा आवधिक परीक्षा सञ्चालन गरिएको । सवै विषयका विज्ञ शिक्षकहरूलाई प्रश्नपत्र निर्माण, स्तरीकरण तथा प्रश्नका तह निर्माण सम्बन्धी प्राविधिक ज्ञान र सीप सहितका कार्यशाला सञ्चालन गरिएको थियो ।

### आधारभूत तह उत्तीर्ण परीक्षा सञ्चालन, व्यवस्थापन तथा नतिजा प्रकाशन:

राष्ट्रिय पाठ्यक्रम अनुरूप आधारभूत तह उत्तीर्ण परीक्षा कक्षा ८ अन्त्यमा लिइने परीक्षा स्तरीकृत, विश्वसनीय रूपमा सञ्चालन गरिदै आएको छ । जसले नगरको वास्तविक शैक्षिक स्थिति झल्काउन मद्दत गरेको छ ।

### स्वअध्ययन सामग्री र अभ्यास पुस्तिका छपाइ गरी वितरण:

कोभिड- १९ को सङ्क्रमणको कारण विद्यालय बन्द रहेको अवस्थामा बालबालिकाको पठनपाठन अवरूद्ध भएकोले बैकल्पिक प्रणालीको माध्यमबाट सहजीकरण गर्न यस नगरपालिका र कोलाबोरेटिभ स्कुलस नेटवर्कको सहकार्यमा पूर्वप्राथमिक कक्षादेखि कक्षा ५ सम्मका बालबालबालिकाहरूलाई अभ्यास पुस्तिका निर्माण गरी सबै सामुदायिक तथा संस्थागत विद्यालयहरूलाई वितरण गरिएको छ । साथै शिक्षा तथा मानव स्रोत विकास केन्द्रले तयार गरेको पूर्व प्राथमिक कक्षा देखि कक्षा ८ सम्मको शैक्षिक स्वाध्यायन सामग्री सबै सामुदायिक विद्यालयका विद्यार्थी संख्याका आधारमा छपाइ गरी वितरण गर्ने तयारी रहेको छ ।

## शिक्षकहरूको मासिक तलब भत्ता भुक्तानी

शिक्षकहरूको मासिक तलब भत्ता समयभित्रै हरेक महिना भुक्तानी गर्ने प्रबन्ध गरिएको छ । जसका लागि हरेक महिनाको २० गते भित्र अघिल्लो महिनाको खर्च, फाँटवारी र माग फाराम एकसाथ पेस गर्नुपर्ने र २८ गते भित्र विद्यालयको खातामा तलव निकासा गरिने र ३० गतेभित्र विद्यालयले हरेक शिक्षकहरूको खातामा निकासा दिनुपर्ने पद्धति संस्थागत भएको छ ।

**पशु सेवा शाखा**

## पशु सेवा कार्यक्रममा फड्को

महालक्ष्मी नगरपालिकाको पशु सेवा शाखाले आर्थिक वर्ष २०७६/७७



मा विगतका कार्यक्रमलाई निरन्तरता दिँदै थप कार्यक्रम



अगाडि बढाएको छ ।

शाखाले पशु स्वास्थ्य सेवा, पशु प्रजनन सेवा, पशु आहारा सेवा, पशु ब्यवस्थापन सेवा, तालिम जनचेतना कार्यक्रम, उपचार सेवा कार्यक्रम सञ्चालन गर्दै आएको छ । शाखाले नगर प्रमुख रामेश्वर श्रेष्ठको उपस्थितमा भकारो सुधार कार्यक्रम अन्तर्गत कृषकहरूलाई चेक हस्तान्तरण गरेको छ । यसैगरी जैविक सुरक्षा सम्बन्धि अन्तरक्रिया गोष्ठी वडा नम्बर ७ र ८ मा सम्पन्न गरिएको छ ।

वर्डफ्लु तथा अन्य संक्रामक रोगहरूको निदानको लागि कुखुराहरूको रक्त नमुना संकलनको कार्यक्रम सञ्चालन तथा बर्डफ्लु रोगबाट हुने असरबारे अन्तरक्रिया कार्यक्रम गरिएको थियो भने जुनोटिक रोगहरूबारे जनचेतना जगाउन स्कुलका विद्यार्थीहरूलाई स्कुल शिक्षा कार्यक्रम सञ्चालन गरिएको छ । यसैगरी गाई भैंसीमा लाग्ने पशु प्रजनन रोगहरू तथा विकृति निदान उपचार कार्यक्रम सञ्चालन गरिएको थियो ।

पशु सेवा शाखाले विभिन्न वडाहरूमा कृषकहरूलाई बाख्रापालन तालिमका साथै कृषकहरूलाई गाई भैंसीपालन तालिमका साथै जै घाँसको बिउ वितरण, कृषि तथा पशु बिमा सम्बन्धि अन्तरक्रिया कार्यक्रम, भैंसीमा कृत्रिम गर्भाधान, पाठापाठीहरूको पीपीआर रोगको निदान, ब्रोइलर कुखुराको चल्ला वितरण, बोकालाई बन्ध्याकरण गर्ने कार्यक्रम सञ्चालन गरेको छ ।

# स्वास्थ्यमा अब्बल



कोरोना भाइरस (कोभिड १९) सङ्क्रमणबाट नगरबासीलाई जोगाउन महालक्ष्मी नगरपालिकाले विशेष योजना र कार्यक्रम सञ्चालन गरेको छ । सङ्क्रमण वृद्धि हुँदै जाँदा नगरपालिकाले पूर्वसावधानी अपनाउन विविध कार्यक्रम सञ्चालन गरेको थियो । २०७६ चैत ९ गते बसेको बैठकले कोराना भाइरसको सङ्क्रमणलाई रोगथाम गर्नको लागि स्वास्थ्य संस्था बाहेकका अन्य वडाहरूमा हेल्थ डेस्क खडा गरी ज्वरो जाँच गर्ने र आवश्यक सल्लाह दिने निर्णय भएको थियो ।

यसैगरी २०७६ चैत २५ गते नगर-प्रमुख रामेश्वर श्रेष्ठको अध्यक्षतामा बसेको बैठकले विरामी ओसार पसार गर्ने एम्बुलेन्स सञ्चालक, ड्राइभर लाई पीपीई, मास्क, स्यानिटाइजर, ग्लोब्स, स्प्रे र इन्धन दिने निर्णय गरेको थियो । यसैगरी, २०७७ जेठ २ गते नगर प्रमुख संयोजक रहने संकट व्यवस्थापन केन्द्र (सीएमसी)को बैठकले पीसीआर र आरडीटी जाँचका लागि इमाडोलमा १ देखि ५ र लुभुमा ६ देखि १० नम्बर वडालाई तय गरी पीसीआर परीक्षण गरिएको थियो । नगरपालिकाले रेडजोनबाट आएका, फोहोर व्यवस्थापनमा खटिने श्रमिक, विदेशबाट आएका, जनप्रतिनिधि, कर्मचारीहरूको जेष्ठ ४ र ५ गते परीक्षण गरिएको थियो । कोरोना भाइरस नियन्त्रण, रोकथाम र उपचारबाहेक नगरपालिकाको स्वास्थ्य क्षेत्रमा विभिन्न कार्यक्रम भएका छन् ।

१६ औं महिला स्वास्थ्य स्वम्सेवक दिवसका अवसरमा लुभुमा हाजिरी जवाफ प्रतियोगिता भएको छ । जसमा ५६ जनाको सहभागिता थियो ।

- यसैगरी २०७६ मंसिर २९ र ३० गते इमाडोलको वडा नं १ को सभा हलमा नगर प्रमुख रामेश्वर श्रेष्ठको अध्यक्षतामा महिला स्वास्थ्य स्वयंसेविका तथा स्वास्थ्य शिक्षकहरूलाई आँखा, नाक, कान, घाँटी सम्वन्धि २ दिने अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको थियो । जसमा ४५ जनाको उपस्थिति थियो ।

- प्रत्येक महिनाको ८ गते नगरपालिका अर्न्तगतका अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र र स्वास्थ्य चौकीहरूको आ.व. ०७६/०७७ मा सञ्चालित स्वास्थ्य सम्बन्धि कार्यक्रमहरूको मासिक बैठक बस्ने, समीक्षा गर्ने र निर्णय गर्ने गरिएको छ ।
- आर्थिक वर्ष २०७६/७७ मा नगरपालिकाले नगर र वडा तहमा गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह तथा स्वास्थ्य संस्थाहरूको व्यवस्थापन सुदृढीकरण समितिको चयन गरेको छ । यसैगरी बालबालिकालाई दादुरा, रूबेला खोप सञ्चालन गरेको छ ।
- नगरपालिकाले स्वास्थ्य संस्थाहरूका स्वास्थ्यकर्मीलाई प्रजनन् किशोर किशोरीमैत्री सेवाबारे अभिमुखिकरण तालिम सञ्चालन गरेको छ ।



संघ संस्था र वित्त

# गैरसरकारी संस्था तथा बैकिङ पहुँचको अवस्था

महालक्ष्मी नगरपालिका भित्र कार्यक्षेत्र विस्तार गरी कार्यसञ्चालन गर्ने उद्देश्यले २०७७ असारसम्म ५७ वटा गैरसरकारी संस्था तथा ८ वटा बैङ्कका शाखा कार्यालयहरु नगरपालिकामा आबद्ध भएका छन् ।

**आबद्ध भएका बैंकहरु :**

| क्र.सं. | बैङ्कको नाम | वडा नम्बर |
|---|---|---|
| १. | सिद्धार्थ बैङ्क | महालक्ष्मी नगरपालिका वडा नम्बर ४ |
| २. | गण्डकी विकास बैक | महालक्ष्मी नगरपालिका वडा नम्बर १ |
| ३. | कामना सेवा विकास बैङ्क | महालक्ष्मी नगरपालिका वडा नम्बर ५ |
| ४. | सनराइज बैक | महालक्ष्मी नगरपालिका वडा नम्बर ६ |
| ५. | एन.एम.बी. बैक | महालक्ष्मी नगरपालिका वडा नम्बर ८ |
| ६. | प्राइम कमर्सिय बैङ्क | महालक्ष्मी नगरपालिका वडा नम्बर ४ |
| ७. | प्राइम कमर्सिय बैङ्क | महालक्ष्मी नगरपालिका वडा नम्बर २ |
| ८. | कुमारी बैङ्क | महालक्ष्मी नगरपालिका वडा नम्बर ४ |

## लैगिंक हिंसा विरुद्धको १६ दिने अभियान

महालक्ष्मीमा विभिन्न कार्यक्रम आयोजना "समानताको पुस्ता बलात्कार विरूद्धको ऐक्यबद्दता" भन्ने राष्ट्रिय नाराका साथ लैगिंक हिंसा विरूद्धको १६ दिने अभियान महालक्ष्मी नगरपालिकामा विविध कार्यक्रम गरी मनाइएको छ ।

२०७६ मंसिर ८ गते नगर प्रमुख रामेश्वर श्रेष्ठको अध्यक्षता र नगर उप प्रमुख निर्मला थापाको प्रमुख आतिथ्यतामा शुभारम्भ गरि २९ गतेसम्म विभिन्न कार्यक्रम गरी मनाइयो । अभियानमा महिला स्वयंसेविका, अगुवा महिला तथा संस्थाका प्रतिनिधिहरूको सहभागीतामा अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिएको थियो भने जनप्रतिनिधिरूको सहभागीतामा जीवनशैली तथा तनाव व्यवस्थापन कार्यक्रम सञ्चालन गरिएको थियो ।

त्यसैगरी २८ औं अपांगता दिवस "दिगो विकासको लक्ष अपांगतामैत्री भविश्य" भन्ने नाराका साथ नगर प्रमुखको अध्यक्षता सञ्चालन गरिएको थियो । विभिन्न ११ वटा सामुदायिक विद्यालयहरूमा छात्राहरूको लागि आत्मरक्षा तालिम सञ्चालन गरिएको थियो । अभियान अर्न्तगत १३१२ जनाको सहभागीता रहेको थियो ।

# के छ मुद्दाको अवस्था ?

## न्यायिक समितिका पदाधिकारी



**निर्मला थापा** (नगर उप-प्रमुख)
**संयोजक**



**वासुदेव शर्मा गौतम** (वडा अध्यक्ष - ९)
**सदस्य**



**गंगा दाहाल** (महिला सदस्य-२)
**सदस्य**

नेपालको संविधानको धारा २१७ ले कानुन बमोजिम आफ्नो क्षेत्राधिकार भित्रका विवाद निरूपण गर्न हरेक नगरपालिकामा नगर उपप्रमुखको संयोजकत्वमा नगर सभाले आफूमध्येबाट निर्वाचित गरेका दुई जना सदस्य रहने गरी तीन सदस्यीय न्यायिक समिति हुने व्यवस्था गरेको छ । सोही बमोजिम महालक्ष्मी नगरपालिकाको मिति २०७४/०३/३१ को नगर सभाले उपप्रमुख निर्मला थापा संयोजक रहेको न्यायिक समिति गठन गरेको थियो । समितिमा वासुदेव शर्मा र गंगा दाहाल सदस्य हुनुहुन्छ ।

संवैधानिक इतिहासमा पहिलो पटक स्थानीय तहलाई आफ्नो क्षेत्राधिकार भित्रका विवाद निरूपण गर्नका लागि न्यायिक अधिकार सहितको न्यायिक समितिको व्यवस्था गरेको छ । त्यसैगरी संविधानको धारा १२७ ले न्याय सम्बन्धी अधिकारको प्रयोगको सन्दर्भमा संविधान, कानुन र न्यायका मान्य सिद्धान्त बमोजिम अदालत वा न्यायिक निकायवाट विवाद निरूपण गर्ने व्यवस्था गरेको छ । कानुनवमोजिम मुद्दा हेर्ने स्थानीय स्तरमा न्यायिक निकाय तथा विवाद समाधानको वैकल्पिक उपाय अवलम्बन गर्न आवश्यकता अनुसार अन्य निकाय गठन गर्न सकिने व्यवस्था गरेको छ ।

संवैधानिक र कानुनी प्रावधान बमोजिम आम नागरिकको न्यायमा पहुँच सहज बनाउन न्यायिक समितिको भूमिका महत्वपूर्ण हुन्छ । न्यायिक समिति गठन भएसंगै स्थानीय स्तरमा घट्ने घटना र परेका विवादको उजुरी न्यायिक समितिमा पर्ने गरेका छन् । समितिले न्यायिक समितिको काम कारबाही व्यवस्थित गर्ने सन्दर्भमा हरेक हप्ताको मंगलबार प्राप्त हुन आएका निवेदन/उजुरी उपर दुवै पक्षहरूलाई बोलाई छलफल गर्ने, फाइल अध्ययन गर्ने र बिहीबार का दिन इजलाश बसी विवादको विषयमा आवश्यक निर्णय गर्ने गरिएको छ ।

महालक्ष्मी नगरपालिकामा विभिन्न कठिनाईहरूका कारण फछ्यौंट विवादको प्रतिशत अपेक्षाकृत हुन सकेको छैन । तथापि दर्ता प्रक्रियामा आउन नचाहने अन्य थुप्रै विवादको पनि निरूपण भएको छ, जुन अभिलेखमा आएको छैन । आ.व २०७४/०७५ र ०७५/०७६ मा फछ्यौट हुन बाँकी देखिएका विवादहरू क्रमिक रूपमा फछ्यौट हुँदै गइरहेका छन् ।

न्यायिक समितिमा आएका विवादहरूमध्ये सबैभन्दा बढी वडा नं ६ बाट १९ वटा देखिन्छ भने सबै भन्दा कम वडा नं ७ बाट २ वटा मात्र निवेदनहरू दर्ता हुन आएका छन् । वडा नं. १० बाट कुनै पनि विवाद समितिमा आएको देखिँदैन । न्यायिक समितिमा हालसम्म परेका विवादको विवरण देहायबमोजिम तालिकामा प्रस्तुत गरिएको छ :-

## विवादको प्रकृतीका आधारमा वर्गीकरण (२०७४ श्रावण महिनादेखि २०७७ जेष्ठ मसान्तसम्म)

| क्र.स. | मुद्दाको प्रकृती | आ.व.२०७४/०७५ | | | आ.व.२०७५/०७६ | | | आ.व.२०७६/०७७ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | मुद्दाको संख्या | फछ्र्यौट भएको मुद्दाको संख्या | प्रक्रियामा रहेको | मुद्दाको संख्या | फछ्र्यौट भएको मुद्दाको संख्या | प्रक्रियामा रहेको | मुद्दाको संख्या | फछ्र्यौट भएको मुद्दाको संख्या | प्रक्रियामा रहेको |
| १ | घरजग्गा सम्बन्धी | ८ | ३ | ५ | ३० | १९ | ११ | ६ | ३ | ३ |
| २ | सार्वजनिक सरोकार (बाटो,भवन) | ५ | ३ | २ | १८ | ९ | ९ | ५ | २ | ३ |
| ३ | घरेलु हिंसासम्बन्धी | २ | १ | १ | ४ | ३ | १ | १ | ० | १ |
| ४ | घरखाली सम्बन्धी | ५ | ५ | ० | १ | १ | ० | ० | ० | ० |
| ५ | अन्य | ६ | ३ | ३ | ९ | ६ | ३ | ५ | १ | ४ |
| | जम्मा | २६ | १५ | ११ | ६२ | ३८ | ९ | १७ | ६ | ११ |

## विवादको प्रकृतिको आधारमा विवादको वडागत विवरण (२०७४ श्रावण महिनादेखि २०७७ असार मसान्तसम्म)

| क्रम संख्या | वडा नम्वर | विवादको संख्या | | | कुल जम्मा |
|---|---|---|---|---|---|
| | | आ.व.२०७४/०७५ | आ.व.२०७५/०७६ | आ.व.२०७६/०७७ | |
| १. | १. | ० | ६ | ४ | १० |
| २. | २. | ४ | ४ | २ | १० |
| ३. | ३. | ० | ५ | ० | ५ |
| ४. | ४. | ६ | ७ | ३ | १६ |
| ५. | ५. | २ | १२ | १ | १५ |
| ६. | ६. | ६ | १० | ३ | १९ |
| ७. | ७. | १ | १ | ० | २ |
| ८ | ८. | ५ | ८ | ४ | १७ |
| ९. | ९. | २ | ९ | ० | ११ |
| १०. | १०. | ० | ० | ० | ० |
| | जम्मा | २६ | ६२ | १७ | १०५ |

## ५१ जनालाई अपांगता परिचय पत्र वितरण

स्थानीय तहबाट नै आपांगता परिचय पत्र वितरण गर्ने व्यवस्थाको सुरूवात भएसँगै महालक्ष्मी नगरपालिकाले २०७६ असोज १५ गते अपांगता परिचयपत्र वितरण कार्यको शुभारम्भ गरेको छ ।

२०७७ असारसम्म नयाँ 'क' वर्ग ८ वटा, 'ख' वर्ग ६ वटा, 'ग' वर्ग ७ वटा र 'घ' वर्गको ४ वटा र पूरानो प्रतिलिपि लिनेमा 'क' वर्ग ६ वटा र 'ख' वर्ग २० वटा गरी जम्मा ५१ वटा परिचय पत्र वितरण गरिएको छ ।

## बाल समूह गठन

बालमैत्री स्थानीय शासन तथा बालमैत्री नगर कार्यान्वयनका लागि आधार तयार पार्ने उद्देश्यले महालक्ष्मी नगरपालिकाको वडा नं १ मा ५ वटा, ४ मा ६ वटा र वडा नं ६ मा २ वटा गरी १३ वटा बाल समूह गठन गरिएको छ । नवगठित बाल समूहलाई कार्ययोजना बनाउन तथा गतिविधि सञ्चालनका लागि अभिमुखिकरण कार्यक्रमसमेत गरिएको छ ।

## महिला बालबालिकासँग उपप्रमुख कार्यक्रम

महालक्ष्मी नगरपालिकामा महिला बालबालिकासँग उपप्रमुख कार्यक्रम सञ्चालन भइरहेको छ । महिलाको विकास बिना समाजको विकास असम्भव हुन्छ भन्ने कुरालाई मध्यनजर गर्दै महिलाहरूको आर्थिक सामाजिक, राजनीतिक सशक्तिकरण र क्षमता विकास गरी लैंगिक हिंसा निवारणका लागि महिला बालबालिकासँग उपप्रमुख कार्यक्रम सञ्चालन गरिएको हो ।

कार्यक्रम अन्तर्गत महिला तथा एकल महिला आदिवासी, जनजाति, अपांगता भएका व्यक्ति, दलित तथा पिछडिएका वर्गका लागि आयआर्जन तथा क्षमता विकास मार्फत सशक्तिकरण गर्नका लागि एकल महिलाहरूको लागि सिप विकास कार्यक्रम सञ्चालन गरिएको छ । २०७६ फागुन १२ गतेका दिन एकल महिलाहरूको लागि सिप विकास सम्बन्धी अभिमुखीकरण कार्यक्रम तथा सम्भाव्यता अध्ययन कार्यक्रम सञ्चालन गरिएको थियो । कार्यक्रम महालक्ष्मी नगरपालिकाका नगर प्रमुख रामेश्वर श्रेष्ठको अध्यक्षतामा सञ्चालन गरिएको थियो । कार्यक्रमको उद्देश्यका बारेमा महालक्ष्मी नगरपालिकाका उपप्रमुख निर्मला थापाले प्रष्ट पार्नु भएको थियो । कार्यक्रममा सबै वडाका महिला जनप्रतिनिधि र एकल महिलाहरू सहित ५० जनाको सहभागीता रहेको थियो ।

**हार्दिक बधाई**



वाङ्मय शताब्दी पुरुष डा. सत्यमोहन जोशीको शताब्दी जन्मोत्सवको अवसरमा रोटरी क्लब दरबार स्क्वाएर, रोट्र्याक्ट क्लब तथा शान्ति विद्याश्रम माविको संयुक्त आयोजनामा मिति २०७६/०९/१२ मा सञ्चालित ललितपुर जिल्लाव्यापी लोक नृत्य प्रतियोगितामा यस नगरपालिकाबाट द्वितीय र तृतीय स्थान हासिल गर्न सफल विद्यालय क्रमशः विश्वमित्र गणेश मावि र लुभु माविलाई हार्दिक बधाई सहित थप सफलताको शुभकामना व्यक्त गर्दछौं ।

शिक्षा, युवा तथा खेलकुद शाखा
**महालक्ष्मी नगरपालिका, ललितपुर**

# महालक्ष्मी नगरपालिकाका असल अभ्यासहरु

## संसद्को बैठक सञ्चालन ढाँचामा नगरसभा सञ्चालन




महालक्ष्मी नगरपालिकामा दोस्रो नगरसभाबाट संसद्को बैठक सञ्चालन गर्ने विधि र प्रक्रिया अनुसार नगर सभा सञ्चालन गरिन्छ । सभाको अध्यक्षता, मर्यादा पालक, नीति तथा कार्यक्रम पेश गर्ने, छलफल गर्ने, स्वीकृतिको लागि टेबुल गर्ने, कानुन तर्जुमा गर्दा दफाबार छलफल, पारित, सभाको आह्वान र अन्त्य जस्ता विषयहरू संसद्को बैठक सञ्चालन मोडेलमा गरिन्छ ।

## मानव मलमूत्रीय फोहोर व्यवस्थापन

यस नगरपालिकाले देशमै पहिलो पटक मानव मलमूत्रीय फोहोर व्यवस्थापनसम्बन्धी कानुन स्वीकृत गरी लागु गरेको छ । मानव मलमूत्रीय फोहोरको सङ्कलन, ढुवानी, प्रशोधन सुरक्षित एवम् व्यवस्थित गरेको छ । ढलको सुविधा नभएको स्थानमा सिल्ड सेप्टिक ट्याङ्कीको प्रावधानलाई कानुनी रूपमा अनिवार्य गरी कडाइ गरेको छ । ISO 24521 मापदण्डको Feacal Sludge Treatment Plant निर्माण कार्य अघि बढाएको छ । यसका लागि नगरपालिकामा Sanitary Cell स्थापना गरेको छ । Sealed Septic Tank को मापदण्ड, बनाउने प्रक्रियाबारे सम्बन्धित घर धनी, कामदारहरूलाई जानकारी दिने गरेको छ । Sealed Septic Tank को अनुगमनमा कडाइ गरेको छ । मापदण्ड बमोजिमको Sealed Septic Tank नबनाएसम्म घर निर्माण सम्पन्न प्रमाण पत्र नदिइने नीति लिएको छ । यसको कार्यान्वयनमा सम्बन्धित प्राविधिकलाई जिम्मेवार बनाएको छ ।

## श्रम बैङ्क सञ्चालन

महालक्ष्मी नगरपालिकाले श्रम बैङ्क अवधारणा कार्यान्वयनमा ल्याएको छ । श्रम बैङ्क सञ्चालन तथा व्यवस्थापन कार्यविधि नै जारी गरेर श्रमिकहरूको योग्यता, सीप समेत समेतिएको व्यक्तिगत विवरण सहितको अभिलेख राख्ने गरेको छ । श्रम बैङ्कमा आबद्ध श्रमिकहरूलाई नगरपालिकाले उपभोक्ता समिति वा निर्माण व्यवसायी मार्फत सञ्चालन गरिने योजनामा श्रम बैङ्कमा आबद्ध श्रमिकको प्रयोगमा प्राथमिकता दिनुपर्ने व्यवस्था गरेको छ । नगर क्षेत्रभित्रका सम्भावित रोजगार दाताको पहिचान गरी श्रम बैङ्कमा आबद्ध श्रमिकलाई काममा लगाउन

प्रोत्साहन गर्ने व्यवस्था गरेको छ । श्रम बैङ्कमा आबद्ध श्रमिकहरूलाई प्रधानमन्त्री रोजगार कार्यक्रम, गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम र नगर प्रमुख युवा उद्यमशीलता विकास कार्यक्रमसँग समेत आबद्ध गरेको छ । सम्बन्धित वडा कार्यालयमा आफ्नो विवरण सहित श्रम बैङ्कमा आबद्ध हुन सक्ने व्यवस्था गरको छ ।

## कक्षा ८ को परीक्षा SEE मोडेलमा सञ्चालन

महालक्ष्मी नगरपालिकाले कक्षा ८ को परीक्षा SEE मोडेलमा सञ्चालन गर्ने गरेको छ । प्रश्नपत्र निर्माण, परीक्षा केन्द्र निर्धारण, केन्द्राध्यक्ष नियुक्ति, उत्तर पुस्तिका परीक्षण, कोडिङ, डिकोडिङ, नतिजा प्रकाशन लगायत सम्पूर्ण प्रक्रिया SEE मोडेलमा गर्ने गरेको छ ।



## श्रमिकका लागि खाद्यान्न अभियान




कोभिड-१९ को महामारीको कारण भएको लकडाउनबाट प्रभावित असङ्गठित क्षेत्रका मजदुर एवम् विपन्न नागरिकको लागि राहत वितरण गर्ने सरकारको नीति थियो । महालक्ष्मी नगरपालिकाबाट समेत १५ दिनको अन्तरालमा करिब १८ हजार परिवारलाई ८३ लाख रूपैँया बराबरको राहत सामग्री वितरण गरिएको थियो । नगरपालिकाको जनसङ्ख्याको अनुपातमा अमिल्दो सङ्ख्यामा राहत माग गर्ने सङ्ख्या देखिन थाल्यो । राहत माग गर्नेहरूको हाउभाउ, लवाई, चालचलन समेत अमिल्दो देखियो । यस अवस्थामा नगरपालिकाले राहतका लागि स्थानीय टोलमा केही न केही सार्वजनिक स्थलमा काम गर्नैपर्ने नीति लियो । यसरी काम गर्नेलाई प्रति दिन १५ के.जी. चामल उपलब्ध गराउने कार्यक्रम ल्याइयो । यस कार्यक्रममा वास्तविक लक्षित वर्ग मात्र सहभागी भए । करिब ३ महिनाको अवधिमा ९३० व्यक्ति मात्र काम गरेर राहत लिन तयार भए र लाभान्वित समेत भए ।

## स्थानीय पाठ्यक्रम, पाठ्यपुस्तक, Practical Examination and Project Based Teaching Learning Guideline लागु

शिक्षातर्फ स्थानीय पाठ्यक्रम, पाठ्यपुस्तक र Practical Examination and Project Based Teaching Learning Guideline निर्माण गरी लागु गरिएको छ । यसले विद्यार्थीहरूमा स्थानीय संस्कृति र प्रकृतिको ज्ञान, प्रयोगात्मक परीक्षाको उपयोगिता बढाएको छ । यसले विद्यालयको कार्य सञ्चालनमा एकरूपता कायम समेत भएको छ ।

## शिक्षकको तलब मासिक रूपमा भुक्तानी



महालक्ष्मी नगरपालिकाले सामुदायिक विद्यालयका शिक्षकहरूका तलब मासिक रूपमा भुक्तानी गर्ने गरेको छ । यसबाट विगतमा ४/४ महिनामा भुक्तानी हुदाँको अवस्थाको तुलनामा शिक्षकहरूमा उत्प्रेरणा बढेको छ ।

## कोभिड - १९ का विरामीहरुको लागि Dedicated Ambulance को व्यवस्था




नगरपालिकाले कोभिड-१९ को विरामी ओसारप्रसार गर्न छुट्टै Dedicated Ambulance सञ्चालन गरेको छ । यो एम्बुलेन्सबाट नगर क्षेत्रको कोभिड-१९ का विरामीहरूको लागि मात्र सेवा प्रदान गर्ने गरिएको छ । यो सेवा नि:शुल्क छ ।

## कृषि र पशुको पकेट क्षेत्र घोषणा र कौसी खेती अभियान

महालक्ष्मी नगरपालिकाको वडा नं. १ देखि ५ सम्मको घनाबस्ती रहेको क्षेत्रमा कौसी खेतीको पकेट क्षेत्र घोषणा गरेको छ । यस अन्तर्गत कौसी खेती प्रवर्द्धन गर्ने अभियान सञ्चालन गरेको छ । कौसी खेतीबाट स्वस्थ जीवनशैली अवलम्बन र प्रत्येक घर तरकारीमा आत्मनिर्भर हुन एउटा आधार तयार भएको छ । त्यसैगरी वडा नं. ८ मा च्याउ, वडा नं. ९ मा गोलभेंडा र वडा नं. १० मा अलैंची र ओखर खेती पकेट क्षेत्र घोषणा गरी तदनुसार कार्यक्रम सञ्चालन गरिएको छ ।

## सहभागितामूलक योजना सञ्चालन किताबको प्रयोग

उपभोक्ता समितिबाट सञ्चालन हुने योजना सञ्चालनमा कानुन बमोजिम आवश्यक पर्ने सबै कागजात सिलसिलेवार रूपमा समावेश गरी सहभागितामूलक

योजना सञ्चालन किताब तयार गरी लागु गरिएको छ । यसमा योजना सम्झौता, योजना कार्यान्वयन, भुक्तानी प्रक्रिया/विधि समेत खुलाइएको छ । किताबमा उपभोक्ता समिति, वडा कार्यालय, अनुगमन समिति, नगरपालिकाको कार्यालयले प्रयोग गर्नुपर्ने सबै कागजात क्रमैसँग राखिएको छ । डोर हाजिरी फाराम, बिल भरपाई राख्ने ठाउँ, प्राविधिकको सुझाव फाराम, आगन्तुक प्रतिक्रिया फारम जस्ता कागजात किताबमा समावेश छ । यसबाट उपभोक्ता समितिलाई योजना सञ्चालन गर्दा




प्रक्रियागत सरलीकरण, पारदर्शिता प्रवर्धन, समयको बचत हुनुका साथै योजना सञ्चालनमा एकरूपता कायम भएको छ । योजना सम्झौता र भुक्तानी प्रक्रियामा स्वचालित पद्धति अवलम्बन गरिएको छ । उपभोक्ता शाखा-शाखा धाउनुपर्ने आवस्थाको अन्त्य भएको छ । सम्पूर्ण कागजात र प्रक्रिया पूरा गरी हेल्प डेस्कमा फाइल बुझाएको ३ दिनभित्र सम्झौता र ७ दिनभित्र उपभोक्तालाई सम्पर्क गरी चेक बुझाउने व्यवस्था मिलाइएको छ ।

## हेल्प डेस्क, सेवाग्राही प्रतीक्षा कक्ष र डिजिटल नागरिक वडापत्रको व्यवस्था



महालक्ष्मी नगरपालिकामा छुट्टै हेल्प डेस्कको व्यवस्था गरिएको छ । हेल्प डेस्कसँगै सेवाग्राही प्रतीक्षा कक्षमा Free Wi-Fi, खाने पानीको व्यवस्था, Book-Rack को व्यवस्था गरिएको छ । Book-Rack मा नगरपालिकाबाट प्रकाशित प्रकाशनहरू राखिएको छ । उक्त प्रकाशन प्रतीक्षा कक्षमा पढ्न वा त्यहाँ राखिएको रजिस्टरमा अभिलेख जनाई घरमा लैजान सकिने प्रबन्ध मिलाइएको छ । प्रतीक्षा कक्षमा श्रव्य-दृश्य सहितको डिजिटल नागरिक वडापत्र राखिएको छ ।

## सेनेटरी सेलको सञ्चालन

मानव मलमूत्रीय फोहोर व्यवस्थापन सहित फोहोर व्यवस्थापन तथा वातावरण संरक्षणका लागि नगरपालिकामा सेनेटरी सेलको स्थापना गरिएको छ । यस सेलबाट वातावरण संरक्षण, फोहोर व्यवस्थापन तथा सरसफाइ सेवामा सहयोग गरिन्छ । नक्सा पास गर्न आउने सेवाग्राहीहरूलाई मानव मलमूत्रीय फोहोर व्यवस्थापनका लागि Sealed Septic Tank को मापदण्ड र निर्माण विधिबारे जानकारी दिने व्यवस्था मिलाइएको छ ।

## प्रतिनिधि सभा सदस्य मा. कृष्णलाल महर्जनको संयोजकत्वमा स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमबाट महालक्ष्मी नगरपालिकामा आर्थिक वर्ष २०७६/७७ मा सम्पन्न भएका योजनाहरुको विवरण

| क्र. स. | योजनाहरुको नाम | स्थान | विनियोजित बजेट रकम रु. |
|---|---|---|---|
| १. | ब्रह्मा कुमारी राजयोग भवन निर्माण | म.न.पा.-२ | १९,००,०००\| |
| २. | घिमिरेचोकको बाटो ढलान निर्माण | म.न.पा.-९ | १०,००,०००\| |
| ३. | गणेशमार्ग टिकाथाली सडक स्तरोन्नति | म.न.पा.- ५ | २०,००,०००\| |
| ४. | के.डी.सि. बाँकी सडक स्तरोन्नति | म.न.पा.-७ | २०,००,०००\| |
| ५. | चांगाथली बौद्व बिहार भवन मर्मत सम्भार | म.न.पा.-७ | १०,००,०००\| |
| ६. | लुभु खानेपानी आयोजना | म.न.पा.-८ | ३०,००,०००\| |
| ७. | मोतेश्वर समाज सुधारको भवन निर्माण | म.न.पा.-५ | १०,००,०००\| |
| ८. | कोटडाँडा विपसेना ध्यान केन्द्र कम्पाउण्ड वाल | म.न.पा.-१० | १०,००,०००\| |
| ९. | श्री कृष्ण प्रणामी मूल मन्दिर | म.न.पा.-१ | १९,८०,०००\| |
| १०. | सिद्विपुर खानेपानी आयोजना | म.न.पा.-६ | ५०,००,०००\| |
| ११. | सितापाखा चोक देखि पुर्व धारा सम्म बाटो कालो पत्रे | म.न.पा. -४ | ५०,००,०००\| |
| १२. | डोलेश्वर मन्दिर पर्यटन पूर्वाधार योजना | म.न.पा. -८ | १०,००,०००\| |


हार्दिक बधाई



महालक्ष्मी नगरपालिकाको अधिकृत स्तर (दशौं) पदमा कार्यरत श्री रामबन्धु सुवेदी लोक सेवा आयोगबाट लिइएको नेपाल प्रशासन सेवा, रा.प. प्रथम श्रेणी सहसचिव पदको परीक्षामा १ नं. योग्यताक्रममा सिफारिस हुनु भएकोमा नगरपालिकाको तर्फबाट हार्दिक बधाई ज्ञापन गर्दछु । उहाँले यस कार्यालयमा रहँदा देखाउनुभएको उच्च स्तरको कार्यसम्पादन, लगनशीलता, कर्तव्यपरायणता र इमान्दारीको उच्च प्रशंसा गर्दै आगामी दिनमा प्राप्त गर्नुहुने जिम्मेवारी निर्वाहमा सफलताको शुभकामना व्यक्त गर्दछु ।

**रामेश्वर श्रेष्ठ**
नगर प्रमुख
महालक्ष्मी नगरपालिका, ललितपुर

## प्रदेश सभा सदस्य मा. माधव पौडेलको संयोजकत्वमा स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमबाट महालक्ष्मी नगरपालिकामा आर्थिक वर्ष २०७६/७७ मा सम्पन्न भएका योजनाहरुको विवरण

| क्र. स. | योजनाहरुको नाम | स्थान | विनियोजित बजेट रकम रु. |
|---|---|---|---|
| १. | ईमाडोल नयाँ बस्ती सामुदायिक भवन तल्ला थप | महालक्ष्मी-१ | १०,००,०००।- |
| २. | विसनडोलबाट लुभु साधारण मा.वि.बाट विश्नडोल जोड्ने सडक योजना | महालक्ष्मी-८ | १०,००,०००।- |
| ३. | विष्टलाल सिंगार टोल हुदै न्युरो खोला जाने बाटो ढलान | महालक्ष्मी-१० | १०,००,०००।- |
| ४. | श्री कृष्ण प्रणामी जेष्ठ नागरिक दिवा सेवा केन्द्र भवन निर्माण योजना | महालक्ष्मी-८ | १३,००,०००।- |
| ५. | सिद्धिमंगल बुद्ध बिहार | मा.न.पा.-४ | १०,००,०००।- |
| ६. | महेन्द्र आदर्श मा.वि.अनुदान | म.न.पा.-४ | ११,००,०००।- |
| ७. | ज्यागाटा आरुबोट खानेपानी योजना | म.न.पा.-९ | ११,९०,०००।- |
| ८. | सुवर्ण छात्रपुर स्तुपा बिहार निर्माण | म.न.पा.-८ | ३०,००,०००।- |
| ९. | शहिद बयलकोटी मार्ग ढलान | म.न.पा.-९ | ११,००,०००।- |
| १०. | न्याउराको दोबाटोबाट नारायणी आधारभूत विद्यालय जाने बाटो | मा.न.पा.-७ | ४०,००,०००। |
| ११. | टिकथाली वडा कार्यालय देखि बाला कुमारी बालकोट सम्मको बाटो स्तरोन्नति | म.न.पा.-५ | ५०,००,०००। |
| १२. | थसी सामुदायिक स्वास्थ्य केन्द्र | म.न.पा.-६ | ५०,००,०००। |
| १३. | धार्मिक पार्यटकीय संग्रालय निर्माण | मा.न.पा.-१ | ३५,००,०००। |
| १३. | गौरी गाउँ अनिल तिमल्सिनाको विदुर कार्कीको घरसम्म सडक मर्मत सुधार | म.न.पा.-३ | ११,००,०००। |
| १४. | कोट घर डे:छे पुन निर्माण | म.न.पा.६ | ३५,००,०००। |

**आफ्नो अधिकारको खोजी गर्दा अरुका अधिकार एवम् प्रचलित नियम, कानुनको पनि ख्याल गरौं ।**

# आर्थिक वर्ष २०७६/७७ मा वडास्तरीय योजनाहरुको स्थिति

| क्र. स. | योजनाहरुको नाम | स्थान | विनियोजित बजेट रकम रु | सम्झौता भएको मिति |
|---|---|---|---|---|
| १ | नासा ढिमे बाजा खल | महालक्ष्मी -८ | १,५०,०००\|- | २०७६।०६।३० |
| २ | सम्झना वस्ती चर्च अगाडिको मूल सडक ढलान कार्य | महालक्ष्मी -१ | ६,००,०००\|- | २०७५/०७/०५ |
| ३ | तल्लो दोभान खानेपानी आयोजना मर्मत | महालक्ष्मी- ८ | ५,००,००००\|- | २०७६/०६/३० |
| ४ | मिलनटोल सडक ब्लक छाप्ने कार्य | महालक्ष्मी -१ | ५,००,०००\|- | २०७६/०७/०१ |
| ५. | तगंतुबाट न्याथ ढोका जाने ढल तथा बाटो मर्मत | महालक्ष्मी-८ | २,००,०००\|- | २०७६/०७/२४ |
| ६. | शंखादेवी मन्दिर व्यवस्थापन | महालक्ष्मी -८ | १,००,०००\|- | २०७६/०७/२६ |
| ७. | रमाइलोडाँडा ढुंगा साँघु सडक ढलान योजना | महालक्ष्मी-८ | २,५०,०००\|- | २०७६/०६/२९ |
| ८. | गणेश भैरव मन्दिर परिसर सुधार | महालक्ष्मी -६ | ७,००,०००\|- | २०७६/०७/०७ |
| ९. | गम्भीर समुद्र सेतु उच्च मा.वि.को हाता भित्र ब्लक छाप्ने | माआलक्श्मी-२ | ४,००,०००\|- | २०७६/०७/०४ |
| १०. | यति आवास सडक स्तरोन्नति | महालक्ष्मी-८ | ४,००,०००\|- | २०७४/०७/१९ |
| ११. | शंखादेवी सवडोल सडक ग्राभेल योजना | महालक्ष्मी -८ | १,५०,०००\|- | २०७६/०८/०६ |
| १२. | विष्णुडोल खानेपानी मर्मत योजना | महालक्ष्मी -८ | ५,००,०००\|- | २०७६/०७/१९ |
| १३. | तिल्पुखोला आरुबोट गणेशस्थान उकालो ढलान | महालक्ष्मी-९ | ८,००,०००\|- | २०७६/०९/०२ |

| | | | | |
|---|---|---|---|---|
| १४. | ठकुरी गाउँ सडक उकालो ढलान | महालक्ष्मी -९ | ३,००,०००\|- | २०७६/०९/०८ |
| १५. | देवीस्थान पार्टी मर्मत | महालक्ष्मी -८ | १,००,०००\|- | २०७६/०७/२२ |
| १६ | बुद्व मार्ग पार्टी प्यालेस सडक सुधार | महालक्ष्मी -६ | १,५०,०००\|- | २०७६/०८/१० |
| १७. | जेनियम अगाडिको बाटोमा ब्लक छाप्ने | महालक्ष्मी -२ | १,००,०००\|- | २०७६/०८/१३ |
| १८. | खड्का गाउँ नया वस्ती बाटो ग्राभेल | महालक्ष्मी -८ | १,००,०००\|- | २०७६/०८/०९ |
| १९. | चसिडोल राउत गाउँ आन्डोल बाटो ग्राभेल | महालक्ष्मी -८ | ४,००,०००\|- | २०७६/०८/०६ |
| २०. | लुभु ल्होसाचा बालाकुन्ज मन्टेश्वरीबाट मुलबाटो निस्कने फराकिलो गरी ब्लक छाप्ने योजना | महालक्ष्मी -८ | ३,००,०००\|- | २०७६/०८/११ |
| २१. | लुभु बिहारको अपुरो ढोका निर्माण योजना | महालक्ष्मी -८ | २,००,०००\|- | २०७६/०९/०२ |
| २२. | ढडेन खोला पुल निर्माण योजना | महालक्ष्मी -१० | ३,००,०००\|- | २०७६/१०/१६ |
| २३. | रामको पसलबाट  मुलपानी जाने बाटो ग्राभेल | महालक्ष्मी-८ | २,००,०००\|- | २०७६/०७/२८ |
| २४. | जरुचाबाट बिश्नुडोल जाने गोरेटोबाटो बाटो स्तरोन्नति | महालक्ष्मी -८ | २,००,०००\|- | २०७६/०७/२४ |
| २५. | गीता मन्दिर मर्मत | महालक्ष्मी -८ | ३,००,०००\|- | २०७६/८/११ |
| २६. | देवीस्थान पार्टी अपुरो निर्माण | महालक्ष्मी -८ | २,००,०००\|- | २०७६/०८/०१ |
| २७. | सिमथली धारा उपभोक्ता समिति | महालक्ष्मी -८ | ५०,०००\|- | २०७६/०८/२२ |
| २८. | सिमथली धारा मर्मत | महालक्ष्मी -८ | | |
| २९. | सिद्वी गणेश चसिडोल टोल विकास | महालक्ष्मी -८ | | |

| | | | | |
|---|---|---|---|---|
| | संस्था | | | |
| ३०. | गणेश मन्दिर पार्टी ढलान | महालक्ष्मी -९ | १,००,०००।- | २०७६/१०/०६ |
| ३१. | धाराचौर टोल विकास संस्था | महालाक्ष्मी -९ | १,००,०००।- | २०७६/०९/०२ |
| ३२. | फुल्चौकी भैरव मन्दिर पार्टी निर्माण | महालक्ष्मी -९ | २,००,०००।- | २०७६/०८/१७ |
| ३३. | मर्मत सुधार योजना (दोरफुस टोल बाटो मर्मत) | महालक्ष्मी -६ | २,००,०००।- | २०७६/०९/०३ |
| ३४. | सिद्वी मंगल बुद्व बिहार योजना | महालक्ष्मी -६ | २,००,०००।- | २०७६/०९/१६ |
| ३५. | भिमशेन टोलमा ढुंगा छाप्ने दुन्छे टोलमा बाटो पिच गर्ने | महालक्ष्मी -६ | २०,००,०००।- | २०७६/०९/२१ |
| ३६. | पिपलबोट बाट जीवनको घर हुदै लामाको घरसम्म कृष्णको घर हुदै श्यामको घर सम्म मुरारिको घर हुदै केदारको घरसम्म मारमको घरहुदै चिरानको घरसम्म सम्म बसन्तको घर देखि शसी सुबेदीको घरसम्म मुनाको घर अगाडिको बाटो पिचगर्ने | महालक्ष्मी -२ | ७,००,०००।- | २०७६/०९/२० |
| ३७. | अफल टोलमा ढल निर्माण योजना | महालक्ष्मी -४ | ३,००,०००।- | २०७६/०९/१५ |
| ३८. | जानकी मार्गमा ढल तथा बाटो निर्माण | महालक्ष्मी -४ | ५,००,०००।- | २०७६/०७/२२ |
| ३९. | नागरिक शान्ति टोलमा ढल निर्माण | महालक्ष्मी -४ | ५,००,०००।- | २०७६/०९/१३ |
| ४०. | आत्मारामको घर अगाडिको बाटो पिच गर्ने | महालक्ष्मी -२ | २,००,०००।- | २०७६/०९/०७ |
| ४१. | वचु उकालो पुर्व राज कुलो चिसापानी ढल निर्माण | महालक्ष्मी -४ | ५,००,०००।- | २०७६/०७/०१ |

| | | | | |
|---|---|---|---|---|
| ४२. | एकताग्राम सडक स्तरोन्नति योजना | महालक्ष्मी ७ | ५,००,०००\|- | २०७६/०९/२५ |
| ४३. | निरज श्रेष्ठको घरबाट सुनिता मगरको घरसम्म र शान्ति श्रेष्ठको घरबाट पुरानो इन्द्र श्रेष्ठको कम्पाउण्ड २ वटा गोरेटो बाटोमा ब्लक छाप्ने योजना | महालक्ष्मी -३ | १,००,०००\|- | २०७६/०८/२९ |
| ४४. | सामुदायिक भवन तथा पार्क मर्मत सुधार रंग रोक्न | महालक्ष्मी -६ | ३,५०,०००\|- | |
| ४५. | सामुदायिक स्वास्थ्य केन्द्र सुधार योजना | महालक्ष्मी -६ | ५,००,०००\|- | २०७६/१०/०२ |
| ४६. | विष्णुटोल देखी आत्मा ज्ञान सम्म जाने बाटो स्तरोन्नति | महालक्ष्मी -७ | १,००,०००\|- | २०६७/१०/०६ |
| ४७. | ढल तथा बाटो बिस्तार योजना | महालक्ष्मी -५ | ६,००,०००\|- | २०७६/०९/०६ |
| ४८. | सडकहरुको ग्राभेल तथा मर्मत | महालक्ष्मी -५ | २,००,०००\|- | २०७६/०९/०६ |
| ४९. | गणेश मार्ग रिटेनिंग बाल तथा ढलान योजना | महालक्ष्मी -५ | १०,००,०००\|- | २०७६/०९/०६ |
| ५०. | सिद्वेश्वर मार्गमा ढल तथा बाटो बिस्तार | महालक्ष्मी -५ | १०,००,०००\|- | २०७६/०९/१५ |
| ५१. | मोति राजकुलो ग्राभेल योजना | महालक्ष्मी-५ | ५,००,०००\|- | २०७६/०९/०६ |
| ५२. | धा:खल भवन निर्माण | महालक्ष्मी -८ | १,५०,०००\|- | २०७६/१०/०८ |
| ५३. | उमामहेश्वर मार्गमा पिच कार्य | महालक्ष्मी -४ | ८,००,०००\|- | २०७६/१०/१२ |
| ५४. | रवी थापाको घरबाट विष्णु थापा मगरको घर हुँदै आर्मीको घरसम्म जाने बाटो स्तरोन्नति गर्ने | महालक्ष्मी -३ | ४,००,०००\|- | २०७६/१०/१३ |
| ५५. | न्हूफल्चा टोल जाने बाटोमा ब्लक | महालक्ष्मी -६ | १,५०,०००\|- | २०७६/१०/१५ |

| | | | | |
|---|---|---|---|---|
| | छाप्ने | | | |
| ५६. | नन्दको घरबाट गुप्तेश्वर जाने बाटो चन्द्र दाईको घरबाट शेराटोल जाने बाटो स्तरोन्नति | महालक्ष्मी -७ | ६,००,०००\|- | २०७६/१०/१९ |
| ५७. | फुलचौकी खोला देखी राजारामको घरसम्म जाने बाटो मर्मत | महालक्ष्मी -१० | १,५०,०००\|- | २०७६/१०/१६ |
| ५८. | सामुदायिक भवन तथा ट्वाइलेट निर्माण | महालक्ष्मी -५ | ३,००,०००\|- | २०७६/१०/१४ |
| ५९. | सामुदायिक भवन निर्माण | महालक्ष्मी -६ | १,००,०००\|- | २०७६/१०/२२ |
| ६०. | सामुदायिक मण्डप निर्माण | महालक्ष्मी -९ | ४,००,०००\|- | २०७६/१०/२३ |
| ६१. | केरु टोलबाट डवली चोकसम्म बाटो पिच गर्ने | म.न.पा.४ | ३,००,०००\|- | २०७६/१०/२६ |
| ६२. | बमुड़ी राजकुलो मर्मत योजना | म.न.पा. -६ | १,००,०००\|- | २०७६/११/०१ |
| ६३. | संकट मुक्तेश्वर मन्दिर निर्माण | म.न.पा.-९ | १,५०,०००\|- | २०७६/११/१२ |
| ६४. | पिनानी स्तुपा परिसर सुधार | म.न.पा.-६ | १,००,०००\|- | २०७६/११/०४ |
| ६५. | तधननी पार्टी निर्माण | म.न.पा.-६ | ५,००,०००\|- | २०७६/११/०४ |
| ६६. | ढुगिन बिरुवा स्तरोन्नति | म.न.पा.-९ | ४,००,०००\|- | २०७६/११/०७ |
| ६७. | क्रियापुत्री भवन निर्माण परियार टोल | म.न.पा.-९ | २,००,०००\|- | २०७६/११/०७ |
| ६८. | काली देवी स्कुल सिकारिटोल हुँदै नारायण डाँडा सडक निर्माण | म.न.पा.-१० | ५,००,०००\|- | २०७६/११/११ |
| ६९. | मोहन बहादुरको घरको उकालो देखी पूर्ण बहादुरको घरसम्मको बाटो ढलान गर्ने | म.न.पा.-२ | ३,००,०००\|- | २०७६/११/११ |

| | | | | |
|---|---|---|---|---|
| ७०. | सिद्धिपुरको बाटो मर्मत तथा सुधार योजनाको | म.न.पा.-६ | ५,००,०००\|- | २०७६/११/१२ |
| ७१. | माने चैते पक्कि साँघु निर्माण | म.न.पा.-१० | ३,००,०००\|- | २०७६/११/१४ |
| ७२ | बाल कुमारी मन्दिर परिसर सुधार | म.न.पा.-६ | २,५०,०००\|- | २०७६/११/२७ |
| ७३ | बिष्णु मन्दिर पूर्वाधार निर्माण योजना | म.न.पा.७ | १,००,०००\|- | २०७६/११/२७ |
| ७४ | झलक श्रेष्ठको घरबाट ओरालो हुदै ..........मंगल मर्मत ,कालोपत्रे र ग्राभेल गर्ने | म.न.पा.-२ | १०,००,०००\|- | २०७६/११/२७ |
| ७५ | बिजय बानियाको घर देखि धनाकाजिको घर हुदै उकालो सिमाना ब्लक छाप्ने | म.न.पा. ६ | २,००,०००\|- | २०७६/११/२९ |
| ७६ | सामुदायिक ट्रस्ट भवन निर्माण | म.न.पा.९ | १,५०,०००\|- | २०७६/११/३० |
| ७७ | सशम्भु माई  भजन घर निर्माण | म.न.पा.९ | २,००,०००\|- | २०७६/११/३० |
| ७८ | देवीस्थान मन्दिर पुन निर्माण | म.न.पा.९ | २,००,०००\|- | २०७६/११/३० |
| ७९ | संगीता भुषालको घरदेखि पूर्वको बाटोमा ढलान | म.न.पा.४ | २,००,०००\|- | |
| ८० | योन्जन डाँडा चापाखर्क सडक निर्माण | म.न.पा. -१० | ५,००,०००\|- | २०७६/१२/०२ |
| ८१. | बेसरी खोल्चा उकालो ढलान | म.न.पा.-१० | २,००,०००\|- | २०७६/१२/०२ |
| ८२ | एकता टोलको सडक कालोपत्रे गर्ने | म.न.पा. -१ | ७,००,०००\|- | २०७६/१२/०२ |
| ८३ | कल्भर्ट निर्माण निर्माण योजना | मा.न.पा.-९ | ७,००,०००\|- | २०७६/१२/०३ |
| ८४ | गणेश मन्दिर मर्मत योजना | म.न.पा.-५ | ५०,०००\|- | २०७६/१२/०३ |
| ८५ | शंखादेवी चारघरे नयाँ ट्र्याक | म.न.पा.-८ | १,२०,०००\|- | २०७६/१२/०३ |

| | | | | |
|---|---|---|---|---|
| | स्तरोन्नति | | | |
| ८६ | पन्चकन्या मार्ग सडक स्तरोन्नति | म.न.पा.७ | १०,००,०००|- | २०७६/११/११ |
| ८७. | विनायक मार्ग हरिको पसल हुदै दक्षिण तर्फको कच्ची सडक ब्लक छाप्ने | म.न.पा. | ५,००,०००|- | २०७६/१२/०६ |
| ८८. | आनन्द बस्ति सन्त निरंकारी डिप बोरिंग | म.न.पा. –४ | ६,००,०००|- | २०७७/०१/२८ |
| ८९. | बिश्नुडोल सत्संग भवन मर्मत | म.न.पा.-८ | २,५०,०००|- | २०७७/०१/२३ |
| ९० | सामुदायिक भवन निर्माण तथा पार्क मर्मत | म.न.पा.६ | ३,५०,०००|- | २०७६/८/२० |
| ९१. | सत्य टोल चुक चाकामा इन्टरलक छाप्ने | म.न.पा.-६ | २,००,०००|- | २०७७/०१/३० |
| ९२. | बासुकी मा.वि.को उकालोमा ढलान गर्ने | म.न.पा.१० | ७.००.०००|- | २०७७/०२/०५ |
| ९३. | सार्वजनिक शैचाल्या निर्माण तथा नेंरेसो भवनमा सभा हाल निर्माण | म.न.पा ९ | ५,००,०००|- | २०७७/०२/१५ |
| ९४. | नेवार टोल थापा मगर गौतम र के. सी. टोल बाटो स्तरोन्नति | म.न.पा-८ | ४,००,०००|- | २०७७/०२/१५ |
| ९५. | उत्तम टोल सडक ब्लक बिछ्याउने कार्य संसोधित | म.न.पा.१ | ५,००,०००|- | ०७७/०२/१५ |
| ९६. | सर्वेश्वरमार्गको पिच कार्य | म.न पा-४ | १०,००,०००|- | ०७७/०२/०६ |
| ९७. | मधु रोका चोक देखि सुर्योदय स्कुलसम्म आउने बाटो | म.न.पा.४ | ५,००,०००|- | ०७६/१२/०६ |
| ९८. | एकता टोलको सडक कालोपत्रे गर्ने | म.न.पा.१ | ७,००,०००|- | ०७६/१२/०२ |

| | | | | |
|---|---|---|---|---|
| | योजना | | | |
| ९९. | भिमेश्वर फुल्चौकी सडक ग्राभेल | म.न.पा.९ | ३,००,०००।- | ०७७/०१/३० |
| १०० | सुन्दर चसिडोल नया वस्ती सडक स्तरोन्नति | म.न.पा.८ | २,००,०००।- | ०७७/०१/२९ |
| १०१ | माथिल्लो दोभान खानीपानी मर्मत आयोजना | म.न.पा.८ | ५,००,०००।- | ०७७/०१/२९ |
| १०३ | महालक्ष्मी क्याम्पस भवन मर्मत | म.न.पा.८ | ३,००,०००।- | ०७७/०२/१३ |
| १०४ | तेह्र बिसे भाल्टार बराह कुलो पक्कि निर्माण | म.न.पा.९ | २,००,०००।- | ०७७/०२/१५ |
| १०५ | उदय बिनाएक राम मणीको घरबाट गोदावरी खोला जोड्ने बाटोस्तरोन्नति | म.न.पा. ७ | ५,००,०००।- | ०७७/०२/१३ |
| १०६ | बाटो मर्मत सुधार भानुदय प्रवेश मार्ग सुधार | म.न.पा.६ | २,००,०००।- | ०७७/०२/०७ |
| १०७ | एटोल सडक स्तरोन्नति | म.न.पा.१ | ५,००,०००।- | ०७७/०२/०४ |
| १०८ | वडा कार्यालय भवन जाने बाटो स्तरोन्नति | म.न.पा.७ | १०,००,०००।- | ०७७/०२/१३ |
| १०९ | दाफामंका खल मर्मत | म.न.पा.८ | १,५०,०००।- | ०७७/०२/०६ |
| ११० | बोजेपोखारी मार्गमा हरि बहादुरको घर देखि देनेश सुबेदीको घरसम्म ग्राभेल गर्ने | म.न.पा.३ | ४,००,०००।- | ०७७/०२/०२ |
| १११ | सार्वजनिक ईनार निर्माण तथा तिनघरे टोल सडक निमार्ण | म.न.पा.९ | २,००,०००।- | ०७७/०२/३२ |
| ११२. | महेन्द्र आदर्श स्कुल देखि उत्तर पटी नरेश कार्कीको घर जाने बाटो ब्लक | म.न.पा-४ | १,००,०००।- | ०७७/०२/०६ |

| | | | | |
|---|---|---|---|---|
| | छाप्ने | | | |
| ११३ | सम्झना वस्ती तारा स्टोर अगाडी वाल निर्माण | म.न.पा.-१ | २,००,०००\| | ०७७/०२/०६ |
| ११४ | लुभुखोला ज्यागता सडक स्तरोन्नति | म.न.पा -९ | ४,००,०००\|- | ०७७/०२/०७ |
| ११५ | स्विमिंग पुल पुर्व हरि भण्डारीको घर हुदै जाने सडक ढलान | म.न.पा.१ | ६,००,०००\| | ०७७/०२/१३ |
| ११६ | सिर्थली डाँडा बाटो बिस्तार योजना | म.न.पा.१० | ३,००,०००\| | ०७७/०२/१३ |
| ११७ | पाँच पोखरीडांडा नारायण डाँडा सडक | म.न.पा.१० | ५,००,०००\|- | ०७७/०२/१३ |
| ११८ | आनन्द वस्ती सन्त निरंकारी वस्तीलाई खानेपानी योजना | म.न.पा.-४ | ६,००,०००\|- | ०७७/०१/२८ |
| ११९ | नहु पुखु पोखरी निर्माण | म.न.पा.६ | १०,००,०००\| | ०७६/११/२९ |
| १२० | त्रिपिंगेश्वर मन्दिरमा ढुंगा छाप्ने तथा ग्राभेलबिच्छयाउने | म.न.पा.९ | २,००,०००\|- | ०७७/०१/३० |
| १२१ | वचु अमृत चोकबाट सुर्योदय स्कुलसम्म जाने बाटो बिस्तार तथा ढल निर्माण | म.न.पा.४ | ५,००,०००\| | ०७७/०२/२० |
| १२२ | पात्लेखेत तौलि सिंचाई कुलो मर्मत | म.न.पा.९ | १,५०,०००\|- | ०७७/०२/१३ |
| १२३ | पाहुल टोल बाटो ढलान | म.न.पा.८ | ३,००,०००\| | ०७७/०१/३१ |
| १२४ | रमणीय वस्तीमा भवन निर्माण | म.न.पा.४ | २,००,०००\| | ०७७/०२/२० |
| १२५ | दे: छे कोटघर निर्माण | म.न.पा.६ | ९,००,०००\| | ०७७/०१/३१ |
| १२६ | फुचौकी मन्दिर पछाडी सिंचाई कुलो निर्माण डाँडाथोक | म.न.पा.९ | २,००,०००\| | ०७७/०२/०१ |

| | | | | |
|---|---|---|---|---|
| १२७. | योन्जन डाँडा चापाखर्क सडक निर्माण गर्ने | म.न.पा.१० | ५,००,०००| | ०७७/१२/०२ |
| १२८ | नेपल्चौर ढुंगे कोट सडक निर्माण | म.न.पा.९ | ४,००,०००| | ०७७/०१/३० |
| १२९ | संसारी माइ मन्दिर पुन निर्माण | म.न.पा. | १,००,०००| | ०७६/०९/०२ |
| १३० | नाग मन्दिर समरचना निर्माण | म.न.पा.३ | १०,००,०००| | ०७७/०२/०४ |
| १३१ | सरसफाई कार्यक्रम तथा ट्यांकी ढलान | म.न.पा. | १,१५,००| | ०७७/०२/२० |
| १३२ | वडा भरिका पुर्वाधाए विकास तथा स्तरोन्नति – फेदी खोलामा पुल निर्माण | म.न.पा.१० | ६,००,०००| | ०७७/०२/१६ |
| १३३ | वडा भरिका पूर्वाधार विकास – फुल चौकी खोला देखि राजारामको घरसम्म बाटो मर्मत | म.न.पा.१० | २२०७८१| | ०७७/०२/२० |
| १३५ | वडाभारीका कच्ची मोटर बाटो ग्राभेल | म.न.पा.७ | ५,००,०००| | ०७७/०२/०७ |
| १३६ | परियार टोल हुदै पुर्वतर्फ १ र ४ सिमानामा सडक ढलान | म.न.पा.१ | ५,००,०००| | ०७७/०२/३० |
| १३७ | नारायणी आधारभूत विद्यालयबाट गोपाल चोक सम्मको बाटो स्तरोन्नति | म.न.पा.७ | १०,००,०००| | ०७७/०२/३२ |
| १३८ | ट्रान्सफरमरबाट सिलवाल वस्ती जाने बाटो स्तरोन्नति | म.न.पा.७ | ५,००,०००| | ०७७/०२/३२ |
| १३९ | खर्ग दोबाटोसडक स्तरोन्नति | म.न.पा.७ | ५,००,०००| | ०७७/०२/३१ |
| १४० | न्याउराको दोबाटो बाट मुनी प्लानिंगबाट एकता ग्राम निस्कने | म.न.पा.७ | १,५५,०००| | ०७७/०२/३२ |

| | | | | |
|---|---|---|---|---|
| | बाटो स्तरोन्नति | | | |
| १४१ | कृयापुत्री अधुरो भवन निर्माण खड्का टोल | म.न.पा.९ | २,००,०००। | ०७७/०२/३२ |
| १४२ | वडा भित्रका कच्ची सडक टुक्रे ग्राभेल | म.न.पा.९ | ५,००,०००। | ०७७/०२/३२ |
| १४३ | कच्ची सडक ग्राभेल | म.न.पा.४ | ९,००,०००। | ०७७/०१/३० |
| १४५ | सिद्बीमंगल मा वि शौचालय निर्माण | म.न.पा.६ | ५,००,०००। | ०७७/०१/३० |
| १४६ | सिंगार टोल खानेपानी मर्मत | म.न.पा.१० | ५,००,००। | ०७७/०२/२० |

## आर्थिक वर्ष २०७६/७७ को घर नक्सा दर्ता विवरण

| महिना | नक्सा दर्ता | अस्थायी स्विकृत | स्थायी स्विकृत | निर्माण सम्पन्न सिफारिस | भवन अभिलेखिकरण | भवन नियमित | निर्माण सम्पन्न प्रमाण पत्र | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| श्रावण | ७९ | ११६ | १४९ | ५४ | ५५ | ७३ | १४० | श्रावण |
| भाद्र | १०४ | ११९ | १०९ | ७४ | ३८ | ५५ | ६४ | |
| अश्विन | ५९ | ६७ | ११५ | ५२ | १० | ३५ | ७६ | |
| कार्तिक | ८८ | ७१ | ६५ | ४८ | १८ | ३६ | ७० | |
| मंसिर | १७४ | १६८ | ९५ | २५ | १४ | २७ | ८४ | |
| पुस | १६० | १२० | ७८ | ३५ | १७ | २८ | ७६ | |
| माग | १६७ | १४६ | ११० | २५ | ३० | २५ | ८० | |
| फाल्गुन | १५८ | ११९ | १२५ | ४१ | ४० | २२ | ५७ | |
| चैत | ४६ | ४२ | २५ | १० | १६ | ९ | २३ | |
| वैशाख | ० | ० | ० | ० | ० | ० | ० | |
| जेष्ठ | ० | ० | ० | ० | ० | ० | ० | |
| आषाढ | ० | ५० | ६० | १६ | १४ | ९ | १७ | |
| जम्मा | १०३५ | १०१८ | ९३१ | ३८० | २५२ | ३१९ | ६८७ | |

# नगरस्तरीय योजनाहरुको स्थिति

| क्र. स. | योजनाहरुको नाम | स्थान | विनियोजित बजेट रकम रु. |
|---|---|---|---|
| १. | लुभु ओखु खोला तुझोल हुदै माथिल्लो चौतारा सडक निर्माण योजना | माहालक्ष्मी-८ | १२,३५,५८७।- |
| २. | चाघरे शंखादेवी सडक स्तरोन्नति | महालक्ष्मी-८ | १५,००,०००।- |
| ३. | श्री कृष्ण सत्संग लुभु ज्येस्ठ नगारिक दिवा सेवा भावनामा हल निर्माण | महालक्ष्मी-८ | २,००,०००।- |
| ४. | देवीस्थान पार्टी निर्माण | महालक्ष्मी-८ | १५,००,०००।- |
| ५. | ज्यागटा आरुबोट खानेपानी योजना | महालक्ष्मी -९ | १५,००,०००।- |
| ६. | महालक्ष्मी क्याम्पसबाट पौडेल गाउँसडक बजेट योजना | महालक्ष्मी-८ | १५,००,०००।- |
| ७. | न्याउराको दोबाटोबाट नारायणी स्कुलसम्म बाटो स्तरोन्नति | महालाक्ष्मी-७ | २०,००,०००।- |
| ८. | लुभु खोला ढुंगेकोट नेपाल चौर सडक स्तरोन्नति | महालक्ष्मी -९ | १५,००,०००।- |
| ९. | गोमती भोजुंगे सडक निर्माण | महालक्ष्मी | १५,००,०००।- |
| १०. | लुभु सर्वाडोल देखी शंखादेवी सडक योजनाको लागि | महालक्ष्मी -८ | १५,००,०००।- |
| ११. | लुभु ओखु खोला तुझोल हुदै माथिल्लो चौतारा सडक निर्माण योजना | महालक्ष्मी -८ | ७७,४३,२३९।- |
| १२. | भैरवस्थान संरक्षण | महालक्ष्मी -९ | ५,००,०००।- |
| १३. | चांगाथली क्लब देखि लुभु तल्लो चौतारासम्मको मूल सडक स्तरोन्नति योजनाको | म.न.पा.-७ | ८०,००,०००।- |
| १४. | भिमेशेन मार्ग पंचदेव मार्ग सडक निर्माण | म.न.पा.५ | ७०,००,०००। |

जाँच नगराएको वा रोगी, मरेको पशुपंक्षीको मासु तथा मिसावट गरेको मासु बिक्री नगरौं र नगराऔं ।

# ६०/४० का योजनाहरुको स्थिति

| क्र. स. | योजनाहरुको नाम | स्थान | विनियोजित बजेट रकम रु |
|---|---|---|---|
| १. | गौरीशंकर टोलमा ब्लक छाप्ने | महालक्ष्मी -५ | १,५०,०००।- |
| २. | रिद्दिसिद्दी मार्गमा ब्लक छाप्ने योजना | महालक्ष्मी -५ | २,८०,०००।- |
| ३ | नमुना सुर्य टोलमा ब्लक छाप्ने | महालक्ष्मी -५ | २,९१,०००।- |
| ४ | तारापुन्ज मार्ग स्तरोन्नति योजना | महालक्ष्मी -५ | ६,६०,०००।- |
| ५. | देवीस्थान मार्ग निर्माण तथा ढलान | म.न,पा.-५ | ६,५०,०००।- |
| ६ | समावेशी मार्ग स्तरोन्नति | म.न.पा. | ३,१९,०००।- |
| ७. | गणेश मन्दिर ढलान | म.न.पा.५ | ५०,०००। |
| ७. | मोतेश्वर घुम्ती मार्ग उ.स.( झनक श्रेष्ठको घरबाट महा प्रसादको घरसम्म १३ फिट बाटोमा सिमेन्टको ब्लक छाप्ने | महालक्ष्मी -५ | १३,००,०००।- |
| ८. | मन्जरी वस्तीमा ढल निर्माण | म.न.पा.-९ | १८,००,०००।- |
| ९. | पन्चकन्या मार्ग सडक स्तरोन्नति | म.न.पा.-७ | १०,००,०००।- |
| १०. | वचु अल्पाइन टोल अमृत चोकमा ढल निर्माण | म.न.पा.-४ | ७,००,०००।- |
| ११. | मोतिचोक नमुना मार्ग वाल ढलान | म.न.पा.-५ | १२,००,०००।- |
| १२ | भिमेश्वर मार्ग ढलान | म.न.पा.-५ | ७,३३,०००।- |
| १३. | चार घरे शंखादेवी सडक स्तरोन्नति | म.न.पा.-८ | २०,००,०००।- |
| १४. | नागरिक सितल हाइट शान्ति टोलका लागि ढल निर्माण | म.न.पा. ४ | १५,००,०००।- |

| | | | |
|---|---|---|---|
| १५. | ज्यागाटा आरुबोट खानेपानी तथा सरसफाई | म.न.पा.९ | २५,००,०००। |
| १६. | यति आवास सडक स्तरोन्नति | मा.न.पा. ८ | १०,००,०००।- |
| १७. | विनायक टोलमा सडक ढलान | म.न.पा. | १०,५०,०००।- |
| १८. | | | |
| १९. | जरुचा विश्वुडोल बाटो सडक स्तरोन्नति | म.अ.पा.८ | १०,००,०००। |
| २०. | लाकुरीभंज्यांग भिमसेन बेजोड डाँडा बतासे डाँडा पाइपलाइन खन्ने | म.न.पा.१० | २५,००,०००। |
| २१. | एकता टोलमा सडक ढलान योजना | म.न.पा १ | १०,००,०००।- |
| २२. | नागरिक सितल हाइट टोलको लागि ढल निर्माण | म.न.पा ६ | २५,००,०००।- |
| २३. | लुभु ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र भवन निर्माण | म.न.पा.८ | १०,००,०००।- |
| २४. | चसिड़ोल राउत गाउँ सडक स्तरोन्नति | म.न.पा.१० | १०,००,०००।- |
| २५. | ढुंगे साँघु पुर्व  तर्फ टिकाथाली जाने बाटो झिकुवा कुलोसम्म ढल बिच्छयाउने | म.न.पा. ३ र ४ | २०,००,०००।- |
| २६. | स.स. वस्तीमा सडक सुधार | म.न.पा.१ | १०,००,०००।- |
| २७. | नागरिक सितल हाइट शान्ति टोलका लागि ढल निर्माण | म.न.पा.-४ | १५,००,०००।- |
| २८. | राजेन्द्र थापाको पुरानो घरबाट गुप्तेश्वर मन्दिर जाने बाटो हुदै नन्द के.सी.को घरसम्मको बाटो स्तरोन्नति | म.न.पा.७ | ३२,००,०००।- |
| २९. | शिव टोल सडक ढलान | म.न.पा.१ | १०,००,०००। |
| ३०. | पवन प्रकृति झिकुचा मार्ग | म.न.पा.-५ | १०,००,०००।- |
| ३१. | राउत गाउ हुदै आन्डोल जाने बाटो ग्राभेल | म.न.पा.१० | २,५०,०००।- |

# फोटो ग्यालेरी



बंगलादेशको म्यामेन्सिङ नगरका मेयर, सीईओलगायतका अधिकारीलाई नगरपालिकामा स्वागत गर्दै नगर प्रमुख रामेश्वर श्रेष्ठ



महालक्ष्मी नगरपालिकाका स्वास्थ्यकर्मीहरूलाई कोरोना भाइरससम्बन्धी Advanced तालिम



नगरस्तरीय विपद् व्यवस्थापन समितिको बैठक



ललितपुर जिल्लाव्यापी लोक नृत्य प्रतियोगितामा यस नगरपालिकाबाट द्वितीय र तृतीय स्थान हासिल गर्न सफल विद्यार्थीहरु



विश्व बैङ्कका प्रतिनिधिसँगको भेटमा महालक्ष्मी नगर प्रमुख र उपप्रमुख



महालक्ष्मी नगरस्तरीय राष्ट्रपति रनिङ सिल्ड प्रतियोगितामा विजयीलाई पुरस्कृत गर्दै ।



गोठ सुधार कार्यक्रम अन्तर्गतका किसानहरुलाई सहयोग रकम उपलब्ध गराउनुहुँदै नगर प्रमुखज्यू




वैकल्पिक प्रणालीबाट शिक्षण सिकाइ प्रारम्भ गर्न सामुदायिक तथा निजि विद्यालयलाई
निर्देशन दिनुहुँदै नगरप्रमुखज्यू



नगर प्रमुखज्यूद्वारा थ्रोट स्वाब संकलन केन्द्रको निरीक्षण गर्नुहुँदै



Contact Tracing Team बाट प्राप्त Data सहितको GIS Map को समिक्षा कार्यक्रम

"स्वच्छ, सफा, समृद्ध, सुन्दर - महालक्ष्मी नगर"

"Clean, Green, Prosperous, Full of Beauty- Mahalaxmi Municipality"

# महालक्ष्मी नगरपालिका

ललितपुर, बागमती प्रदेश, नेपाल

फोन नं. ०१-५२०३५९२, ५२०१६३३, ५२०१७३३

Email: mahalaxmimum@gmail.com, info@mahalaxmimun@gov.np

Website: www.malaxmimun.gov.np